सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ मंसिर २०८३, सोमबार (23 Nov 2026, Monday) ■ नेपाल संवत् ११४७ ■ वर्ष २० ■ अंक २१२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

स्थानीय र प्रदेश सभा निर्वाचनको मितिबारे दुई धार



सत्तारूढ रास्वपा दुवै निर्वाचन एउटै मितिमा गर्ने पक्षमा, विपक्षी दलहरू फरक मितिमा गर्नुपर्ने अडानमा

अयोध्याको रेल आज जनकपुर आइपुग्ने, स्वागतको तयारी



मंगलबार बिहान ९:२५ बजे जनकपुरधाम आइपुग्ने रेल तीन घण्टापछि पुनः अयोध्याका लागि प्रस्थान गर्ने

१७ डिब्बाको रेल जनकपुरधामबाट प्रत्येक शनिबार र अयोध्या क्यान्टबाट प्रत्येक सोमबार सञ्चालन गर्ने तयारी

(विस्तृत पृष्ठ ३)

देउवा नियतवश फसे कि नियतिले फसायो ?



अग्रलेख

● सुदर्शन आचार्य

जीवनको उत्तरार्द्धमा समेत सिंगो कांग्रेससँगै लोकतन्त्रलाई पनि कमजोर बनाउने खेलमा नियतिले देउवालाई डोहोऱ्याइरहेको छ

(पृष्ठ ४)

■ प्रधानमन्त्री शाह दिल्लीमा

के-केमा हुँदै छ समझदारी र सहकार्य ?

६६९ मेगावाटको तल्लो अरुणको दिल्लीबाटै आज शिलान्यास

९२ अर्ब ६७ करोड ७९ लाख लागत अनुमानको आयोजना प्रधानमन्त्री शाह र भारतीय समकक्षी नरेन्द्र मोदीले नयाँदिल्लीबाट स्विच थिचेर शिलान्यास गर्ने



लगानी बोर्डका सूचना अधिकारी मनोज रेग्मीले प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणका अवसरमा तल्लो अरुण जलविद्युत्को शिलान्यास हुन लागेको बताए। 'तल्लो अरुण जलविद्युत्को शिलान्यास हुन लागेको छ। तर, आधिकारिक पत्र आएको छैन,' उनले भने। (विस्तृत पृष्ठ ६)

नयाँ दिल्लीमा **पर्शुराम काफ्ले**

नेपाल-भारत सम्बन्धलाई पूर्वाधार, ऊर्जा र आर्थिक सहकार्यका नयाँ परियोजनामार्फत थप विस्तार गर्ने एजेन्डासहित प्रधानमन्त्री बालेन्द्र शाहले सोमबार भारतीय समकक्षी नरेन्द्र मोदीसँग उच्चस्तरीय वार्ता गर्दै छन्। भारतको दुईदिने राजकीय भ्रमणमा रहेका शाह र मोदीबिचको भेटमा हवाई रुट अनुमति, करिब दुई अर्ब भारतीय रुपैयाँको आर्थिक सहायता तथा व्यापार, पारवहन र लगानी विस्तारका विषयमा सहमति हुने अपेक्षा छ।

दुई प्रधानमन्त्रीको भेटमा दुई देशबिच सम्पर्क सञ्जाल विस्तार तथा ऊर्जा सहकार्यसम्बन्धी विभिन्न सम्पन्न परियोजनाको उद्घाटनसँगै नयाँ परियोजनाको शिलान्यास गर्ने कार्यक्रम छ। कार्यतालिकाअनुसार अयोध्या-जनकपुर रेलमार्गको शुभारम्भ हुनेछ। नेपाल प्रहरी एकेडेमी, एकीकृत जाँच चौकीहरू तथा निर्माण सम्पन्न भएका परियोजनाको उद्घाटन हुनेछ। अमलेखगन्जदेखि चितवनसम्मको पेट्रोलियम पाइपलाइन परियोजनालगायत महत्त्वपूर्ण परियोजनाको शिलान्यास हुनेछ। सूचना प्रविधि, बन्दरगाहलगायत नयाँ क्षेत्रमा सहकार्यसम्बन्धी

» पृष्ठ २ मा क्रमशः



प्रधानमन्त्री बालेन्द्र शाहसँग भारतीय विदेशमन्त्री एस जयशंकरले होटेल ताजमहलमा पुगेर शिष्टाचार भेट गरेका थिए। प्रधानमन्त्रीको प्रतिनिधिमण्डल ताजमहल होटेलमा बसेको छ। २० मिनेट भएको भेटवार्तामा विशेष गरी कनेक्टिभिटी, व्यापार, पारवहन तथा वाणिज्य, ऊर्जा, शिक्षा र जनस्तरको सम्बन्धलगायतका क्षेत्रमा सहकार्यबारे छलफल भएको प्रधानमन्त्री कार्यालयले जनाएको छ।

दुई प्रधानमन्त्रीबिच आज यसरी हुँदै छ वार्ता

दुई प्रधानमन्त्रीबिच सोमबार बिहान १० बजे राष्ट्रपति भवनमा पहिलो भेटवार्ता हुनेछ। प्रधानमन्त्री शाहलाई राष्ट्रपति भवनमा गार्ड अफ अनर दिने कार्यक्रममा राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री मोदी सहभागी हुनेछन्। त्यसपछि ११ बजेर ५ मिनेटमा हैदराबाद हाउसको नीलगिरि हलमा प्रधानमन्त्रीसहित सात-सातजना सहभागी हुने वार्ता हुनेछ। यसलाई 'रेस्ट्रिक्टेड फर्म्याट मिटिङ' भनिएको छ। त्यसपछि दुई प्रधानमन्त्री हैदराबाद हाउसको शिवालिक होल्डिङ रुमको विनय हलमा जानेछन्, जहाँ प्रधानमन्त्री मोदीले समकक्षी शाहलाई 'नेसनल मास्टरप्लान फर मल्टी मोडल कनेक्टिभिटी'को प्रस्तुतीकरण दिनेछन्। उनीहरूबिच ११:५० म गिरनर हलमा प्रतिनिधिमण्डलस्तरीय भेट हुनेछ। त्यहाँ दुवै पक्षबाट प्रधानमन्त्रीबाहेक १५-१५ जना सहभागी हुनेछन्। त्यसपछि उनीहरू कैलाश हलमा सहभागी हुनेछन् जहाँबाट भारतीय सहयोगमा निर्मित परियोजनाहरूको शिलान्यास हुनेछ। भारतीय सहयोगमा निर्माण भएका २१ परियोजनाको रिमोट एवं विद्युतीय उद्घाटन हुनेछ। हस्ताक्षर भएका समझदारीपत्रहरूको आदान-प्रदानसमेत हुनेछ। त्यसपछि सञ्चारमाध्यमलाई दुवै प्रधानमन्त्रीले सम्बोधन गर्नेछन्। दुई प्रधानमन्त्रीबिच एकान्त वार्ताको पनि सम्भावना छ। तर, तय भइसकेको छैन। प्रधानमन्त्री शाहले द्विपक्षीय वार्तापछि राष्ट्रपति मुर्मूसँग भेटवार्ता गर्नेछन् र सोमबारै स्वदेश फर्किनेछन्।



स्थापित कूटनीतिक परम्परा र अभ्यास 'ब्रेक' गर्दै भ्रमणमा प्रधानमन्त्री

राष्ट्रिय परामर्श, औपचारिक बिदाइ र सैनिक सम्मानविनै आफ्नै रोजाइको 'ब्ल्याक ड्रेस' कोडमा नयाँदिल्ली पुगेका प्रधानमन्त्रीको व्यवहार र शैलीमाथि पक्ष-विपक्षमा टिप्पणी

शुरोजंग पाण्डे/नयाँ पत्रिका

स्थापित कैयौं परम्परा तोड्दै प्रधानमन्त्री बालेन्द्र शाह दुईदिने राजकीय भ्रमणमा आइतबार अपराह्न नयाँदिल्ली पुगेका छन्। भ्रमणका कार्यसूची र उपलब्धि के होला भन्ने चासोसँगै प्रधानमन्त्रीले तोडेका अभ्यास र अपनाएको शैली पनि उत्तिकै चर्चामा छन्।

दुई मन्त्री र प्रमुख सल्लाहकारसहित ३५ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री शाह नेपाल वायुसेवा निगमको नियमित उडानबाट नयाँदिल्ली पुगेका छन्। तर, छिमेकी मुलुकको भ्रमणअघि राष्ट्रपतिसँग भेटेर शिष्टाचार परामर्श गर्ने, संसद् र प्रमुख प्रतिपक्षी दलसहित संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दल तथा पूर्वप्रधानमन्त्रीहरूसँग छलफल गर्ने र कूटनीतिज्ञहरूबाट सुझाव लिने स्थापित परम्परा र अभ्यासमा चासो राखेनन्।

यस्तै, राष्ट्रिय परामर्श, औपचारिक बिदाइ र सैनिक सम्मानविनै आफ्नै रोजाइको 'ब्ल्याक ड्रेस' कोडमा नयाँदिल्ली पुगेका प्रधानमन्त्रीको व्यवहार र शैलीमाथि पक्ष-विपक्षमा टिप्पणी भइरहेका छन्। प्रधानमन्त्रीको बिदाइमा उनकै रोजाइमा सडकजाम र तामझाम थिएन।

कूटनीतिक मामिलाका जानकारले प्रधानमन्त्रीले तोडेको परम्परा र अभ्यासमाथि ठोस प्रतिक्रिया दिन रुचाएका छैनन्। 'एक-दुई दिनपछि नतिजा आउला, के-के भइरहेको छ भन्ने सञ्चारमाध्यमबाटै हेरिरहेका छौं-पढिरहेका छौं। अहिले नै प्रतिक्रिया दिन हतारो होला,' भारतका लागि नेपालका पूर्वराजदूतसमेत रहेका कूटनीतिज्ञ डा. भेषबहादुर थापाले भने, 'भ्रमण पूरा हुन त दिनुस्, नबुझीकन गाह्रो हुन्छ, अहिलेलाई दर्शक भएरै हेर्नौं।'

कांग्रेसका वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले राष्ट्रिय हितलाई बलियो बनाउनका लागि आवश्यक गृहकार्य र परामर्श गरेर मात्र गरिने स्थापित मान्यता नै खण्डित हुने गरी प्रधानमन्त्रीको भ्रमण भएकोमा असन्तुष्टि जनाएका छन्।

'प्रधानमन्त्री कुनै एक दल वा सरकारको मात्र होइन, सम्पूर्ण राष्ट्रको प्रतिनिधित्व गर्दै भारत भ्रमणमा जाँदै हुनुहुन्छ। राष्ट्रिय हितका विषयमा जति व्यापक परामर्श र साझा समझदारी निर्माण हुन्छ, अन्तर्राष्ट्रिय मञ्चमा नेपालको अडान त्यति नै बलियो हुन्छ, तर दुर्भाग्यवश यो गहिरो वास्तविकता सरकारले आत्मसात्

» पृष्ठ २ मा क्रमशः

नेपालको १०० एकदिवसीय खेल पूरा

युएई ६ विकेटले पराजित



१ अगस्ट २०१८ मा नेपालले पहिलो एकदिवसीय खेल नेदरल्यान्ड्ससँग खेलेको थियो।

आठ वर्षको यात्राका क्रममा नेपालले ५० जित र ४७ हारको सामना गरेको छ। यसक्रममा दुई खेल नो रिजल्ट र एक खेल टाई भएको थियो।

नेपालले चारपटक एकदिवसीय विश्वकप क्वालिफायर खेलेको छ।

(विस्तृत पृष्ठ ८)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कर्जा दुरुपयोगको अनुसन्धानमा तानिए बागमतीका पूर्वमुख्यमन्त्री बानियाँ

पक्राउ पुर्जी जारी, तर प्रहरीले भने भेट्टाएन बानियाँ !

काठमाडौं/ ३८ करोड रुपैयाँ कर्जा दुरुपयोग अनुसन्धानमा बागमतीका पूर्वमुख्यमन्त्री तथा कांग्रेस नेता इन्द्र बानियाँ तानिएका छन्। उनका छोरा र भतिजलाई प्रहरीले पक्राउ गरेको छ। उनीविरुद्ध पनि अदालतले पक्राउ पुर्जी जारी गरेको छ।



पूर्वमुख्यमन्त्री बानियाँ

उनका छोरा दीक्षान्त बानियाँलाई गत १७ कात्तिकमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेको हो। त्यस्तै, भतिज ऋषि बानियाँ पनि पक्राउ परेका छन्। कर्जा दुरुपयोग गरिएका कम्पनीको सञ्चालक इन्द्रबहादुर पनि भएकाले उनलाई समेत पक्राउ गर्न पक्राउ पुर्जी लिइएको सिआइबीका एक अधिकारीले बताए। तर, छोरा पक्राउ परेयता नै उनी सार्वजनिक कार्यक्रममा सहभागी भएका छैनन्।

राष्ट्र बैंकको पत्रका आधारमा बानियाँको परिवार र उनका कम्पनीमाथि सिआइबीले अनुसन्धान थालेको छ। भूगर्व सिमेन्ट कम्पनीको नाममा उनीहरूले लिएको कर्जा अन्य कम्पनीमा लगानी गर्नुका साथै सेयर खरिदमा प्रयोग गरेको अनुसन्धानमा खुलेको छ।

चार बैंकबाट उनले ३८ करोड कर्जा लिएर अन्यत्र खर्च गरेको सिआइबी स्रोत बताउँछ। कर्जा चुक्ता गरे पनि उद्देश्यविपरीत खर्च गरेको देखिएपछि उनीविरुद्ध बैंकिङ कसुर मुद्दामा अनुसन्धान भएको हो। सर्वोच्च अदालतले उद्देश्यविपरीत कर्जा रकम खर्च भएमा त्यो बैंकिङ कसुर हुने फैसला गरिसकेको छ।

'मलाई देख्नुभो ?'



ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइत सम्मिलित चिकित्सक टोलीले ताप्लेजुङ सदरमुकाम फुङलिङमा सञ्चालन गरेको निःशुल्क आँखा शिविरमा शल्यक्रियापछि ६८ जनाले पुनः संसार देखेका छन्। गुमेको ज्योति फर्काईदिएपछि डा. रुइतले उनीहरूसँग भलाकुसारी गरेका थिए। नेत्र ज्योति संघ ताप्लेजुङका उपाध्यक्ष खगेन्द्र अधिकारीका अनुसार शिविरको पहिलो दिन ३५६ जनाको आँखा परीक्षण गरिएको छ। दुर्गम गाउँबस्तीबाट समेत आँखासम्बन्धी समस्या लिएर सर्वसाधारणहरू उपचारका लागि फुङलिङमा सञ्चालित शिविरमा आई शल्यक्रिया गराएका छन्।

डेढ वर्षमा पनि टुंगिएन दुई न्यायाधीशमाथिको छानबिन



खुसीप्रसाद थारू



अर्जुन महर्जन

काठमाडौं/ जिउँदै मान्छेलाई इँटाभट्टामा जलाएको अभियोग लागेका कांग्रेस नेता अफताब आलम (हाल दिवंगत)लाई प्रभावित भई सफाइ दिएको आरोप लागेका न्यायाधीशहरू खुसीप्रसाद थारू र अर्जुन महर्जनमाथिको छानबिन डेढ वर्षसम्म पनि टुंगो लागेको छैन। न्यायपरिषद्को ढिलासुस्तीले कारबाहीमा विलम्ब भएको हो।

परिषद्ले ५ असार ०८२ मा उनीहरूको

» पृष्ठ २ मा क्रमशः

स्वास्थ्य बिमाको असफल तस्बिर

बिमामा आबद्ध भएकाहरूको नवीकरणमा असोचनीय अनिच्छाले स्वास्थ्य बिमाको प्रभावकारितामा गम्भीर प्रश्न

७० वर्ष पूरा भएका ज्येष्ठ नागरिकलाई बिमा शुल्क लाग्दैन, एक लाखबराबरको छुट्टै सुविधा

शिवहरि घिमिरे/नयाँ पत्रिका

हरेक नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गराएर स्वास्थ्यमा आमनागरिकको पहुँच विस्तार गर्ने सरकारले लक्ष्यलाई एक दशकको तथ्यांकले असफल साबित देखाएको छ। बिमामार्फत हुने उपचारको दायरा खुम्च्याउनु, निजी अस्पतालका ओपिडीमा बिमा लागू नहुनु, सेवा प्रदायक अस्पताल सहरकेन्द्रित हुनु, बिमाका नाममा अनियमितता बढ्नुलगायतका कारण यो असफलताको बाटोमा देखिएको हो।

औपचारिक सुरुवात भएको ०७२/७३ देखि ०८१/८२ सम्मको तथ्यांक हेर्दा स्वास्थ्य बिमामा जोडिएकाहरूले नवीकरणमा असोचनीय अनिच्छा देखाएको स्पष्ट तस्बिर देखिन्छ। पछिल्ला हरेकजसो वर्ष अघिल्ला वर्ष क्रियाशील बिमितमध्ये दुईतिहाइले नै नवीकरण नगरेको स्वास्थ्य बिमा बोर्डको तथ्यांकले देखाउँछ। नवीकरण नगरेका कतिपय बिमित एक वा एकभन्दा

» पृष्ठ २ मा क्रमशः



● न्यूनतम ३५०० रुपैयाँको स्वास्थ्य बिमाबापत एक परिवारका पाँच सदस्यले एक लाखबराबरको उपचार निःशुल्क पाउँछन्। तर, यसमा ओपिडीका लागि २५ हजारको मात्रै सीमा तोकिएको छ। ओपिडीमा चिकित्सक र ल्याब जाँच तथा औषधिसमेतमा २५ हजारसम्मको खर्च बिमाले व्यहोर्छ। बाँकी ७५ हजार इमर्जेन्सी र शल्यक्रियाका लागि छुट्याइएको छ।

इमर्जेन्सीमार्फत भर्ना भएका तथा शल्यक्रिया गर्नुपर्ने बिरामीले विभिन्न ल्याब जाँच तथा औषधिलगायतमा ७५ हजारसम्मको निःशुल्क उपचार पाउँछन्। पाँच सदस्यमध्ये एउटै सदस्यको उपचारमा बिमाको रकम सकिए अन्यले उपचार गर्दा बिमाको सुविधा पाउँदैनन्। बिमाको अवधि एक वर्षको हुन्छ।

■ एकै वर्ष ८ लाख १२ हजारसम्मले गराएनन् नवीकरण

आ.व.	कुल बिमित	नवीकरण	छाडेका	नयाँ	पुनः प्रवेश
०७२/०७३	२,२२२	-	-	२,२२२	-
०७३/०७४	९९,००१	६७३	१,५४९	९८,३२८	-
०७४/०७५	१०,३२,८६१	५५,६२९	३७,९५५	९,७१,८१५	५,४१७
०७५/०७६	१५,६६,३२०	५,४४,७९८	३,९४,०७७	९,२७,५३६	९३,९८६
०७६/०७७	२२,०८,९७२	७,९२,३६६	५,२०,७४७	११,६३,३९९	२,५३,२०७
०७७/०७८	३३,८५,७५०	१५,२७,८१६	२,००,९३०	१३,७७,७०८	४,८०,२२६
०७८/०७९	४३,०९,६४९	२४,३२,५७७	४,९२,२६१	१४,१६,१६०	४,६०,९१२
०७९/०८०	४५,९७,५७०	२८,६४,१७४	८,१२,८२३	११,००,७४४	६,३२,६५२
०८०/०८१	५१,७८,९३८	३१,४१,१७३	६,४१,१०१	१२,२२,४६९	८,१५,२९६
०८१/०८२	५९,७०,४०३	३७,१२,७१६	४,३६,५२२	१२,२७,९८७	१०,२९,७००

०८२/८३ को साउनयता असोजसम्म एक लाख ४८ हजार ४४४ बिमित थपिएका छन्

■ नयाँ दर्ता हुने बढे पनि नवीकरण र सेवा लिनेको संख्या घट्दो



विकेश मल्ल

स्वास्थ्य बिमा बोर्डका अनुसार सुरुदेखि हालसम्म कुल एक करोड ८ लाख ८ हजार ३२८ जना स्वास्थ्य बिमामा जोडिएका छन्, जुन कुल जनसंख्याको ३६ प्रतिशत हो। तर, हरेक वर्षका तथ्यांकले प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने स्वास्थ्य बिमामा निरन्तरता दिने बिमित घटिरहेको देखाउँछ। नयाँ दर्ता हुने बढे पनि नवीकरण गर्ने र सेवा लिनेको संख्या निरन्तर घटेकाले स्वास्थ्य बिमा प्रभावकारी हुन नसकेको देखिन्छ। स्वास्थ्य बिमा बोर्डका सूचना अधिकारी विकेश मल्ल बिमामा आबद्ध हुनेको संख्या कम हुँदै गएको स्विकार्छन्। 'बिमामा आबद्ध हुनेको संख्या कम हुँदै गएपछि अनलाइनबाट सहज होस् भनेर सेवा सुरु गरिएको थियो, तर अनलाइनमा पनि त्यति धेरै आकर्षण देखिएको छैन,' उनले भने, 'विदेश वा टाढा बस्नेहरूका लागि पनि आबद्ध हुन सहज होस् भनेर अनलाइन सेवा लागू भएको हो, तर प्रचारप्रसारको कमीले हो कि खासै आबद्धता छैन।'

पारिवारिक रूपमा आबद्ध हुने क्रम बढ्दो

हाल स्वास्थ्य बिमामा आबद्ध हुनेमध्ये अधिकांश पारिवारिक रूपमै जोडिएका छन्। तीन हजार पाँच सय रुपैयाँ तिरेर एकैघरका पाँचजनासम्म आबद्ध हुन पाउँछन्। त्यसभन्दा बढी परिवार संख्या भए थप बिमा गर्नुपर्ने हुन्छ। हाल इ-पोर्टलबाट पनि स्वास्थ्य बिमामा जोडिन सक्ने सुविधा बोर्डले ल्याएको छ। यसबाहेक स्थानीय तहसँग समन्वय गरेर वडा तथा पालिकाहरूबाट बिमामा जोड्नका लागि मध्यस्थकर्ता राख्ने गरिएको छ। उनीहरूले स्वास्थ्य बिमा गर्नका लागि सहजीकरण गर्ने गर्छन्।

सर्भर डाउन हुने समस्या समाधान भएको बोर्डको दाबी

बोर्डले स्वास्थ्य बिमाको सर्भर अब डाउन नहुने दाबी गरेको छ। 'बोर्डको मुख्य सर्भर बोर्डसँगै छ, यो सर्भर अहिले व्यवस्थित छ, अस्पतालहरूको सफ्टवेयरमा चाहिँ कुनै-कुनै वेला समस्या आउन सक्छ, तर हामीले त्यसलाई व्यवस्थित गर्न अस्पतालहरूलाई पनि अनुरोध गर्दै आइरहेका छौं,' बोर्डका सूचना अधिकारी मल्लले भने, 'अस्पतालको इन्टरनल सफ्टवेयर पनि बिग्रिरहन्छ भने अस्पताल जिम्मेवार हुनुपर्छ, किनभने त्यसले बिमामा उपचार गराउने बिरामीलाई तनाव दिन्छ।'

के-केमा हुँदै छ...

पृष्ठ १ बाट क्रमशः

समझदारीपत्र आदान-प्रदान हुनेछन् ।

दिल्लीस्थित कूटनीतिक अधिकारीहरूका अनुसार नेपालले मागेको हवाई रुट दिन भारत सैद्धान्तिक रूपमा तयार भएको छ । यसबारे आइतबार साँझसम्म पनि दुवै पक्षका प्राविधिक टोलीबिच छलफल भइरहेको थियो । प्रधानमन्त्रीका एक निकटस्थले भने, 'हवाई रुट अनुमतिका विषयमा करिब-करिब सहमति भएको छ । केही प्राविधिक विषय मात्रै बाँकी छन्, त्यो टुंगिहाल्छ ।'

नेपालले हवाई रुट अनुमति दिएर भारतलाई आफूलाई ट्रान्जिट रुटका रूपमा विकास गर्नुपर्ने नेपाली अधिकारीहरूले बताएका छन् । हवाई रुट अनुमतिका विषयमा दिल्लीमै रहेर संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडक पौडेलले पहल गरिरहेको ती अधिकारीले बताए ।

'हवाई अनुमति दिने सन्दर्भमा हामीले भनेका छौं कि नेपालले लिन खोजेको होइन, दिन लागेको हो । भारतलाई पारगमन विन्दु बनाउँदा हुने फाइदाका लागि बाटो खोल्न खोजेका छौं,' ती अधिकारीले भने । यससम्बन्धी घोषणा सोमबार प्रधानमन्त्रीस्तरमा हुनेछ ।

नेपाललाई भारतले करिब दुई अर्ब भारतीय रुपैयाँको आर्थिक सहायता दिने टुंगिएको कूटनीतिक अधिकारीले बताए । यसमध्ये एक अर्ब रुपैयाँ सहुलियत ऋण, ५० करोड रुपैयाँ भोटेकोशी बाढी प्रभावित क्षेत्रको पुनर्स्थापनामा तथा बाँकी ५० करोड रुपैयाँ पोखरा-बुटवल फास्ट ट्र्याक निर्माणलगायत परियोजनाका लागि भारतले अनुदान दिने गरी करिब टुंगिएको उनले बताए ।

अधिकारीहरूले जनाएअनुसार दुई प्रधानमन्त्रीको वार्तामा व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल तथा पूर्वाधार विकासलगायत क्षेत्रमा आर्थिक सहकार्य अभिवृद्धि गर्ने विषयमा छलफल हुनेछ । शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपत् व्यवस्थापन र मानव संसाधन विकासजस्ता विषय समेटिएका विभिन्न समझदारीपत्र (एमओयू) समेत आदान-प्रदान हुनेछन् ।

दुई प्रधानमन्त्रीले नेपाल-भारत सम्बन्धका सम्पूर्ण पक्षको समीक्षा गर्नेछन् । व्यापार तथा वाणिज्य, विकास साझेदारी, ऊर्जा तथा जलस्रोत र भौतिक तथा डिजिटल कनेक्टिभिटीलगायत विषयमा छलफल हुनेछ ।

यस्तै, दुई देशबिच स्टार्टअप, प्रविधि तथा नवप्रवर्तन र खेलकुदजस्ता नयाँ क्षेत्रमा सहकार्य विस्तारबारे पनि कुराकानी हुनेछ । सडक, रेल, हवाई कनेक्टिभिटी, पेट्रोलियम पाइपलाइन, एकीकृत जाँच चौकी, सूचना प्रविधि, स्टार्टअप, जलविद्युत् तथा ऊर्जा, स्वास्थ्य, शिक्षा, सुशासन र विकास सहायताका क्षेत्रमा सहकार्यसम्बन्धी सम्झौता हुनेछन् ।

यसबाहेक दुई प्रधानमन्त्रीले सोमबार जनकपुर-अयोध्या रेल सेवा, भैरहवा-सुनौली एकीकृत जाँच चौकी, दार्चुलामा महाकाली पुल र काभ्रेमा निर्मित नेपाल प्रहरी एकेडेमीको संयुक्त उद्घाटन गर्नेछन् । त्यसैगरी, दोधारा चाँदनी एकीकृत जाँच चौकी, अमलेखगन्जदेखि चितवनसम्म पेट्रोलियम पाइपलाइन परियोजना र सिलिगुडी-चारआली परियोजनाको भर्चुअल शिलान्यास हुनेछ ।

नेपाल-भारत वाणिज्य सन्धि पुनरवलोकन, एआई तथा सूचना प्रविधिमा सहकार्य, नेपाल-भारत सीमापार ग्यास पाइपलाइन, क्रिकेट रंगशाला तथा नेपाली खेलाडीहरूलाई तालिम र भारतीय शैक्षिक संस्थान आइआइएम तथा आइआइटीका नेपालमा शाखा सञ्चालनलगायतमा सहकार्यको घोषणा हुनेछ ।

यस्तै, विपत्पूर्व तयारीमा सहकार्य, अप्टिकल फाइबरको गुणस्तर वृद्धि, दुई देशका राजधानीबाहेकका सहरबिच हवाई कनेक्टिभिटी विस्तार, थप पुल तथा सडक निर्माणमा भारतीय सहयोगलगायत एजेन्डामा पनि सहकार्यको घोषणा हुने अधिकारीहरूले जनाएका छन् ।

'यसपालि आर्थिक सहकार्यका धेरै विषय सार्वजनिक हुनेछन् । परिणाम देखिने गरी सम्भव हुने परियोजना गरौं, सम्भव नहुने परियोजना नगरौं भन्नेमा नेपाल र भारतका नेतृत्व सहमत छन्,' नेपाली अधिकारीले भने, 'परियोजना निर्माणका विषयमा राजनीतिक तहमा सैद्धान्तिक सहमति गर्ने र प्रक्रियागत रूपमा कर्मचारीतन्त्रलाई पनि राजनीतिक तहबाटै सहजीकरण गर्नुपर्ने नेपालको प्रस्ताव हुनेछ ।

अपराह्न दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा प्रधानमन्त्री शाहलाई भारतका वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसाद, भारतका लागि नेपालका राजदूत डा. निश्चलनाथ पाण्डे, नेपालका लागि भारतका राजदूत सुधाकर दलेला, भारतको विदेश मन्त्रालयका अतिरिक्त सचिव (उत्तर) मनु महावर एवं भारतको विदेश मन्त्रालय र नयाँदिल्लीस्थित नेपाली राजदूतावासका वरिष्ठ अधिकारीहरूले स्वागत गरेका छन् ।

प्रधानमन्त्रीसँग जयशंकरको २० मिनेट भेटवार्ता, कनेक्टिभिटीदेखि क्रिकेटबारे छलफल

नयाँदिल्ली आएकै दिन प्रधानमन्त्री बालेन्द्र शाहसँग आइतबार साँझ भारतीय विदेशमन्त्री डा. एस जयशंकरले शिष्टाचार भेट गरेका छन् । जयशंकरले परराष्ट्रमन्त्री शिशिर खनालसँग पनि बेग्लै भेटवार्ता गरेका छन् । प्रधानमन्त्री शाहसँग भारतीय विदेशमन्त्री जयशंकरले होटेल ताजमहलमा पुगेर शिष्टाचार भेट गरेका थिए । प्रधानमन्त्रीको प्रतिनिधिमण्डल ताजमहल होटेलमा बसेको छ । २० मिनेट भेटवार्तामा सम्बन्धको आर्थिक पक्षमा भएका प्रगतिदेखि क्रिकेटबारे छलफल भएको छ ।

भेटमा सहभागी एक अधिकारीका अनुसार क्रिकेटमा नेपाल-भारतबिच सहकार्य हुनुपर्ने प्रधानमन्त्रीको भनाइ थियो । भारतीय विदेशमन्त्री जयशंकरले सहकार्यका प्रक्रियागत पक्षबारे चर्चा गरे । प्रधानमन्त्री शाहले 'सहकार्यको नीतिगत कुरामा जाऊँ न, प्रक्रिया त मिलिहाल्छ नि' भनेको र त्यसमा जयशंकरले सहमति जनाएको ती अधिकारीले बताए ।

प्रधानमन्त्री कार्यालयले शिष्टाचार भेटबारे भनेको छ, 'नेपाल-भारत सम्बन्धका विविध पक्ष, विशेष गरी कनेक्टिभिटी, व्यापार, पारवहन तथा वाणिज्य, ऊर्जा, संस्कृति, शिक्षा र जनस्तरको सम्बन्धलगायत क्षेत्रमा सहकार्यबारे छलफल भएको छ । उहाँहरूले द्विपक्षीय सहकार्यलाई थप सुदृढ बनाउने विषयमा समेत कुराकानी गर्नुभएको छ ।'

भेटपछि भारतीय विदेशमन्त्री जयशंकरले नेपालसँग विशेष मित्रतालाई भारतले उच्च महत्त्व दिएको टिप्पणि गरे । उनले भेटवार्तापछि एक्समा लेखेका छन्, 'नेपालका प्रधानमन्त्री शाहसँग भेवार्ता गर्न पाउनु मेरो सौभाग्य हो । भारत नेपालसँगको विशेष मित्रतालाई उच्च महत्त्व दिन्छ । भोलि (सोमबार) प्रधानमन्त्री नरेन्द्र मोदीसँग हुने उहाँको भेटघाट कार्यक्रमहरूलाई लिए उत्सुक छु ।'

भेटमा नेपाली पक्षबाट प्रधानमन्त्रीसँगै उनका राजनीतिक सल्लाहाकर असिम शाह, परराष्ट्रसचिव अमृतबहादुर राई, नेपाली राजदूत डा. निश्चलनाथ पाण्डे, परराष्ट्रको दक्षिण एसिया महाशाखा प्रमुख गेहेन्द्रराज भण्डारी, नियोग उपप्रमुख डा. सुरेन्द्र थापालगायत थिए । भारतीय पक्षबाट विदेशसचिव विक्रम मिश्री, नेपालका लागि राजदूत सुधाकर दलेला, नेपाल र भुटान डिभिजन प्रमुख अतिरिक्त सचिव मनु महावरलगायत थिए ।

यस्तो छ प्रधानमन्त्री शाहको दिल्ली भेटवार्ताको रूपरेखा

भारतको दुईदिने राजकीय भ्रमणमा आइतबार अपराह्न नयाँदिल्ली आइपुगेका प्रधानमन्त्री बालेन्द्र शाह र समकक्षी नरेन्द्र मोदीबिच सोमबार औपचारिक भेटवार्ता हुँदै छ । दुई प्रधानमन्त्रीबिच दुई ११:५ देखि १२:३५ सम्म वार्ताका क्रममा एकान्त वार्ता पनि गर्न सक्ने सम्भावना छ । तर, औपचारिक जानकारी दिइएको छैन ।

तर, दुई प्रधानमन्त्रीबिच सोमबार बिहान १० बजे राष्ट्रपति भवनमा पहिलो भेटवार्ता हुनेछ । प्रधानमन्त्री शाहलाई राष्ट्रपति भवनमा गार्ड अफ अनर दिने कार्यक्रममा राष्ट्रपति द्रौपदी मुर्मू र प्रधानमन्त्री मोदी सहभागी हुनेछन् ।

सोमबार सुरुमा बिहान ११ बजेर पाँच मिनेटमा हैदराबाद हाउसको नीलगिरि हलमा प्रधानमन्त्रीसहित सात-सातजना सहभागी हुने वार्ता हुनेछ । यसलाई 'रेस्ट्रिक्टेड फर्म्याट मिटिङ' भनिएको छ ।

यो भेटवार्तामा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार कुमार बेन वा राजनीतिक सल्लाहकारमध्ये एकजना, परराष्ट्रसचिव अमृतबहादुर राई र नेपाली राजदूत डा. निश्चलनाथ पाण्डे सहभागी हुनेछन् । साथै नोट टेकरका रूपमा परराष्ट्रका सहसचिव गेहेन्द्रराज भण्डारी र प्रधानमन्त्रीका निजी सचिव प्रदीप परियार पनि रहनेछन् ।

त्यसपछि दुई प्रधानमन्त्री हैदराबाद हाउसको शिवालिक हलमा जानेछन् । त्यहाँ प्रधानमन्त्री मोदीले समकक्षी शाहलाई 'प्रधानमन्त्री गति शक्ति नेसनल मास्टर प्लान फर मल्टिमोडल कनेक्टिभिटी'को प्रस्तुतीकरण दिनेछन् । उनीहरूबिच ११:५० बजे गिरनर हलमा प्रतिनिधिमण्डलस्तरीय भेट हुनेछ, जहाँ प्रधानमन्त्रीबाहेक १५ जना सहभागी हुनेछन् । भारतीय पक्षबाट पनि सोही संख्यामा सहभागी हुनेछन् ।

त्यसपछि उनीहरू कैलाश हलमा सहभागी हुनेछन्, जहाँ भारतीय सहयोगमा निर्मित परियोजनाहरूको शिलान्यास हुनेछ । भारतीय सहयोगमा निर्माण भएका २१ परियोजनाको रिमोट एवं विद्युतीय उद्घाटन हुनेछ ।

हस्ताक्षर भएका समझदारीपत्रहरूको आदान-प्रदानसमेत हुनेछ । त्यसपछि सञ्चारमाध्यमलाई दुवै प्रधानमन्त्रीले सम्बोधन गर्नेछन् । सुरुमा भारतीय प्रधानमन्त्रीले सम्बोधन गर्नेछन् र त्यसपछि नेपाली प्रधानमन्त्रीले सम्बोधन गर्ने कार्यक्रम छ । प्रधानमन्त्री भएपछि शाहले सञ्चारमाध्यमलाई पहिलोपटक सम्बोधन गर्न लागेका छन् ।

अरू कार्यक्रम सकिएपछि शाहले भारतीय राष्ट्रपति मुर्मूसँग भेटवार्ता गर्नेछन् । त्यसपछि सोमबारै प्रधानमन्त्री शाह स्वदेश फर्किनेछन् ।

स्थापित कूटनीतिक...

पृष्ठ १ बाट क्रमशः

गर्न सकेन,' शर्माले भनेका छन्, 'यद्यपि, सरकारको यस कमजोरीलाई हामी प्रधानमन्त्रीको भ्रमणको सम्भावित विषयवस्तुसँग जोडेर हेर्न चाहँदैनौं । सरकारसँग हाम्रो विविध असहमति हुन सक्छ, तर नेपालको राष्ट्रिय हित र मित्रराष्ट्र भारतसँगको सम्बन्ध सुदृढ बनाउने विषयमा हाम्रो प्रतिबद्धता प्रधानमन्त्रीको साथमा स्पष्ट र अटल छ ।'

उनले सल्लाह नगरिएकै कारण पार्टीले विज्ञहरूसँग परामर्श गरेर आवश्यक तयारी गरे पनि सरकारलाई सुझाव दिन उचित नठानेकोसमेत विज्ञप्तिमा प्रस्ट्याएका छन् । 'प्रधानमन्त्रीको भ्रमणलाई सकारात्मक बल पुऱ्याउने हाम्रो योजना र तत्परता थियो । तर, सरकारले प्रमुख प्रतिपक्ष, अन्य दल एवं विषयविज्ञहरूसँग परामर्श गर्न आवश्यक ठानेन,' विज्ञप्तिमा छ, 'राष्ट्रिय महत्त्वको भ्रमणअघि राष्ट्रको साझा धारणा निर्माण गर्ने स्थापित लोकतान्त्रिक अभ्यासलाई निरन्तरता दिनसमेत आवश्यक ठानेन । त्यसैले नेपाली कांग्रेसले पनि सरकारले नमागेको औपचारिक सुझाव आफैं अघि सारिरहन उचित ठानेन ।'

यस्तै मान्यताहरू भत्काएकोप्रति एमाले नेता विष्णु रिजालले पनि असन्तुष्टि जनाएका छन् । 'भ्रमणपूर्व राष्ट्रपतिदेखि संसद्मा रहेका दलहरूसँग कसैसँग पनि कुनै छलफल र परामर्श भएन । कूटनीतिमा निरन्तरता र राष्ट्रिय सहमतिले ठुलो महत्त्व राख्दछ । देशभित्र संसद्मा रहेका दलहरूसँग समेत कुनै परामर्श नगरी भारतसँग एकल र छुट्टै के गर्न लाग्नुभएको हो ?' एमाले नेता तथा अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि गरिरहेका कूटनीतिक मामिलाका जानकार रिजालले प्रश्न उठाएका छन्, 'भारतमा लाखौं नेपाली नागरिक छन्, तिनका धेरै संस्था क्रियाशील छन् । नेपालका प्रधानमन्त्री भारत पुग्दा नेपाली दूतावासमा उनीहरूसँग प्रतिनिधिमूलक भेट गर्ने र आश्वस्त पार्ने काम गर्दा प्रधानमन्त्रीलाई के आपत् आइलाग्दोरहेछ ?'

देशभित्र छलफलविनै गएका प्रधानमन्त्रीले त्यहाँ कुनै सहमतिपत्र या सम्झौतापत्रमा हस्ताक्षर गर्दा थप विवाद सिर्जना गर्न सक्ने रिजालको भनाइ छ । उनको थप प्रश्न छ, 'आवश्यक भेटघाट, छलफल र अन्तरक्रिया गर्न नसक्ने, दोहोरो संवाद गर्न नसक्ने प्रधानमन्त्रीज्यूको कुनै व्यक्तिगत समस्या हो कि नेपाल सरकारको नीति नै हो ?'

प्रधानमन्त्रीको बिदाइमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षा प्रोटोकलको उल्लंघन भएको छ । कार्यवाहक प्रधानमन्त्री विराजभक्त श्रेष्ठ र गृहमन्त्री सुदन गुरुङ तथा रास्वपाका प्रवक्ता जगदीश खरेलले उनलाई बिदाइ गर्दा सुरक्षा प्रोटोकलको गम्भीर उल्लंघन गरेका हुन् । विमानस्थलको प्रवेश निषेधित क्षेत्रमा विमानछेउमा च्याम्प ज्याकेटविनै उनीहरू पुगेर बिदाइ गरेका थिए । सामान्यतया त्यस क्षेत्रमा सुरक्षा प्रोटोकल पूरा गरेर विमानस्थलका प्राविधिक र कर्मचारीहरूमा मात्र जाने गर्दछन् ।

स्वास्थ्य बिमाको...

पृष्ठ १ बाट क्रमशः

बढी वर्ष बिराएर पुनः बिमामा जोडिने गरेका पनि छन् । समग्रमा स्वास्थ्य बिमाको तस्बिर असफल देखिन्छ । प्रभावकारितामा चौतर्फी प्रश्न उठेपछि सरकारले स्वास्थ्य बिमाको पुनर्संरचना गर्ने योजनाअन्तर्गत गत २९ साउनदेखि अनलाइनबाट पनि आबद्ध हुन सक्ने व्यवस्था गऱ्यो । तर, साउनयता असोजसम्म एक लाख ४८ हजार ४४४ बिमित थपिएकामा अनलाइनबाट जम्मा ६ हजार मात्रै जोडिएका छन् ।

स्वास्थ्य बिमा बोर्डका सूचना अधिकारी विकेश मल्ल बिमामा आबद्ध हुनेको संख्या कम हुँदै गएको स्विकार्छन् । 'बिमामा आबद्ध हुनेको संख्या कम हुँदै गएपछि अनलाइनबाट सहज होस् भनेर सेवा सुरु गरिएको थियो, तर अनलाइनमा पनि त्यति धेरै आकर्षण देखिएको छैन,' उनले भने, 'विदेश वा टाढा बस्नेहरूका लागि पनि आबद्ध हुन सहज होस् भनेर अनलाइन सेवा लागू भएको हो, तर प्रचारप्रसारको कमीले हो कि खासै आबद्धता छैन ।'

सरकारले २५ चैत ०७२ देखि पाइलट कार्यक्रमका रूपमा कैलालीबाट स्वास्थ्य बिमा औपचारिक रूपमा सुरु गरेको थियो । सुरुको आर्थिक वर्ष ०७२/७३ मा दुई हजार २२२ जना स्वास्थ्य बिमामा आबद्ध भएका थिए । तर, अर्को वर्ष ०७३/७४ मा अघिल्लो वर्षका दुई हजार २२२ बिमितमध्ये ६७३ ले मात्रै नवीकरण गरे । यो वर्ष नयाँ बिमित भने ९८ हजार ३२८ थपिएका थिए । यसरी उक्त वर्ष ९९ हजार १ जना कुल बिमित रहेकामा ०७४/७५ मा ५५ हजार ६२९ जनाले मात्रै नवीकरण गरे । यो वर्ष नयाँ बिमित ९ लाख ७१ हजार ८१५ जना थपिए भने ५ हजार ४१७ पुनः प्रवेश गरेर कुल बिमित १० लाख ३२ हजार ८६१ पुगे ।

बोर्डका सूचना अधिकारी मल्ल पुनः प्रवेश गरेकाहरू पहिले नै बिमामा आबद्ध भएर नियमित नवीकरण नगरी अन्य वर्ष फेरि जोडिएकाहरू हुन् । तोकिएको शुल्क बुझाएर पुनः प्रवेश गरेकाहरूको पुरानै बिमा नम्बर र रेकर्ड हुन्छ । पैसा बुझाएपछि उनीहरूको बिमा सक्रिय हुने मल्ल बताउँछन् ।

०७५/७६ मा पनि नवीकरण गर्ने झन्डै आधाले घटे । अघिल्लो वर्षका कुल १० लाख ३२ हजार ८६१ बिमितमध्ये ५ लाख ४४ हजार ७९८ ले मात्रै नवीकरण गरे । योसहित नयाँ प्रवेश गरेका ९ लाख २७ हजार ५३६ र पुनः प्रवेश गरेका ९३ हजार ९८६ गरी ०७५/७६ मा कुल बिमित १५ लाख ६६ हजार ३२० पुगे । तर, यसमध्ये ०७६/७७ मा ७ लाख ९२ हजार ३६६ ले मात्रै नवीकरण गरे । यो वर्ष ११ लाख ६३ हजार ३९९ नयाँ प्रवेश गरेकामा २ लाख ५३ हजार २०७ जना पुनः प्रवेश गरेका थिए । यसरी ०७६/७७ मा कुल बिमित २२ लाख ८ हजार ९७२ पुगेका थिए ।

नवीकरण गर्ने बिमित निरन्तर ओरालो लागिरहे । ०७७/७८ मा १५ लाख २७ हजार ८१६ ले मात्र नवीकरण गरे भने ४ लाख ८० हजार २२६ पुनः प्रवेश गर्दा नयाँ प्रवेश गर्ने १३ लाख ७७ हजार ७०८ जना थिए । यो वर्ष कुल बिमित ३३ लाख ८५ हजार ७५० भए । त्यस्तै, ०७८/७९ मा २४ लाख ३२ हजार ५७७ ले मात्रै नवीकरण गरे भने ४ लाख ६० हजार ९१२ पुनः प्रवेश गरे । यस वर्ष १४ लाख १६ हजार १६० नयाँ बिमित प्रवेश गरी कुल बिमित ४३ लाख ९ हजार ६४९ पुगे ।

०७९/८० मा २८ लाख ६४ हजार १७४ ले नवीकरण गर्दा नयाँ बिमित पनि घटेर ११ लाख ७४४ मात्रै थपिए । यो वर्ष पुनः प्रवेश गर्ने ६ लाख ३२ हजार ६५२ थपिएर कुल बिमित ४५ लाख ९७ हजार ५७० पुगे । त्यस्तै, ०८०/८१ मा अघिल्लो वर्षको कुल बिमितभन्दा लभगग १४ लाख कम अर्थात् ३१ लाख ४१ हजार १७३ ले नवीकरण गरे भने ८ लाख १५ हजार २९६ पुनः प्रवेश गरे । यो वर्ष १२ लाख २२ हजार ४६९ नयाँ बिमित भित्रिँदा कुल बिमित ५१ लाख ७८ हजार ९३८ जना पुगे । त्यस्तै, ०८१/८२ मा पनि अघिल्लो वर्षको कुल बिमितभन्दा लगभग १४ लाख कम अर्थात् ३७ लाख १२ हजार ७१६ जनाले नवीकरण गरे । यो वर्ष १० लाख २९ हजार ७०० जना पुनः प्रवेश र १२ लाख २७ हजार ९८७ नयाँ प्रवेश गर्दा कुल बिमित ५९ लाख ७० हजार ४०३ जना पुगे । चालू वर्षको कात्तिकको तथ्यांक हेर्दा सक्रिय बिमितको संख्या ७३ लाख ५१ हजार ३५२ पुगेको छ ।

स्वास्थ्य बिमा बोर्डका अनुसार सुरुदेखि हालसम्म कुल एक करोड ८ लाख ८ हजार ३२८ जना स्वास्थ्य बिमामा जोडिएका छन्, जुन कुल जनसंख्याको ३६ प्रतिशत हो । तर, हरेक वर्षका तथ्यांकले प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने स्वास्थ्य बिमामा निरन्तरता दिने बिमित घटिरहेको देखाउँछ । नयाँ दर्ता हुने बढे पनि नवीकरण गर्ने र सेवा लिनेको संख्या निरन्तर घटेकाले स्वास्थ्य बिमा प्रभावकारी हुन नसकेको देखिन्छ ।

बोर्डको तथ्यांकअनुसार बिमामा देशभरका ५०२ अस्पताल सेवा प्रदायकका रूपमा छन् । जसमध्ये ४४२ सरकारी, ३६ निजी र २४ सामुदायिक अस्पताल छन् । जसमध्ये कोशी प्रदेशमा ११४, मधेशमा ५८, बागमतीमा १२३, गण्डकीमा ६३, लुम्बिनीमा ७० तथा कर्णाली र सुदूरपश्चिमका ३७-३७ अस्पतालले स्वास्थ्य बिमा सेवा प्रवाह गर्छन् । सरकारले बिमालाई पुनर्संरचना गर्ने, बलियो बनाउने, सेवा प्रवाह सहज बनाउने भने पनि व्यवहारमा लागू हुन सकेको छैन । हाल सेवा प्रदायक संस्थाहरू बढी सहरी क्षेत्रमा छन् । ग्रामीण तथा दुरदराजमा स्वास्थ्य बिमाको उपचार हुने अस्पतालसमेत छैन ।

सूचना अधिकारी मल्लका अनुसार हाल स्वास्थ्य बिमालाई व्यवस्थित बनाउन बोर्डले ऐन संशोधनको खाका स्वास्थ्य मन्त्रालयमा पठाएको छ । त्यसमा बिमा र सामाजिक स्वास्थ्य सेवाका कार्यक्रमलाई व्यवस्थित पार्ने, करको दायरा पनि बिमामै आउन, बिमालाई डिजिटल तथा अनलाइन प्रणालीमा लैजाने विषय समेटिएको उनले बताए ।

हाल सरकारले एक लाख बिमाको उपचार दायरा घटाएर ओपिडी सेवा २५ हजारको मात्रै लिन सकिने व्यवस्था गरेको छ । बाँकी आकस्मिक र भर्नामा कायम गरिएको छ । त्यस्तै, गत जेठयता सरकारले निजी अस्पतालमा ओपिडी सेवामा बिमा लागू हुन नसक्ने नियम लागू गरेको छ । यस्ता कारणले पनि स्वास्थ्य बिमामा आकर्षण घटेको बोर्डको अनुमान छ ।

स्वास्थ्यमन्त्री निशा मेहताका स्वास्थ्य सल्लाहकार डा. मनोहरलाल प्रधानले हाल बिमितको संख्या उत्साहजनक नभएको बताउँदै अब निजी अस्पतालका ओपिडीमा पनि बिमा लागू हुने नियम लागू गर्ने, निजामती कर्मचारीलाई जोड्नेलगायत योजना रहेको बताए । 'अहिले आकर्षण कम छ, तर अब निजामती कर्मचारीलाई स्वास्थ्य बिमा अनिवार्य हुन्छ,' उनले भने, 'निजी अस्पतालका ओपिडीमा बिमा लागू नभएको अवस्था छ, यसमा पनि पुर्नविचार गरेर पुरानै नियम लागू गर्छौं, यसबाहेक नीतिगत व्यवस्था सहज पार्न ऐन संशोधन प्रक्रिया पनि अघि बढ्छ ।'

डेढ वर्षमा पनि...

पृष्ठ १ बाट क्रमशः

जिम्मेवारी खोसेर छानबिन थालेको थियो । जुन छानबिन अहिलेसम्म किनारा लागेको छैन ।

न्यायपरिषद्ले सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको अध्यक्षतामा छानबिन समिति गठन गरेको थियो । समितिले करिब ६ महिनाअघि नै आफ्नो प्रतिवेदन बुझाए पनि न्यायपरिषद् बैठकमा प्रतिवेदन पेस भएको छैन । छानबिन समिति अध्यक्ष शर्माले गत १६ असोजमै अवकाश पाइसकेका छन् । छानबिनमा तानिएका न्यायाधीशद्वय ०८२ जेठदेखि नै सर्वोच्च अदालतमा हाजिर गर्दै आएका छन् ।

परिषद् अध्यक्ष रहेका प्रधानन्यायाधीश तथा सदस्यहरूले चासो नदिँदा छानबिन प्रतिवेदन अलपत्र परेको परिषद्कै एक अधिकारीले बताए । 'छानबिन सकिएयता धेरैपटक परिषद्को बैठक बसे पनि यससम्बन्धी प्रतिवेदन पेस गर्न कसैले चासो दिएका छैनन्,' ती अधिकारीले भने ।

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जमा कार्यरत रहँदा न्यायाधीशद्वय थारू र महर्जनको इजलासले ०६४ को राजापुर बमकाण्डमा सबै आरोपीलाई १४ जेठ ०८२ मा सफाइ दिने फैसला गरेको थियो । सो फैसलाप्रति असन्तुष्टि जनाउँदै पीडितका परिवारले न्यायपरिषद्मा उजुरी दिएका छन् । न्याय क्षेत्रमै समेत त्यसको निष्पक्षतामाथि प्रश्न उठेपछि उनीहरूको जिम्मेवारी खोसेर छानबिन गरिएको थियो । जिल्ला अदालत, रौतहटले आलमलगायत केहीलाई जन्मकैदको सजाय सुनाएकामा उच्चले सफाइ दिएको थियो । तत्कालीन कानुनमन्त्री अजयप्रसाद चौरसियाको दबाबमा त्यसरी सफाइ दिने फैसला भएको आरोप लागेको छ । फैसलाको समयमा न्यायाधीश चौरसिया र न्यायाधीशबिच बारम्बार कुराकानी भएको दाबीसहित 'कल डिटेल' विवरणसमेत परिषद्मा पुगेको थियो । चौरसिया आफैं न्यायपरिषद्का तत्कालीन पदेन सदस्य थिए । छानबिन गर्ने निर्णयमा उनले हस्ताक्षर पनि गरेका थिएनन् ।

पीडित परिवारको तर्फबाट श्रीनारायण सिंहले २ असार ०८२ मा न्यायपरिषद्मा उजुरी दिएका थिए । उनी २८ चैत ०६४ को संविधानसभा निर्वाचनको अघिल्लो दिन आलमले बम बनाउन लगाएको ठाउँमा विस्फोट भई घाइते भएका र त्यसै रात जिउँदै इँटाभट्टामा हालेर हत्या गरिएका युवा त्रिलोकप्रताप सिंह (पिन्टु)का बुवा हुन् ।

जिल्ला अदालत रौतहटले आलमसहित चार प्रतिवादीलाई २७ चैत ०६४ मा बम विस्फोटमा घाइते भएका पिन्टु र अर्का युवा ओसी अख्तरलाई राजापुरस्थित इँटाभट्टामा हालेर जिउँदै जलाएको कसुरमा गत असारमा जन्मकैद सुनाएको थियो । त्यसविरुद्ध भएको पुनरावेदनको सुनुवाइमा उच्चका न्यायाधीशद्वय थारू र महर्जनको इजलासले जिल्लाको फैसला उल्ट्याएको थियो । संकलित सबुत प्रमाणबाट घटना भएको भनिएको मिति २७ चैत ०६४ मा आलमको घरमा बम विस्फोट भएको कुरा वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकेको भन्दै सफाइ दिएको थियो । फैसला भएकै दिन आलम नक्खु कारागारबाट छुटेका थिए । प्रत्यक्षदर्शीका बयानलगायत तमाम तथ्यप्रमाणलाई नजरअन्दाज गरेर उच्चको फैसला आएको भन्दै चौतर्फी आलोचना भएपछि न्यायपरिषद्ले छानबिन थालेको थियो । छानबिन प्रतिवेदनमा भने न्यायपरिषद् हाल मौन देखिएको छ ।

न्यायाधीशद्वय थारू र महर्जनले केवल चार घण्टाको सुनुवाइमा हतारहतार प्रमाण नबुझी फैसला गरेको श्रीनारायणले दिएको उजुरीमा उल्लेख छ । उनले महान्यायाधिवक्ताको कार्यालयले विगतमा जुन आधार टेकेर मुद्दा नचलाउने निर्णय गरेको थियो सोही आधार टेकी उच्चले गरेको फैसला विवादमा परेको थियो ।

के हो मुद्दाको पृष्ठभूमि ?

२८ चैत ०६४ मा संविधानसभाको निर्वाचन हुँदै थियो । रौतहटको क्षेत्र नम्बर २ मा आलम नेपाली कांग्रेसबाट उम्मेदवार बनेका थिए । प्रहरीको अनुसन्धान प्रतिवेदनअनुसार उनले चुनाव जित्न विभिन्न ठाउँमा बम विस्फोट गराई बुथ कब्जा गर्ने रणनीति बनाएका थिए ।

सोही उद्देश्यले अघिल्लो दिन २७ चैतको साँझ निहत्था युवालाई बम बनाउन प्रयोग गरेका थिए । नेपाली दुई युवा त्रिलोकप्रताप सिंह 'पिन्टु' र ओसी अख्तरसहित २० भारतीयलाई प्रयोग गरेका थिए । आलमका काका शेख इद्रिसको गोठमा बम बनाउँदै गर्दा साँझ ६:३० तिर विस्फोट भएर केहीको मृत्यु भएको थियो भने केही घाइते भएका थिए । त्रिलोक र ओसी पनि घाइते भएका थिए । उनीहरूलाई बचाउनुको सट्टा घटनालाई गुपचुप बनाउने उद्देश्यले मृतकसँगै बोरामा राखी इँटाभट्टामा राखेर जलाइएको प्रहरी अनुसन्धान प्रतिवेदन छ । केही घाइतेलाई भने भारतमा लगेर उपचार गरिएको थियो । विस्फोटबारे प्रहरीलाई समेत जानकारी भएकामा प्रहरी मिलेमतोमै त्यसरी घटना लुकाइएको आरोप लाग्दै आएको छ ।

पीडितको परिवारले प्रहरीमा उजुरी दिए पनि वर्षौंसम्म अनुसन्धान नै गरेन । दबाबपछि जाहेरी दर्ता भए पनि महान्यायाधिवक्ता कार्यालयले मुद्दा नचलाउने निर्णय गरेको थियो । त्यसविरुद्ध परेको रिटमा सर्वोच्चले मुद्दा नचल्ने निर्णय बदर गर्दै फेरि अनुसन्धान गर्न भनेको थियो । सोहीअनुसार ०७६ असोजमा प्रहरीले आलमलाई पक्राउ गरी मुद्दा चलाएको थियो । करिब साढे पाँच वर्ष कारागार बसेका उनी उच्चबाट सफाइ पाएसँगै जेलमुक्त भएका थिए । उनको गत वर्ष कात्तिकमा मृत्यु भइसकेको छ । उच्चको फैसलाविरुद्ध महान्यायाधिवक्ता कार्यालयले २ साउन ०८२ मा सर्वोच्चमा पुनरावेदन गरेको थियो । जुन मुद्दा सर्वोच्चमा विचाराधीन छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८३/०८/०७

यस बैंकको शाखा कार्यालय नयाँबानेश्वर, काठमाडौंबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ

स्थानीय र प्रदेश सभा निर्वाचनको मितिबारे दुई धार

सत्तारूढ रास्वपा दुवै निर्वाचन एउटै मितिमा गर्ने पक्षमा, विपक्षी दलहरू फरक मितिमा गर्नुपर्ने अडानमा



● **राजीव सुब्बा, निर्वाचन आयुक्त**

हाम्रो काम कानुनसम्मत रूपमा स्वच्छ र निष्पक्ष निर्वाचन सम्पन्न गराउनु हो। निर्वाचन एकै मितिमा वा फरक-फरक भन्ने विषय आयोगले प्रस्ताव गरेको छैन। यो सरकार र दलहरूले छलफलबाट निचोड निकाल्ने विषय हो। सरकार र दलहरूले चाहने र कानुन र प्राविधिक सहयोग हुने हो भने आयोग व्यवस्थापन गर्न तयार छ। उच्चस्तरीय संयन्त्रमा दलहरूले छलफल गरेर निचोडमा पुग्ने बताउनुभएको छ।



● **अयोधीप्रसाद यादव, पूर्वप्रमुख निर्वाचन आयुक्त**

राजनीतिक दलहरू र सरकार सहमतिमा पुग्ने हो भने एउटै मितिमा निर्वाचन गर्न सकिन्छ। त्यसका लागि निर्वाचन आयोग व्यवस्थापनका लागि सक्षम हुनुपर्छ। प्रदेशको प्रत्यक्ष र समानुपातिका तथा स्थानीय तहको प्रमुख/उपप्रमुख, वडाध्यक्ष र सदस्यको निर्वाचन गर्नुपर्ने हुन्छ। त्यसका लागि व्यवस्थापन र मतदाता शिक्षाको पनि कुरा आउँछ। त्यसैले वैशाखमा स्थानीय तह र कात्तिक अन्तिम वा मंसिरमा प्रदेश सभा निर्वाचन गर्न सकिन्छ।

■ एउटै मितिमा निर्वाचन गर्दाका फाइदा

● **खर्च कटौती** : एकैपटक स्थानीय तह र प्रदेश सभा निर्वाचन गर्दा सुरक्षा परिचालन, कर्मचारी व्यवस्थापन र सामग्री ढुवानीमा लाग्ने दोहोरो खर्च जोगिन्छ।

● **विकास निर्माणका काममा निरन्तरता** : फरक मितिमा निर्वाचन गर्दा आचारसंहिताका कारण विकास खर्च प्रभावित हुन पुग्छ।

● **समयको बचत** : निर्वाचनका लागि मतदाता, राजनीतिक दल, सुरक्षा निकाय, निर्वाचन आयोगलगायत सम्बद्ध निकायले पटक-पटक एउटै प्रक्रियाका लागि समय खर्चिनुपर्दैन।

■ बेफाइदा

● **मतपत्र र मतदानमा जटिलता** : स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष र वडा सदस्य तथा प्रदेश सभाको प्रत्यक्ष तथा समानुपातिक गरी धेरै मतपत्रमा छाप लगाउनुपर्ने हुन्छ। त्यस्तो अवस्थामा मतदाता भुक्किने र बदर मतको संख्या बढ्ने जोखिम हुन्छ। मतदान केन्द्र र निर्वाचन कर्मचारी व्यवस्थापनमा समेत कठिनाइ पुग्छ।

● **कानुनी र प्राविधिक चुनौती** : स्थानीय तह निर्वाचन ऐन र संविधानको धारा २२५ बमोजिम जनप्रतिनिधिको कार्यकाल समाप्ति र निर्वाचनको समयसीमा मिलाउन कानुनी जटिलता देखिन्छ। त्यसका लागि राजनीतिक सहमति र कानुन संशोधन गर्नुपर्ने चुनौती छ।



● **क्षेत्र पुनरवलोकन** : संघ र प्रदेशको निर्वाचन एकैपटक गर्दा एक संघीय क्षेत्रमा दुई प्रदेश सभा क्षेत्र हुने भएकाले सजिलो हुन्थ्यो। तर, प्रदेश र स्थानीय तहको निर्वाचन एकै मितिमा गर्दा प्रदेश र स्थानीय तहको भूगोल फरक पर्न जाँदा व्यवस्थापनमा जटिलता आउँछ।

■ फरक मितिमा गर्दाका फाइदा

● **व्यवस्थापन र सुरक्षामा सहजता** : निर्वाचन आयोग र सुरक्षा निकायलाई सीमित जनशक्ति र स्रोतको परिचालन गरी निष्पक्ष र शान्तिपूर्ण निर्वाचन गराउन सजिलो हुन्छ।

● **सरकारले मिति घोषणा गर्ने, आयोगले काम गर्ने** : फरक-फरक मितिमा निर्वाचन गर्दा सरकारले मिति घोषणा गरेपछि निर्वाचन आयोगलाई व्यवस्थापनमा लाग्न सहज हुन्छ।

● **मतदान गर्न सजिलो** : थोरै मतपत्र हुने भएकाले मतदान गर्न सजिलो हुन्छ। बदर मतको जोखिम कम हुन्छ।

■ बेफाइदा

● **निर्वाचन खर्च बढ्छ** : छोटो समयको अन्तरालमा स्थानीय तह र प्रदेशको निर्वाचन गर्दा राज्य कोषबाट अर्बौं रुपैयाँ लागत बढ्छ।

● **विकास निर्माण प्रभावित हुन्छ** : निर्वाचन आचारसंहिताका कारण विकास निर्माणका काम रोकिन्छन्। जसका कारण पुँजीगत खर्च कम हुन पुग्छ।

प्रेम गौतम/नयाँ पत्रिका

स्थानीय तह र प्रदेश सभा निर्वाचन एकै मितिमा कि फरक-फरक भन्ने विषय पेचिलो बनेको छ। स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल अन्तिम चरणमा पुगेका वेला स्थानीय र प्रदेश निर्वाचन एकै मितिमा गर्ने कि फरक-फरक भन्ने कोणबाट बहस सुरु भएको छ।

संविधानको प्रावधानअनुसार स्थानीय निर्वाचन कार्यकाल समाप्त भएको ६ महिनाभित्र गर्नुपर्छ। त्यसरी गर्दा कात्तिकसम्म स्थानीय तह निर्वाचन गर्न सकिन्छ। तर, गाउँसभा र नगरसभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुने स्पष्ट व्यवस्था संविधानमै छ। वैशाखमा निर्वाचन नभए स्थानीय तह जनप्रतिनिधिविहीन बन्ने अवस्था आउँछ।

संविधान र कानुनअनुसार नै आगामी ०८४ मा स्थानीय तह र प्रदेश सभा निर्वाचन सम्पन्न गर्नुपर्छ। ६ महिनाको अन्तरमा स्थानीय तह र प्रदेश सभा निर्वाचन गराउने कि एउटै मितिमा भन्ने विषयको टुंगो उच्चस्तरीय राजनीतिक संयन्त्रमा छलफलपछि लाग्ने भएको छ।

देश संघीयतामा गएपछि ०७४ र ०७९ मा प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचन एउटै मितिमा र स्थानीय तह निर्वाचन त्यसअघि छुट्टै मितिमा भएको थियो। जेन-जी आन्दोलनपछि प्रतिनिधिसभा विघटन गरेर गत २१ फागुनमा निर्वाचन भइसकेको छ।

निर्वाचनबारे संविधान र कानुनमा फरक-फरक प्रावधान छ। संविधानको धारा २२५ मा भनिएको छ, 'गाउँसभा र नगरसभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुनेछ। त्यस्तो कार्यकाल समाप्त भएको ६ महिनाभित्र अर्को गाउँसभा र नगरसभाको निर्वाचन सम्पन्न गर्नुपर्नेछ।' स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा (३) मा गाउँसभा वा नगरसभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगाडि निर्वाचन हुने व्यवस्था छ। कानुनअनुसार फागुनभित्रै स्थानीय तहको निर्वाचन गराउनुपर्ने हुन्छ। ०७९ मा पनि स्थानीय निर्वाचन दुई महिनाअगाडि भएको थिएन।

स्थानीय तह निर्वाचन ऐनको दफा (४) मा 'नेपाल सरकारले स्थानीय तहको निर्वाचन गराउन मिति तोक्नेछ। तर, त्यस्तो निर्वाचनको मिति तोक्नुभन्दा अघि नेपाल सरकारले निर्वाचन आयोगको परामर्श लिनुपर्नेछ' भनिएको छ।

प्रदेश सभा निर्वाचनबारे संविधानको धारा १७७ मा व्यवस्था छ। जसमा भनिएको छ, 'यस संविधानबमोजिम अगावै विघटन भएकोमा बाहेक प्रदेश सभाको कार्यकाल पाँच वर्षको हुनेछ।' प्रदेश सभा सदस्य निर्वाचन ऐनको दफा ६ मा आयोगको परामर्शमा सरकारले निर्वाचनको मिति तोक्ने व्यवस्था छ। कार्यकालअगावै प्रदेश सभा विघटन गर्ने अधिकार संघ सरकारलाई छैन। त्यसैले सरकारले ६ महिनाअगावै प्रदेश सभा विघटन गराएर निर्वाचन गराउन सक्ने अवस्था छैन। मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभा विघटन गर्न सक्छन्।

राजनीतिक सहमतिको पक्षमा रास्वपा

रास्वपा सभापति रवि लामिछानेको संयोजकत्वमा उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गरिएको थियो। जसमा कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति, राप्रपा, जसपा नेपाल र जनमत पार्टीका शीर्ष नेताहरू सदस्य थिए। सोही समितिलाई निरन्तरता दिएर निर्वाचनबारे छलफल गरी समझदारी निर्माण गर्ने रास्वपाको तयारी छ।

निर्वाचनसँग सम्बन्धित विषयमा राजनीतिक सहमतिमै अघि बढ्ने रास्वपा प्रवक्ता जगदीश खरेलले बताए। 'निर्वाचनसँग सम्बन्धित विषयमा राजनीतिक सहमतिमै अघि बढ्ने सभापतिले बताउनुभएको छ। स्थानीय र प्रदेश निर्वाचन एउटै मिति वा फरक-फरक मितिमा जे हुन्छ, राजनीतिक सहमतिकै आधारमा हुन्छ। एक-दुई दिनमा राजनीतिक दलहरूसँग छलफल सुरु गर्छौं,' खरेलले भने। निर्वाचन आयोगले गत शुक्रबार गरेको छलफलमा रास्वपा सभापति लामिछानेले पटक-पटक निर्वाचन गराउँदा राज्यलाई आर्थिक भार पर्ने र निर्वाचन आचारसंहिताका कारण सरकारका कामसमेत प्रभावित हुने भएकाले एउटै मितिमा निर्वाचन गराउनुपर्ने बताएका थिए।

विपक्षी दलहरू फरक मितिको पक्षमा

प्रमुख प्रतिपक्षी दल कांग्रेस संविधान र कानुनअनुसार नै स्थानीय तह र प्रदेश सभाको निर्वाचन गर्नुपर्नेमा पक्षमा छ। 'संविधान र कानुनअनुसार पहिला स्थानीय तहको निर्वाचन गर्नुपर्छ। प्रदेशको निर्वाचन गर्ने समय त्यसपछि बाँकी नै रहन्छ। मंसिरको पहिलो हप्ता बित्न लागिसक्यो। स्थानीय निर्वाचनबारे निर्णयमा पुग्न ढिलाइ हुँदै छ। छिटो निर्णयमा पुग्नुपर्छ,' महामन्त्री डा. डिला संग्रौला पन्तले भनिन्।

एमाले र नेकपा पनि स्थानीय र प्रदेश निर्वाचन फरक फरक मितिमा हुनुपर्ने पक्षमा छन्। स्थानीय तह र प्रदेश सभाको कार्यकाल पाँच वर्षको हुने भएकाले सो कार्यकाललाई ध्यानमा राख्दै निर्वाचन गर्नुपर्नेमा उनीहरूको जोड छ। एमाले अध्यक्ष केपी ओलीले संविधानअनुसार पाँच वर्षमै निर्वाचन हुनुपर्ने भन्दै स्थानीय र प्रदेश सभा निर्वाचन छुट्टाछुट्टै मितिमा हुनुपर्ने बताएका छन्। 'संविधानअनुसार वैशाखमा स्थानीय, मंसिरमा प्रदेश सभा निर्वाचन हुनुपर्छ। संविधानले तोकेको समयमा निर्वाचन हुनुपर्छ। एक ठाउँमा संविधान मिचियो भने अर्को ठाउँमा मिचिन्छ,' काठमाडौंमा आयोजित एक कार्यक्रममा ओलीले भनेका छन्।

नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डले संविधानको व्यवस्थाअनुसार नै स्थानीय तह र प्रदेशको निर्वाचन गर्नुपर्नेमा उनले जोड दिए। 'संविधानको व्यवस्थाअनुसार नै स्थानीय तह र प्रदेश सभाको निर्वाचन गर्नुपर्छ। पहिला स्थानीय तह निर्वाचन र त्यसपछि प्रदेशको निर्वाचन कानुनसम्मत गर्नुपर्छ। संविधानविपरीत जान सकिँदैन,' भक्तपुरमा आयोजित एक कार्यक्रममा प्रचण्डले भनेका छन्।

कानुनसम्मत रूपमा स्वच्छ, निष्पक्ष निर्वाचन गराउन आयोग तयार रहेको निर्वाचन आयुक्त राजीव सुब्बा बताउँछन्। 'हाम्रो काम कानुनसम्मत रूपमा स्वच्छ र निष्पक्ष निर्वाचन सम्पन्न गराउनु हो। निर्वाचन एकै मितिमा वा फरक-फरक भन्ने विषय आयोगले प्रस्ताव गरेको छैन। यो सरकार र दलहरूले छलफलबाट निचोड निकाल्ने विषय हो,' उनले भने।

सरकार र दलहरूले चाहेको अवस्थामा तथा आवश्यक कानुनी र प्राविधिक सहयोग भए एकै मितिमा दुई तहको निर्वाचन गर्न आयोग तयार रहेको उनले बताए। 'सरकार र दलहरूले चाहने र कानुन र प्राविधिक सहयोग हुने हो भने आयोग व्यवस्थापन गर्न तयार छ। उच्चस्तरीय संयन्त्रमा दलहरूले छलफल गरेर निचोडमा पुग्ने बताउनुभएको छ। छलफलपछि एउटा निचोड आउला,' उनले भने।

राजनीतिक सहमति भए एकै मितिमा दुवै निर्वाचन सम्भव

राजनीतिक दलहरूले चाहे एउटै मितिमा पनि निर्वाचन गर्न सकिने पूर्वनिर्वाचन आयुक्तहरू बताउँछन्। प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादव राजनीतिक सहमतिमा एकै मितिमा निर्वाचन गर्न सकिने बताउँछन्। कानुनी जटिलताका साथै मतदान व्यवस्थापन, मतदाता शिक्षा, सुरक्षा व्यवस्थापनदेखि मगणनासम्म प्रभावित हुनेतर्फ सचेत हुने बताउँछन्। निर्वाचन हतारमा गर्न नहुनेमा उनको जोड छ।

'राजनीतिक दलहरू र सरकार सहमतिमा पुग्ने हो भने एउटै मितिमा निर्वाचन गर्न सकिन्छ। त्यसका लागि निर्वाचन आयोग व्यवस्थापनका लागि सक्षम हुनुपर्छ। मुख्य कुरा, अर्ली इलेक्सन किन भन्ने हो ?' यादवले भने, 'हतारमा निर्वाचन गर्नुहुँदैन। प्रदेशको प्रत्यक्ष र समानुपातिका तथा स्थानीय तहको प्रमुख/उपप्रमुख, वडाध्यक्ष र सदस्यको निर्वाचन गर्नुपर्ने हुन्छ। त्यसका लागि व्यवस्थापन र मतदाता शिक्षाको पनि कुरा आउँछ। त्यसैले वैशाखमा स्थानीय तह र कात्तिक अन्तिम वा मंसिरमा प्रदेश सभा निर्वाचन गर्न सकिन्छ।'

स्थानीय तह र प्रदेश सभा निर्वाचन एकै मितिमा गर्दा मतदान केन्द्र, कर्मचारी र मतपत्र व्यवस्थापनमा कठिनाइ हुने उनी बताउँछन्। ०७९ मा तीनवटै तहको निर्वाचन एकै मितिमा गर्ने प्रस्ताव आए पनि स्थानीय तह ६ महिना जनप्रतिनिधिविहीन हुने भएपछि नगरिएको अर्का एक प्रमुख निर्वाचन आयुक्तले बताए। 'राजनीतिक दलहरू एक भए भने एकै मितिमा पनि स्थानीय तह र प्रदेश सभा निर्वाचन गर्न सकिन्छ। त्यसो गर्दा खर्च पनि कम हुन्छ। दलहरूलाई टिकट वितरणमा पनि सजिलै हुन्छ,' ती प्रमुख आयुक्त भन्छन्।

'दुई तहको निर्वाचनका लागि छुट्टाछुट्टै मतदान केन्द्र, निर्वाचन अधिकृत, कर्मचारी, मतपत्र चाहिन्छ। त्यसैले खर्चका हिसाबले ठुलो अन्तर नपर्ने अधिकारीहरू बताउँछन्। मतदान केन्द्र व्यवस्थापनमा जटिलता आउन सक्छ। कर्मचारी नपुग्ने स्थिति पनि बन्न सक्छ। कन्ट्रोल मेकानिजम पनि कमजोर हुन सक्छ,' एक पूर्वआयुक्तले भने।

संक्षेप


फेसबुक ह्याक गरेर आफन्तसँग रकम माग्ने चारजना पक्राउ

विराटनगर/ विदेशमा रहेका व्यक्तिको फेसबुक आइडी ह्याक गरी नेपालमा बस्दै आएका आफन्तसँग समस्या परेको बहाना बनाएर रकम ठगी गर्ने गिरोहका दुई भारतीयसहित चारजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा भारत बेलिया जिल्लाका २६ वर्षीय ताहिर हुसेन र भारत बिहारको कटिहार जिल्लाका ३६ वर्षीय गुड्डु भनिने मोहम्मद साबुद्दिन छन्। त्यस्तै, विराटनगर महानगरपालिका- १७ का २३ वर्षीय ओपार आलम र विराटनगर महानगरपालिका- १ का २३ वर्षीय फैयाज खान पक्राउ परेका छन्। भारतीय नागरिकहरू ताहिर र साबुद्दिन विराटनगर- ४ स्थित एयरपोर्ट मोड क्षेत्रमा भाडामा बस्दै आएका थिए।

उनीहरूले फेसबुक आइडी ह्याक गरेर आफन्तलाई विश्वासमा लिने, रकम आवश्यक परेको भन्दै माग गर्ने र विभिन्न बैंक खाताको क्युआर पठाएर रकम ठगी गर्दै आएका थिए। उनीहरूले चार लाख ४५ हजार रुपैयाँ ठगी गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

मोरङ प्रहरी प्रवक्ता डिएसपी मकेन्द्रकुमार मिश्रका अनुसार पीडितको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले उनीहरूलाई विराटनगरका विभिन्न स्थानबाट पक्राउ गरेको हो। पक्राउ परेकालाई प्रहरीले ५ मंसिरमा ठगीसम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाएको छ।

नयाँ पत्रिकाकर्मी मिश्रलाई मातृशोक



काठमाडौं/ नयाँ पत्रिकाकर्मी रवि मिश्रलाई मातृशोक परेको छ। मिश्रकी आमा हिरादेवी मिश्रको ८१ वर्षको उमेरमा शनिबार निधन भएको हो। नुवाकोट पञ्चकन्या गाउँपालिका- २ की हिरादेवी लामो समयदेखि मुटु र पेटसम्बन्धी समस्याबाट पीडित थिइन्। उनको शनिबार नै अन्त्येष्टि गरिएको छ। उनका श्रीमान्, तीन छोरा र चार छोरी छन्।

जुवातास खालबाट एक भारतीयसहित १० जना समातिए

लहान/ जुवातास खेलिरहेको अवस्थामा सिराहास्थित एक होटेलबाट प्रहरीले एक भारतीय नागरिकसहित १० जनालाई पक्राउ गरेको छ। गोप्य सूचनाका आधारमा सिराहा नगरपालिका- ७ स्थित ताज होटेलबाट प्रहरीले शनिबार अबेर राति नेपाली मुद्रा एक लाख सात हजार ७१० रुपैयाँ, एक हजार १२० रुपैयाँ भारतीय मुद्रा, नयाँ तास १३ बन्डल र २१४ पत्ती ताससहित १० जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।

सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार पक्राउ पर्नेमा सिराहाको अर्नमा गाउँपालिका रडियाका करिब ३५ वर्षीय रामकुमार यादव, सिराहा नगरपालिका- ७, शिवचोकका ३५ वर्षीय सन्तोषकुमार साह, ४६ वर्षीय खेमविक्रम थापा, लक्ष्मीनियाँका करिब ३५ वर्षीय रामसेवक मण्डल र ३१ वर्षीय सञ्जितकुमार मण्डल छन्। त्यस्तै, अरुणकुमार यादव, राकेशकुमार यादव, दिनेशकुमार यादव र काशी राय तथा भारतको पश्चिम बंगाल राज्य मिदनापुर जिल्ला तियोरबेडिया ग्राम पञ्चायत दासपुर थाना घर भएका करिब ४४ वर्षीय सपन रोयलाई पक्राउ गरिएको उनले बताए।

पदभार ग्रहण गर्दै मुख्यमन्त्री यादवले भने-

मधेशमा सर्वदलीय सरकार बनाउँछु

जनकपुरधाम/ मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले पद तथा गोपनीयताको शपथ लिएका छन्। प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले आइतबार बिहान ११ बजे उनलाई शपथ गराएका थिए। शपथपछि मुख्यमन्त्री यादवले मुजेलियास्थित सहिद गेटमा पुगेर मधेश आन्दोलनका सहिदहरूको सालिकमा माल्यार्पण गरेका थिए। लगत्तै उनले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेर पदभार ग्रहण गरे।



शपथ ग्रहणपछि सञ्चारकर्मीसँग कुरा गर्दै मुख्यमन्त्री यादवले आफ्नो पहिलो प्राथमिकता सर्वदलीय सरकार गठन गर्नु रहेको बताए। 'मेरो पहिलो प्रयास सर्वदलीय सरकार बनाउनु हो। सरकारमा सबै दललाई समेट्ने प्रयास गर्छु,' उनले भने। उनले छिट्टै विश्वासको मत लिने र केही दिनभित्रै मन्त्रिपरिषद् विस्तार गर्ने तयारीसमेत रहेको जानकारी दिए।

पदभार ग्रहण गरेलगत्तै उनले रोजगारी सिर्जना र वातावरण संरक्षणलाई प्राथमिकतामा राख्दै दुईवटा निर्णय गरेका छन्। प्रदेशमा बढ्दो गरिबी तथा बेरोजगारी न्यूनीकरण गरी युवा, श्रमिक र महिलालाई सीपयुक्त बनाउँदै आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने उनले निर्णय गरेका हुन्। मुख्यमन्त्री यादवले महिला स्वरोजगार कार्यक्रम, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिका लागि स्वरोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा सार्वजनिक रोजगार सेवा प्रवर्द्धन कार्यक्रम अघि बढाउन निर्णय गरेका छन्। त्यस्तै, आधुनिक प्रविधिको प्रयोगमार्फत स्वरोजगार र उद्यमशीलता विकास गर्न आर्टिफिसियल इन्टेलिजेन्स (एआई) इकमर्स तथा कम्प्युटरसम्बन्धी तालिम सञ्चालन गर्ने योजना पनि अघि सारिएको छ। एकीकृत रोजगार कार्यक्रम प्रदेशका पाँच जिल्लामा नौ महिनासम्म सञ्चालन गरिने निर्णयमा उल्लेख छ।

ज्योति गुमेका ६८ जनाले पुनः देखे संसार

ताप्लेजुङ/ आँखाको ज्योति गुमेका ६८ जनाले पुनः संसार देखेका छन्। वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइत सम्मिलित चिकित्सक टोलीले ताप्लेजुङ सरमुकाम फुङलिङमा सञ्चालन गरेको निःशुल्क आँखा शिविरमा शल्यक्रिया गरिएका बिरामीले पुनः संसार देखेका छन्। चार दिन सञ्चालन हुने शिविरको पहिलो दिन ६८ जनाको आँखाको शल्यक्रिया गरिएको छ। शल्यक्रिया गरिएका बिरामीको आँखाको पट्टीसमेत खोलिएको छ। नेत्र ज्योति संघ ताप्लेजुङका उपाध्यक्ष खगेन्द्र अधिकारीले ३६ महिला र ३२ पुरुष गरी ६८ जनाको शल्यक्रिया भएको बताए। उनले शिविरको पहिलो दिन ३५६ जनाको आँखा परीक्षण गरिएको जानकारी दिए। दुर्गम गाउँबस्तीबाट समेत आँखासम्बन्धी समस्या लिएर सर्वसाधारण उपचारका लागि फुङलिङमा सञ्चालित शिविरमा आएर शल्यक्रिया गराएका छन्। आर्थिक अवस्था कमजोर भएका तथा उपचारका लागि जिल्लाबाहिर जान बाध्य नागरिकका लागि शिविर वरदान बनेको छ।

नेपाल नेत्रज्योति संघ ताप्लेजुङ, तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं, रोहित फाउन्डेसन, फुङलिङ नगरपालिका र लायन्स क्लब अफ काठमाडौंको संयुक्त आयोजनामा शिविर ५ देखि ८ मंसिरसम्म सञ्चालन भइरहेको छ। शिविरमा डा. रुइत, अमेरिकी नेत्ररोग विशेषज्ञ डा. जियात विलियम, डा. सागर रुइतसहितको चिकित्सक तथा प्राविधिक टोलीले सेवा दिइरहेको छ। शिविरको अवसर पारेर डिचेन डोङ्ला स्मारक आँखा उपचार केन्द्रमा सुविधा सम्पन्न शल्यक्रिया कक्षसमेत सञ्चालनमा ल्याइएको छ।

अयोध्याको रेल भोलि जनकपुर आइपुग्ने, स्वागतको तयारी

मंगलबार बिहान ९:२५ बजे जनकपुरधाम आइपुग्ने रेल तीन घण्टापछि पुनः अयोध्याका लागि प्रस्थान गर्ने

● नेपाल रेलवे कम्पनीका महाप्रबन्धक **परिवेश पराजुली** भन्छन्-

अयोध्यामा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्य नाथले रेलगाई हरियो झन्डा देखाएर जनकपुरधामका लागि बिदाइ गर्ने कार्यक्रम छ। अब साताम एक दिन व्यावसायिक रूपमा रेल सञ्चालन गर्ने तयारी भइरहेको छ।





जनकपुरधाममा **हदिश खुद्दार**

भारतको अयोध्याबाट जनकपुरधाम आउन लागेको अन्तर्देशीय रेलको स्वागतको तयारी अन्तिम चरणमा पुगेको छ। मंगलबार बिहान जनकपुरधाम आइपुग्ने रेलमा भारतीय रेलवेका अधिकारीसहित विभिन्न क्षेत्रका करिब एक हजार एक सय अतिथि सहभागी हुनेछन्। अतिथिको स्वागतका लागि जनकपुरधाम रेलवे स्टेसनमा पन्डाल निर्माणदेखि सांस्कृतिक कार्यक्रम र धार्मिक स्थलको भ्रमणसम्मको तयारी गरिएको छ।

प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणका क्रममा सोमबार रेलसेवाको औपचारिक उद्घाटन गर्ने कार्यक्रम छ। प्रधानमन्त्री शाह र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्लीस्थित हैदराबाद हाउसबाट भिडियो कन्फ्रेन्समार्फत संयुक्त रूपमा उद्घाटन गर्नेछन्। त्यसपछि अयोध्यामा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्य नाथले रेललाई हरियो झन्डा देखाएर जनकपुरधामका लागि बिदाइ गर्ने कार्यक्रम रहेको नेपाल रेलवे कम्पनीका महाप्रबन्धक परिवेश पराजुलीले जानकारी दिए।

रेलमा सर्वसाधारण यात्रु नभई भारतीय पक्षबाट आमन्त्रण गरिएका प्रतिनिधि मात्रै सहभागी हुनेछन्। जनकपुरधाम रेलवे स्टेसनमा अतिथिलाई मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले स्वागत गर्ने कार्यक्रम तय भएको उनले बताए। अतिथिको विश्रामका लागि स्टेसनमा पन्डाल निर्माण भइरहेको छ भने सांस्कृतिक कार्यक्रममार्फत स्वागत गरिनेछ।

अतिथिलाई जनकपुरधामका प्रमुख धार्मिक स्थल जानकी मन्दिर, राम मन्दिर र जनक मन्दिरलगायतको भ्रमण गराउन नेपाल रेलवे कम्पनीले एक दर्जन बसको व्यवस्था गरेको छ। मंगलबार बिहान ९:२५ मा जनकपुरधाम आइपुग्ने रेल तीन घण्टा यहाँ बसेर पुनः अयोध्याका लागि प्रस्थान गर्नेछ। त्यसपछि शनिबारदेखि सातामा एक दिन व्यावसायिक रूपमा रेल सञ्चालन गर्ने तयारी रहेको महाप्रबन्धक पराजुलीले बताए। रेल नम्बर १५५९५ र १५५९६ अन्तर्गतको सरयुग-कमला एक्सप्रेस तत्काल जनकपुरधाम-अयोध्या रुटमा मात्रै सञ्चालन हुनेछ।

६०४ किलोमिटर लामो दूरी

जनकपुरधाम र अयोध्याबिच सञ्चालन हुने रेलले भारतको बिहार र उत्तर प्रदेशका विभिन्न महत्त्वपूर्ण सहरलाई जोड्नेछ। करिब ६०४ किलोमिटर दूरी पार गर्ने रेलले बिहारको जयनगर, मधुबनी, सीतामढी, रक्सौल, नरकटियागन्ज, गोरखपुर, बस्ती र मनकापुर हुँदै अयोध्याधामसम्म सेवा दिनेछ। १७ डिब्बाको रेल जनकपुरधामबाट प्रत्येक शनिबार र अयोध्या क्यान्टबाट प्रत्येक सोमबार सञ्चालन गर्ने तयारी छ। अयोध्यादेखि जनकपुरधामसम्मको यात्रा पूरा गर्न करिब १९ घण्टा लाग्नेछ।

जनकपुर-जयनगर रेलमार्गमा भने रेल प्रतिघण्टा ४० देखि ६० किलोमिटर गतिमा चल्ने अनुमान गरिएको छ। करिब एक हजार पाँच सय यात्रु बोक्ने क्षमताको रेलसेवा सञ्चालनमा आएपछि जनकपुरधामसहित मधेश प्रदेशको पर्यटन विकासमा नयाँ सम्भावना थपिने अपेक्षा गरिएको छ। सीताको जन्मभूमि जनकपुरधाम र रामको जन्मभूमि अयोध्याबिच नियमित रेल सम्पर्क स्थापित हुँदा दुवै धार्मिक सहरमा पर्यटकको आवागमन सहज हुनेछ।

जनकपुरधामका सुन्दर सदनका महन्थ नवलकिशोर शरण जनकपुरधामदेखि अयोध्यासम्म सोझो रेल सम्पर्क स्थापित हुनु ऐतिहासिक उपलब्धि भएको बताउँछन्।

'हाम्रा लागि अयोध्या सीता माताको घर हो। सीताको माइतीबाट ससुरालीसम्म सोझै रेलसेवा जोडिनु निकै उत्साहजनक विषय हो,' उनले भने, 'नेपालमा सबैभन्दा बढी आउने पर्यटक पनि भारतकै हुन्। आउँदै गरेको विवाहपञ्चमी महामहोत्सवमा भारतबाट जनकपुर आउने पर्यटकको बाक्लो घुइँचो लाग्छ। यो रेलसेवाले उनीहरूलाई ठुलो सहजता प्रदान गर्नेछ।'

पर्यटन र व्यापारमा नयाँ सम्भावना

जनकपुरधाम र अयोध्याबिच रेल सम्पर्क स्थापित भएपछि धार्मिक पर्यटनसँगै स्थानीय व्यापार तथा आर्थिक गतिविधि विस्तार हुने अपेक्षा गरिएको छ। अयोध्या आउने पर्यटकलाई जनकपुरधामसम्म आकर्षित गर्न सके होटेल, यातायात, रेस्टुरेन्ट, हस्तकला, स्थानीय उत्पादन र व्यापारिक गतिविधिमा सकारात्मक प्रभाव पर्न सक्छ। जनकपुरधाम उद्योग वाणिज्य संघका महासचिव फुलगेन पण्डित रेलसेवालाई मधेशको पर्यटन र आर्थिक विकाससँग जोडेर उपयोग गर्नुपर्ने बताउँछन्।

'धार्मिक र पर्यटकीय हिसाबले यो रेलसेवा सञ्चालन हुनु निकै फाइदाजनक छ। अयोध्या आउने पर्यटकले सीताको माइत घुम्न जाऔं भन्ने सोच बनाए भने जनकपुर आउने सजिलो माध्यम यही रेलसेवा बन्नेछ,' उनले भने, 'जनकपुरबाट पर्यटन प्रवर्द्धनमा जोड दिन सकिए भारतीय पर्यटकले लुम्बिनी, पोखरालगायत महत्त्वपूर्ण पर्यटकीय स्थलको पनि भ्रमण गर्न सक्छन्। यसबाट समग्र व्यापार-व्यवसायमा राम्रो प्रभाव पर्नेछ।'

अयोध्या-जनकपुरधाम रेलसेवाले नयाँ सम्भावना सिर्जना गरिरहँदा जनकपुरधाममा यसअघि नै सञ्चालनमा रहेको जनकपुर-जयनगर रेलसेवाको व्यवस्थापन भने चुनौतीपूर्ण छ। पुरानो रेलसेवाको भौतिक पूर्वाधार, सरसफाइ र यात्रु सुविधाको अवस्था सुधार गर्नुपर्ने आवश्यकता उत्तिकै छ।

देउवा नियतवश फसे कि नियतिले फसायो ?

जीवनको उत्तरार्द्धमा समेत सिंगो कांग्रेससँगै लोकतन्त्रलाई पनि कमजोर बनाउने खेलमा नियतिले देउवालाई डोहोऱ्याइरहेको छ



● सुदर्शन आचार्य

अग्रलेख


नेपाली कांग्रेस आफ्नै पार्टीका तत्कालीन सभापति शेरबहादुर देउवाको छायाबाट बाहिर निस्किएको छ। कांग्रेस पार्टीलाई चीनको कोमिन्ताङ पार्टीकै इतिहासको पानामा मात्र सीमित हुने तहबाट देउवालाई नै पार्टी सभापति बनाउन मतदान गर्ने महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन नामको वैधानिक विद्रोहबाट बचाएका हुन्। भलै, सो पार्टीले यतिवेला नियमित अर्थात् १५ औं महाधिवेशनसमेत सम्पन्न गरिसकेको छ। नयाँ पुस्ता कांग्रेसलाई माया गर्न तयार थियो र छ पनि। तर, देउवा नेतृत्वमै रहेको कांग्रेसलाई भने होइन। किनकि, कांग्रेसकै तत्कालीन महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले कांग्रेसलाई परिवर्तनको बाटोमा लैजान पटकपटक देउवालाई सम्झाउने प्रयत्न नगरेका होइनन्। गगन-विश्व नै थाके तर, देउवा बदलिएनन्।

हिजो देउवा सिंगै कांग्रेसको सभापति बन्दा पनि कांग्रेस सभापतिको हैसियतले पार्टीमा नयाँ उत्साह भर्न सकेनन्। जसका कारण राष्ट्रिय राजनीतिमा कांग्रेसको अवस्था सधैं रक्षात्मक मात्र रहन पुग्यो। देउवा नेतृत्वको कांग्रेसको अवस्था त्यतिमा मात्र रोकिएन, हुँदाहुँदा कार्यकर्ता तहमा छाएको निराशाले कांग्रेसप्रति नागरिक तहमै वितृष्णा उत्पन्न हुन पुग्यो। सँगै कांग्रेसभित्र पुस्तान्तरणको बहस पछिल्लो एक दशकदेखि हुँदै आए पनि देउवाले त्यसलाई नजरअन्दाज गर्दै आए। यसका अलावा देउवा र उनीपक्षीय एकजना नेता दीपक खड्काको घरमा जेन-जी विद्रोहको समयमा जलेको भनिएको डलरसहित करोडौं रुपैयाँका विषयले कार्यकर्ताको मनोबल उठ्नै नसक्ने गरी गिर्न पुग्यो। जुन मनोबल उठाउनैका निम्ति पनि विशेष महाधिवेशन, अर्थात् कांग्रेसबाट देउवाको बहिर्गमन अवश्यम्भावी थियो।

देउवापक्ष यतिवेला पार्टीको समानान्तर महाधिवेशनको चर्चा चलाउँदै छ। समानान्तर महाधिवेशनबारे 'बाँदर राजा'को कथाको सन्दर्भ यहाँ सान्दर्भिक देखिन्छ। कथाका अनुसार, अल्छी सिंह जंगलको राजा भएको मन नपराएको बाघले जंगलका सम्पूर्ण जनावर जम्मा गरी राजा परिवर्तन गर्ने चालबाजी चल्यो। जसका निम्ति एकैपटक राजाको पद आफूमा ल्याउन सम्भव नदेखेपछि बाघले जंगलका अन्य जनावरलाई राजा हुन प्रस्ताव राख्यो। सिंह र बाघका सामु राजा हुने सपना देख्दा मारिने डरले कुनै जनावर राजा हुन तयार भएनन्। तर, बाँदर भने आफू मारिने खतरा हुँदा रुख चढ्न सक्ने सपनासहित राजा हुन तयार भयो। गड् गडाहट तालीका साथ बाँदर राजा घोषित भयो। एकदिन हरिणको एउटा बच्चालाई राजा पद खोसिएको सिंहले नियन्त्रणमा लियो। हरिणलगायत सम्पूर्ण जनावर उक्त बच्चा नियन्त्रणमुक्तिका निम्ति जंगलका राजा बाँदरकहाँ पुगे। बाँदर तत्काल सो सिंह भएको ठाउँ पुगी हरिणको मुक्तिका निम्ति रुखका हाँगाहरू चहार्न थाल्यो। पटकपटक उसले ओल्लो हाँगो र पल्लो हाँगो गर्दै समय व्यतीत गऱ्यो। त्यत्तिकैमा हरिणले झर्किँदै बाँदरमाथि आफ्नो बच्चाको मुक्तिको प्रश्न गर्दा बाँदरले जवाफ दियो, 'देख्नुभएन, म निरन्तर प्रयत्न गरिरहेको छु।' आज देउवा समूहको कांग्रेसको महाधिवेशनको चर्चा पनि ठ् याक्कै त्यही बाँदरको कथाजस्तै छ।

महाधिवेशनको कथित समानान्तर गतिविधि गरिरहेका देउवा यतिवेला 'पार्टीका लागि जस्तोसुकै त्याग गर्न पनि तयार छु' भन्दै छन्। अब आजकै मितिमा देउवाले त्याग गर्ने विषय नै बाँकी छैन। उनले केवल युवापुस्ताका नेता गगन, विश्व र प्रदीपहरूलाई स्वीकार गर्न गाह्रो भयो भन्ने मनोविज्ञान मात्र त्याग गरे पुग्छ। सायद देउवालाई त्यो मनोविज्ञान त्याग गर्न दिन भने शशांक कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि र कृष्णप्रसाद सिटौलाको त कुरै छाडौं, कान्छाराम तामाङसमेत तयार छैनन्। किनकि हिजो कान्छारामका नेता देउवा थिए। आज परिस्थिति बदलिएको छ। आज देउवा नै कान्छारामहरूको खटनपटनमा परिचालित छन्।

देउवामाथि यतिवेला पनि प्रश्नैप्रश्न त छँदै छन्। बौद्धिक तह यतिवेला देउवालाई सोधिरहेछ, 'नियतवश फस्नुभयो कि नियतिले फसायो ?' किनकि हिजो पनि संसद् विघटन गरी राजालाई 'कू' गर्न बाटो खोलेको आरोपबाट देउवा मुक्त थिएनन्। अर्कोतिर छिमेकी दुई मुलुक भारत र चीनलगायतसँगको सम्बन्ध पनि देउवाले राष्ट्रिय हितमा भन्दा सत्ताप्राप्ति र सत्ता जोगाउनमै प्रयोग गरे। आलोचना सुन्नै नसक्ने र आर्थिक दृष्टिकोणमा समेत देउवा शून्य रहे। हुँदाहुँदा पाँचपटक प्रधानमन्त्री बनेर सत्ता त चलाए, तर सत्तालाई देश बनाउने माध्यम हो भन्ने कुरा बुझ्नै सकेनन्। समग्रमा देउवा हिजो पनि प्रयोग भए र आज पनि सिंगो कांग्रेस पार्टीलाई नै कमजोर बनाउन देउवा नियतवश प्रयोग भई नै रहेका छन्।



देउवाको सन्दर्भमा 'नियत र नियति'बिच निकै लुकामारी देखिन्छ। उनी आफैं नियतवश गगन-विश्वलाई पार्टीको महत्त्वपूर्ण जिम्मेवारी दिन तयार थिएनन्। यहीवेला नियतिले देउवाको साथमा 'नवयुवराज'हरू प्रकाशमान, शशांक, विमलेन्द्रलाई पुऱ्याइदियो। आफूलाई बैंसी जान मन लागेको, 'बा'ले घचेडिदिए भनेझैं गगन-विश्वसहित कांग्रेसलाई कमजोर बनाउने देउवाको चाहनामा कान्छाराम र 'नवयुवराज'हरूको दागी समूह टुप्लुक्क देउवाकै निवास चुनदेवी पुग्न तयार भयो। र, भन्यो, 'गगनलाई सभापति मान्ने कुरै छैन।' जेन-जी विद्रोहपश्चात् देशको राजनीतिक धरातल बदलिएको 'नवयुवराज'हरूले भेऊ नै पाएनन्। एकातिर पक्राउ पुर्जी र अर्कातिर रेड कार्पेटको स्थितिको मूल्यांकन नै नगरी कांग्रेस कमजोर बनाउन केही स्वार्थी समूहले देउवालाई यतिवेला देश दौडाहामा लगि नै रहेको छ।

> कसैबाट फसाइएका हुन् भने कांग्रेसलाई कमजोर बनाउन प्रयोग भएको चुनदेवी अड्डाबाट निस्केर देउवाले सम्मानजनक बिदाइको बाटो रोज्नेछन्। अन्यथा, नियतवश फसेका हुन् भने अरूलाई फसाउने खेलमा लागेका मान्छेलाई एक दिन नियतिले आफैंलाई फसाउने निश्चित छ।

हुन त नियतवश आफैं पनि फस्ने व्यक्ति नै हुन्, देउवा। किनकि, सत्ताका लागि कहिले वामपन्थीसँग आलोपालोको सम्झौता त कहिले सांसद खरिदबिक्रीसमेत गर्नु उनका लागि सामान्य विषय हो। रमाइलो त के छ भने, हिजो पार्टी र राज्यसत्ताका लागि फरक धारका रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह र आफैंबाट भड्किएका विमलेन्द्र निधिलगायतलाई आफ्नो पक्षमा जम्मा पार्न सफल देउवा आज उनको गुटमा 'उनीसँग कोको छन् ?' भन्ने प्रश्नको सामना गर्दै छन्। झनै रमाइलो तथ्य र नियत वा नियतिकै खेल भन्नुपर्छ, फेक महाधिवेशनको कार्यक्रम अगाडि बढाइरहेको देउवा समूहका नेता, जो दुईपटक कांग्रेसको सभापति र पाँचपटक मुलुकको प्रधानमन्त्री भए, उनै ८० नाघेका देउवा पदका लागि डडेलधुराको गन्यापधुराबाट क्षेत्रीय प्रतिनिधि चयन भएको खबर बाहिर आयो। यो नै देउवालाई नियत वा नियतिले पतनको बाटोमा लगेको प्रमाण हो।

गुटबन्दी, सम्झौतापरस्त, आलोपालोका पर्याय र कुर्सीको राजनीतिका प्रतीक मानिने देउवा अब केवल व्यक्ति मात्र नभई विकृत राजनीतिका पर्यायसमेत बनेका छन्। तथापि, जीवनको उत्तरार्द्धमा समेत कांग्रेससँगै लोकतन्त्र पनि कमजोर बनाउने खेलमा नियतिले उनलाई डोहोऱ्याइरहेकै छ। हुन त आजको घटनाक्रम भनेको देउवा वा उनका समकालीन राजनीतिक पात्रहरू केपी शर्मा ओली, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, डा. बाबुराम भट्टराईलगायतको पतन मात्र नभई उनीहरूको युगको अन्त्यको संकेत पनि हो। तर, जाँदाजाँदै भने आफू चढेकै जहाज चढ्न उद्यत कांग्रेस, एमाले, नेकपालगायतका 'नवयुवराज'हरूलाई समेत देउवाहरूले सँगै लिएर जाने निश्चितझैं देखिन्छ।

हुन त, नजाउन् पनि किन, 'नवयुवराज'हरूको योग्यता पनि हिजो उनैले अरूलाई कानुन, प्रहरीको घेरा र अख्तियार लगाएर घेरामा पारेरै राजनीति गर्ने प्रणाली विकसित गरेका थिए। आज उनीहरूलाई त्यही प्रणालीले मज्जाले घेर्दै छ। किनकि, सर्वोच्च अदालतले गत जेठमा रेडकर्नर नोटिस जारी गर्दा प्रक्रिया नमिलेको मात्रै बताएको हो। जीवनको उत्तरार्द्धमा रहेका देउवालाई कानुनी झमेलाबाटै उन्मुक्ति दिनु भनेको पक्कै होइन। तसर्थ, नियत भनौं वा नियतिले राजनीतिबाटै बिदा लिन लागेको समय देउवालाई इतिहासले कठघरामा नउभ्याउला भन्न सकिने आधार छैन।

नियत वा नियति जेले फस्ने/फसाउने काम गरे पनि एउटा कुरा निश्चित हो, निश्चित व्यक्तिको पूर्वाग्रही लहडमा लागेर देउवा फसेकै हुन्। पार्टीका वरिष्ठ नेताद्वय पूर्णबहादुर खड्का र डा. शेखर कोइरालाले कांग्रेस मुख्यालय, सानेपामा वरिष्ठ नेताको हैसियतमा जाने तयारी गरिसके। तर, देउवाका वैशाखीका रूपमा रहेका दागी तथा विभिन्न अड्डा, अदालत तथा संवैधानिक निकायमा केस रहेकाहरूबाट देउवा समूहका लागि राजनीतिको लामो यात्रा कत्तिको सहज होला ? यो विषय देउवा समूहमा रहेर राजनीति गर्छु भन्नेहरूले समेत सोच्नुपर्ने विषय हो।

समग्रमा देउवा नियतवश फसेका हुन् भने भन्नु केही छैन। यदि फसाइएका हुन् भने कांग्रेसलाई कमजोर बनाउन प्रयोग भएको चुनदेवी अड्डाबाट बिच्किएर उनले सम्मानजनक बिदाइको बाटो रोज्नेछन्। अन्यथा, नियतवश फसेका हुन् भने अरूलाई फसाउने खेलमा लागेका मान्छेलाई एकदिन नियतिले आफैंलाई फसाउने छ। जतिवेला देउवा स्वयं फस्नेछन्, त्यतिवेला उनका लागि एकथान वक्तव्य पनि एमाले अध्यक्ष ओली (उनको पार्टी ओलीसँगै रहिरहे) बाट मात्रै जारी हुनेछ। देउवा आज त्यही मोडमा छन्। उनले बुझ्नैपर्ने विषय भनेको राजनीतिमा नियतले बनाएको बाटो सधैं नियतकै नियन्त्रणमा रहन्छ भन्ने छैन। एकदिन त्यो नियतले बनाएको बाटोमा आफैंलाई लगेर छाड्छ, जसरी आज देउवालाई नियतले त्यही बाटोमा लगेर छाड्यो। यो नै हो, देउवाहरूको युगको पतनको संकेत।

(आचार्य नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि हुन्)

---

३ प्रश्न

नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी **ज्ञानेन्द्र भुल**लाई



हामीलाई थप हवाई रुट किन आवश्यक छ ?

आगमन र प्रस्थानका लागि 'टु वे' हवाई रुट जति बढी भयो त्यति नै राम्रो हुन्छ। हामी चीन र भारतबिच घेरिएका हुनाले हामीकहाँ जति जहाज आउँछन् र जति यहाँबाट जान्छन्, ती सबै चीन र भारतबाट मात्र आउँछन् र जान्छन्। चीनबाट आउने जहाज संखुवासभामाथिको आकाशबाट नेपाल प्रवेश गर्छन् र सिमराको आकाश हुँदै काठमाडौं आउँछन्। भारतबाट झापा, जनकपुर, विराटनगर या अन्यत्र जता हुँदै आए पनि सिमराकै आकाश हुँदै काठमाडौं आउनुपर्छ। पूर्व, पश्चिम जताबाट आए पनि सिमराकै आकाशबाट मात्र आउनुपर्छ। विराटनगर, जनकपुर, भैरहवा, नेपालगन्ज, महेन्द्रनगर आदि रुटबाट बाहिर जान मात्र मिल्छ, बाहिरबाट नेपाल छिर्न मिल्दैन। यी रुटबाट जान र आउन टु वे रुट भइदिएको भए निकै सहज हुने थियो। हामीले त चीनबाट नेपालको आकाश हुँदै भारतसम्म र भारतबाट पनि नेपालकै आकाश हुँदै चीनसम्म उडान गर्न मिल्नेगरी 'ट्रान्स हिमालय रुटको समेत प्रस्ताव गरेका छौं।

थप हवाई रुट पाउन किन यति समस्या भएको होला ?

भारतको आन्तरिक कारणले गर्दा यो सम्भव नभएको हो। हामीले प्रस्ताव गरेका कतिपय रुटबाट उनीहरूको एयरबेस नजिक पर्छ भनेर त्यहाँको सेनाले स्वीकृति दिन नमानेको भन्ने सुनिएको छ। नेपालबाट प्रस्ताव गर्दा हुन्छ, हामी दिन्छौं भनिए पनि अहिलेसम्म रुट अनुमति भने पाइएको छ।

भारतबाट रुट अनुमति नपाएमा हाम्रो विकल्प के हुन सक्छ ?

विकल्प त केही पनि हुँदैन। तर, रुट अनुमति पाउँदैमा पोखरा भैरहवा विमानस्थल चल्छन् र त्यहाँ अन्तर्राष्ट्रिय उडान भइहाल्छन् भन्ने होइन। ती विमानस्थल चलाउन सबैभन्दा पहिले हामीले काठमाडौं विमानस्थलमा भएका सबै निकायका शाखा कार्यालयहरू पोखरा र भैरहवामा पनि सञ्चालन गर्नुपर्छ। साथै, त्यहाँबाट उडान गर्ने विमानलाई राज्यले दिन सक्ने सहुलियत पनि दिनुपर्छ। साथै, भाडादरमा पनि केही सहुलियत हुनुपर्छ। त्यसपछि मात्र ती विमानस्थल चल्न सक्छन्।

प्रेरक प्रसंग

बालक र भिखारी

धेरै वर्षअगाडिको कुरा हो। गोधूलि साँझको समय थियो। नदी किनारमा मन्दमन्द हावा चलिरहेको थियो। एउटा बालक नदी किनारमा बसेर आकाशतिर हेरेर रमाइरहेका थिए। उनको पछाडिबाट एक नारीको स्वर सुनियो, 'भाइ, साँझ परिसक्यो घर हिँड। अब अबेर गर्न हुन्न। छिटै रात पर्छ।' चिरपरिचित आवाज सुनेपछि उनले पछाडि फर्केर हेरे। त्यहाँ उनकी दिदी उभिएकी थिइन्। उनले भनिन्, 'आज चिसो धेरै बढेको छ। आमाले तिम्रा लागि न्यानो ओढ्ने पठाइदिनुभएको छ, लेऊ यो ओढ।'



बालकले त्यो ओढ्ने लिएर ओढे अनि दिदीसँगै घरतिर लागे। बाटामा उनले एउटा भिखारीलाई देखे। भिखारीको लुगा ठाउँठाउँमा च्यातिएको थियो। उनी चिसोले कठ्याङ्ग्रिँदै बालकका अगाडि आइपुगे। ती साना बालकले भिखारीको शरीर जाडोले काम्रिहेको देखे। ती दीनहीन भिखारीको अवस्था देख्दा ती बालकको मनमा दया भरिएर आयो। ती बालकले आफ्नो न्यानो ओढ्ने भिखारीलाई दिए र भने, 'बाबा, भिख माग्नु राम्रो काम होइन। भगवान्ले तपाईंलाई हातखुट्टा दिएका छन्, मिहिनेत गर्नुहोस् र मिहिनेतको कमाइ खाएर बाँच्नुहोस्। किनकि, मिहिनेत गर्ने मानिसले कहिल्यै अरूको अगाडि हात फैलाउनु पनि पर्दैन र यताउता भड्किनु पनि पर्दैन।'

बालकका कुरा सुनेर ती भिखारीले बालकलाई हेरिरहे। भिखारीले त्यस दिनदेखि भिख माग्न छाडिदिए र मिहिनेत मजदुरी गर्न थाले। त्यसरी भिखारीको हृदय परिवर्तन गर्न सफल बालकको नाम थियो नानक। तिनै बालक पछि गएर महान् सन्त गुरु नानकका नामले प्रख्यात भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सुदूरपश्चिमलाई बधाई

नेपाल प्रिमियर लिग (एनपिएल)को तेस्रो संस्करणमा सुदूरपश्चिम रोयल्सले प्राप्त गरेको ऐतिहासिक जितका लागि हार्दिक बधाई छ। यसअघिका दुवै सिजनमा फाइनल पुगेर पनि पराजित भएको रोयल्सले यसपटक तेस्रो प्रयासमा जुन जित हात पारेको छ, त्यसले सम्पूर्ण सुदूरपश्चिमेली जनतालाई गौरवको अनुभूति दिलाएको छ। आगामी दिनमा थप उच्च सफलता प्राप्त हुँदै जाओस्। सुदूरपश्चिमबाट राष्ट्रिय स्तरका थप खेलाडी जन्मिउन् र तिनले सुदूरपश्चिमका लागि मात्र नभई सिंगो देशका लागि खेलून् र राष्ट्रको नाम चम्काउन सफल होऊन्। सुदूरपश्चिमको सान रोयल्सको जितका लागि कप्तान दीपेन्द्रसिंह ऐरी र टिमका सम्पूर्ण स्वदेशी तथा विदेशी खेलाडी सबैलाई फेरि पनि बधाई र आगामी चौथो संस्करणका लागि आजैदेखि शुभकामना छ।

● **सुमित्रा धामी**, अत्तरिया, कैलाली

राम्रो कामको सुरुवात

भोटेकोशी बाढीबाट प्रभावित साढे नौ हजार विद्यार्थी पठनपाठनमा फर्किएको समाचार सुन्दा औधी खुसी लाग्यो। बस्ने आवास र पढ्ने विद्यालय भवन दुवै गुमाएका विद्यार्थीले झन्डै तीन महिनासम्म विद्यालयबाहिरै रहनुपरे पनि अब भने त्यो समस्या टरेको देखिँदै छ। अहिले अस्थायी रूपमा पठनपाठनमा जोडिए पनि बालबालिकाहरूको स्थायी बसोबास र पठनपाठनको व्यवस्था मिलाउन ढिलो गर्नुहुँदैन। राज्यले यसतर्फ अविलम्ब ध्यान पुऱ्याओस्।

● **अविरल कायस्थ**, माछापोखरी, काठमाडौं

असली डरपोक को हो ?

पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रपतिले डरपोक भएर असंवैधानिक रूपमा संसद् विघटन गरेको आरोप लगाएको समाचार पढियो। तर, यहाँनिर केपी ओलीले आफू स्वयं जेनजी आन्दोलनको समयमा देशको कार्यकारी प्रमुख रहेको र आफू डराएर थरथर काँप्दै हेलिकोप्टर चढेर भागेको यथार्थ भने भुसुक्क बिर्सेछन्। डराएर भागेका ओली डरपोक हुन् कि सेनाको घेरामा बसेर पनि संविधानलाई ट्र्याकमा ल्याउन सफल राष्ट्रपति ?

● **बलराम गिरी**, बबरमहल, काठमाडौं

भारत भ्रमणमा निम्न विषय उठाऔं

प्रधानमन्त्री बालेन्द्र शाहले जारी भारत भ्रमणमा निम्न पाँच विषय उठाउनैपर्ने देखिन्छ :

१. कालापानी, लिम्पियाधुरा र सुस्ताको अतिक्रमित जमिन तथा महाकाली नदीको उद्गमबिन्दुबारे सधैंको किचलो अन्त्य हुनेगरी संवाद गर्नुपर्छ।

२. सधैं हामी सन् १९५० को सन्धि ठिक भएन, समान स्तरको भएन भनेर कराउँछौं। कुनैवेला दुवै देशका प्रधानमन्त्रीस्तरीय बैठकबाट प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजे) गठन गरी सुझाव माग गरिएको थियो। उनीहरूले आफ्नो प्रतिवेदन सर्वसम्मतिले तयार पनि गरिसके। अब सो समूहको सुझाव दुवै देशका प्रधानमन्त्रीले स्वीकार गरी कार्यान्वयनको बाटोमा जानुपर्छ।

३. भूपरिवेष्टित राष्ट्रको अधिकार समुद्रसँग जोडिएका राष्ट्रको भन्दा केही विशेष र फरक खालको हुन्छ। नेपालले भारत र चीनबाट समुद्रसम्म आवतजावत गर्न तथा नेपालका विमानस्थलसम्म हवाईजहाज उडान र अवतरण गर्न पारवहन सुविधा पाउनुपर्छ। यसबारे भारतसित प्रस्ट कुरा उठाउनुपर्छ।

४. नेपालमा उत्पादित बिजुली किन्न र बंगलादेशसम्म निर्यात गर्ने प्रसारण लाइन बनाउन भारतले आनाकानी गर्छ। यसबारे भारतसित प्रस्ट संवाद हुनुपर्छ।

५. नेपालको कृषि उत्पादनको भारत ठुलो बजार हो। तर त्यो बजारमा पहुँच दिन भारतले हरेक वर्ष विभिन्न बहानाबाजी गरेर दुःख दिने गरेको छ। यस्ता कुराले नेपालीमा भारतविरोधी भावना बढाउने काम गर्छ। मित्रराष्ट्रले यस्तो दुःख झमेला दिँदा दुई देशको सम्बन्धमा सुमधुरता आउन नसकेको कुरा प्रधानमन्त्री शाहले उठाउन सक्नुपर्छ।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

विश्वव्यापी ठुला प्राविधिक समस्याले सिकाएको पाठ

जुनसुकै कारणले प्राविधिक कटौती भए पनि अत्यावश्यक सेवा प्रदान गर्ने प्रणालीको सञ्चालन सुनिश्चित गर्नु सरकारहरूको कर्तव्य हो



देश/विदेश

● महमुद एलखोदर

(लेखक 'सिक्यु-युनिभर्सिटी अस्ट्रेलिया'का 'सूचना र सञ्चार प्रविधि' विषयका वरिष्ठ लेक्चरर हुन्)

गत सता विश्वका ठुला प्राविधिक कम्पनीले दिने सेवामा पटकपटक कटौती भयो। छोटो समयमा देखिएका यी प्राविधिक समस्या साँच्चै संयोग मात्र हुन् या अन्य केही भनेर धेरैले प्रश्न गरिरहेका छन्। सुरुमा विश्वभर माइक्रोसफ्टका प्रयोगकर्ताले अवरोध सामना गरेपछि इमेल र व्यापारिक सञ्चार नै अवरुद्ध हुन पुग्यो। त्यसपछि अमेरिकाभर विमान उडानमा समस्या देखियो। हजारौं उडान प्रभावित भए। लगत्तै 'जेपी मोर्गन चेज'को सेवा प्रभावित हुँदा कैयौं अमेरिकी बैंकका ग्राहकले आफ्नै पैसा प्रयोग गर्न सकेनन्। अनि आयो एप्पलको सेवामा अवरोध। अर्को घटनामा, साइबर अपराधीहरूले वैध मानिने 'थर्ड-पार्टी (तेस्रो-पक्ष)' सफ्टवेयर 'अप्टिमाइज्ली'मार्फत बिबिसी, सिएनएन र जुमसहित कैयौं लोकप्रिय वेबसाइटहरूमा खराब 'कोड' हालिदिए।

जेनेरेटिभ 'आर्टिफिसियल इन्टेलिजेन्स (एआई)'ले परिष्कृत ह्याकिङलाई सहज बनाइदिएको पृष्ठभूमिमा यी फरकफरक घटना कतै एआईकै सहयोगमा घटाइएका साइबर अपराध त होइनन् भन्ने बहस पनि भइरहेको छ। यद्यपि, हालसम्मका जानकारीका आधारमा जटिल तस्बिर देखिन्छ।

हालैका प्राविधिक अवरोधको अन्तरसम्बन्ध : छोटो समयको अन्तरालमा भए पनि यी अवरोध एकआपसमा सम्बन्धित थिए भन्ने कुनै प्रमाण भेटिएको छैन। माइक्रोसफ्टले गरेको प्रारम्भिक अनुसन्धानले उसमा आएको समस्याको कारण महिनौंदेखि लुकेको सफ्टवेयरको खराबी रहेको औंल्याएको छ। अमेरिकी उड्डयन अधिकारीले उडान समस्याका पछाडि प्रणालीलाई 'अपग्रेड (अद्यावधिक)' गर्न नयाँ जोडिएका नेटवर्क उपकरण रहेको बताएका छन्। उता, एप्पलले आफ्नो प्रणालीमा आएको अवरोध आन्तरिक 'अपडेट'को प्रतिफल भएको बताएको छ। बुधबार, अमेरिकाको 'नेसनल सेक्युरिटी एजेन्सी (एनएसए)'ले यसको गुप्तचर आन्तरिक प्रणालीमा समस्या देखिएको बतायो। र, समस्या पूर्वनिर्धारित मर्मतसम्भारको समयमा भएको भनिएको छ।

उल्लिखित घटनाहरूमा एक मात्र साइबर आक्रमण 'अप्टिमाइज्ली' सफ्टवेयरमार्फत भएको थियो। विश्वका प्रमुख वेबसाइटहरूले प्रयोग गर्ने यो अनलाइन मार्केटिङ प्लेटफर्मलाई अहिले ग्राहक भुक्तानी चोर्न र लगभग सात हजार डलरबराबरको क्रिप्टोकरेन्सी भुक्तानीलाई अन्यत्र मोड्न प्रयोग गरियो। यस घटनामा साइबर अपराधीले सधैं पूरै प्रणालीलाई ठप्प पार्न चाहँदा रहेनछन् भन्ने देखायो। आक्रमणकारीले प्रणालीलाई यथावत् राखी करिब १७० भन्दा बढी वेबसाइटबाट एउटा विश्वसनीय सफ्टवेयर प्रयोग गरेर चुपचाप चोरी गरेका थिए।

एकैचोटि यति धेरै प्राविधिक विफलता किन : अहिलेको समस्या बुझ्न चीन र अमेरिकाका केही सहरमा प्रयोग हुन थालेको स्वचालित 'सेल्फ ड्राइभिङ' कारलाई हेर्नौं। परीक्षणमा अत्यन्त राम्रोसँग काम गर्ने एउटा 'सेल्फ-ड्राइभिङ' कारले भिडभाडयुक्त सहरमा अप्रत्याशित ट्राफिक, पैदलयात्री र अन्य अवरोधको सामना गर्छ। अर्थात् वास्तविक सडकको यात्रा कुनै पनि परीक्षण वातावरणभन्दा बढी जटिल हुन्छन्। र, परीक्षणका क्रममा नदेखिएका एउटा समस्याले एकैपटक सम्पूर्ण सवारीसाधनलाई प्रभावित बनाउन सक्छ। उड्डयन नेटवर्कदेखि बैंकिङसम्म र माइक्रोसफ्टजस्ता ठुला आपूर्तिकर्ताजस्ता आधुनिक डिजिटल प्रणालीले यस्तै खालको चुनौतीको सामना गर्छन्।

नयाँनयाँ सुरक्षा चुनौती सम्बोधन गर्नेदेखि र 'बग' भनिने डिजिटल विकार हटाउन मात्र नभई नयाँ सुविधा थप्नका लागि प्रविधि प्रणालीलाई 'अपडेट' उपयुक्त विकल्प होइन। कागजी रेकर्डहरू किराना पसलका जस्ता ससाना कारोबारमा सहयोगी हुनसक्छ। तर, विशाल व्यवसायका लागि बब 'डाटा'मा आधारित प्रणाली अत्यावश्यक बनिसकेको छ।

अत्यावश्यक सेवाहरू जुनसुकै अवस्थामा चलाइराख्न सरकारको कर्तव्य हुन आउँछ। यसका लागि केही चुनिएका प्राविधिक क्षमतालाई देशभित्रै कायम राख्न सक्नुपर्छ। यसले गर्दा संवेदनशील सेवा विश्वव्यापी प्रणाली अवरुद्ध हुँदा पनि सञ्चालन जारी राख्न सम्भव हुनेछ। यसको अर्थ सरकारले विश्वव्यापी सेवाप्रदायकसँग समन्वय गरेर अत्यावश्यक सेवा सञ्चालन प्रविधिलाई देशभित्र पनि स्थापना गर्न समन्वय गर्नुपर्छ। नियमित रूपमा परीक्षण गरिने यस्ता स्थानीय प्रणालीले अस्पतालसगायत विभिन्न आपत्कालीन सेवादेखि संवेदनशील राष्ट्रिय सुरक्षाजस्ता मुख्य कार्य सञ्चालनमा राख्न सक्छन्। पछिल्लो समय देखिएजस्तो माइक्रोसफ्टजस्ता विश्वव्यापी प्लेटफर्म अवरुद्ध हुँदा पनि स्थानीय सर्भरले सेवालाई रोकिन दिँदैन।



दुई कदम थप सहयोगी हुनसक्छ। पहिलो, विश्वव्यापी प्रविधि सेवाप्रदायकहरूले उनीहरूको आवश्यक सेवामा परिवर्तन कार्यान्वयन गरिँदा देशका सरकारहरूलाई पनि समावेश गर्नुपर्छ। अहिलेजस्तो परिवर्तन हुन लागेको जानकारी गराएर मात्र पुग्दैन। नियम विश्वव्यापी हुनुपर्छ। कुनै पनि एकल परिवर्तन एकैचोटि राष्ट्रको सबै आवश्यक सेवामा पुग्नु हुँदैन, तत्काल सुरक्षाले अपवाद समाधान गर्छ। दोस्रो, सरकारी निकायले गर्ने स्वतन्त्र समीक्षा साइबर आक्रमणहरूमा मात्र सीमित गर्नु हुँदैन। गरिरहनुपर्छ। ठुलो प्रविधि प्रणाली अपडेट गर्नुअघि इन्जिनियरहरूले 'अफलाइन' परीक्षण गर्छन्। परीक्षणका क्रममा सफल 'अपडेट' पछि लाखौं अनुरोध तथा हजारौं अन्तरसम्बन्धित सर्भरमा भने असफल हुनसक्छ। अहिले भएको त्यही हो।

आगामी दिनका लागि पाठ : जुनसुकै कारणले प्रविधिक कटौती भए पनि अत्यावश्यक सेवा प्रदान गर्ने प्रणालीको सञ्चालनलाई यथावत् राख्ने क्षमतालाई 'सञ्चालन लचिलोपन' भनिन्छ। 'सञ्चालन लचिलोपन'का लागि फेरि कलम र कागजमा फर्कनु

द कन्भर्सेसनबाट

एआई चिटिङ प्रकरणमा कोरियाली शिक्षामन्त्रीको राजीनामा

सोल / परीक्षामा भएको अनियमितताको विषयलाई लिएर दक्षिण कोरियाका शिक्षामन्त्री चोई क्यो-जिनले राजीनामा दिएका छन् । परीक्षामा कृत्रिम बुद्धिमत्ता (एआई)लगायतका प्रविधिको सहयोगमा चिट चोरीका घटना बढेको विवरण सार्वजनिक भइरहेका बेला शिक्षामन्त्री क्यो-जिनले आइतबार राजीनामा दिएका हुन् । देशमा विभिन्न तहका परीक्षामा भएका अनियमितताले सिंगो राष्ट्रलाई स्तब्ध बनाएको छ । गत साता मात्र मन्त्री क्यो-जिनले 'सुनुङ' भनिने वार्षिक कलेज प्रवेश परीक्षामा एआई प्रविधिको प्रयोगमार्फत गरिने नक्कल रोक्न आफूले कडा कदम चाल्ने बताएका थिए । 'सुनुङ' परीक्षा सम्पन्न हुन नौ घण्टासम्म लाग्न सक्छ र लाखौं दक्षिण कोरियालीहरूको भविष्य तथा करियरको दिशा निर्धारण गर्न यसले महत्त्वपूर्ण भूमिका खेल्छ ।

एक साताअघि राष्ट्रिय कर लेखासम्बन्धी परीक्षामा सर्वाधिक अंक ल्याउने एक व्यक्तिले सानो क्यामेरा, मोबाइल फोन र एआई उपकरणहरूको प्रयोग गरेको स्वीकार गरेका थिए । यस घटनापछि अधिकारीहरूले लुकाइएका उपकरणहरू पत्ता लगाउन तत्काल



कदम चालेका थिए । दक्षिण कोरियाको योन्हाप समाचार एजेन्सीका अनुसार आइतबार मन्त्री चोईले भने, 'जिम्मेवार मन्त्रीका हैसियतले हामीले पूर्वतयारी गर्न सकेनौं । आलोचनाबाट म पन्छिन सक्दिनँ ।'

उनले थपे, 'परीक्षामा भएका गम्भीर लापरबाहीको म गहिरो जिम्मेवारीबोध गरिरहेको छु र राजीनामा दिएको छु ।' दक्षिण कोरियाली राष्ट्रपति ली जे-म्युङले पछि चोईको राजीनामा स्वीकृत गरे । राष्ट्रपतिले हालको परीक्षा प्रणालीमा आमूल परिवर्तनको वकालत गर्दै आएका छन् ।

शिक्षा मन्त्रालयले यसअघि जानकारी दिएअनुसार यस वर्षको सुनुङ परीक्षामा करिब पाँच लाख विद्यार्थी सहभागी थिए । तीमध्ये १११ जना परीक्षार्थी अनधिकृत 'स्मार्ट' फोनसहित फेला परेका थिए । अत्यधिक प्रतिस्पर्धात्मक मानिने यस परीक्षामा शैक्षिक बेइमानी (नक्कल) हुने हो कि भन्ने चिन्ता पछिल्ला केही सातायता बढ्दै गएको थियो । विशेषगरी परीक्षार्थीले एआईको मद्दतले नक्कल गरेका विवरणहरू बाहिरिएपछि यो चिन्ता अझ चुलिएको थियो । गत साताको अन्त्यमा, अप्रिल महिनामा लिइएको कर लेखासम्बन्धी परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने हान वन-सियोकले आफूले नक्कल गरेको स्वीकार गरेपछि यसबारेको चिन्ता र आक्रोश बढेको थियो ।

अस्वाभाविक रूपमा प्राप्त गरेको प्राप्तांक (१६० प्रश्नहरूमध्ये एउटा मात्र गलत थियो) लाई लिएर विभिन्न अड्कलबाजी चलिरहेका वेला उनले आफ्नो गल्ती स्वीकार गरे । ३४ वर्षीय ती व्यक्तिले एक भिडियो सन्देशमा भने, 'मैले परीक्षाका प्रश्नहरूको तस्बिर लिन 'माइक्रो-क्यामेरा' को प्रयोग गरेँ र एआईमार्फत सहयोग लिएँ । त्यसपछि परीक्षामा धाँधली गर्नका लागि मैले आफ्नो स्मार्टफोनमा उत्तरहरू जाँच गरेँ ।'

इतिहासमा आज

नोभेम्बर २३



सन् २००९ : फिलिपिन्सको इतिहासमै डरलाग्दो नरसंहार भयो । २३ नोभेम्बरमा दक्षिणी फिलिपिन्समा मतदाता नामावलीमा नाम दर्ता गर्न गएका ३४ पत्रकारसहित ५७ जनालाई बन्दुकधारीको एउटा समूहले गोली हानेर हत्या गऱ्यो ।

- **सन् १८९०** : नेदरल्यान्डका राजा विलियम तृतीयको मृत्युपछि उनका कुनै छोरा नहुँदा कानुन संशोधन गरी छोरीले पनि सत्ता सम्हाल्ने व्यवस्था लागू गरियो । परिवर्तित स्थितिमा राजकुमारी विल्हेलमिना राजगद्दीमा बसिन् ।
- **सन् १९०९** : हवाईजहाजका आविष्कारक राइट दाजुभाइले हवाईजहाज बनाउने करोडौं डलरको कर्पोरेसन गठन गरे ।
- **सन् १९१०** : स्विडेनका जोहन अल्फ्रेड एन्डरलाई मृत्युदण्ड दिइएको थियो । एकजनाको हत्या अभियोग लागेका एन्डर मृत्युदण्ड पाउने स्विडेनका अन्तिम नागरिक हुन् । सन् १९२१ मा स्विडेनले मृत्युदण्डको व्यवस्था अन्त्य गऱ्यो ।
- **सन् १९७१** : संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा ताइवानले गर्दै आएको चीनको प्रतिनिधित्वलाई बेइजिङस्थित चिनियाँ कम्युनिस्ट पार्टीले प्रतिनिधित्व गर्न थाल्यो ।
- **सन् २०००** : लाइबेरियाले पहिलो महिला राष्ट्रपति पायो । एलेन जोनसन सिरलिफ २३ नोभेम्बरमा लाइबेरियाको राष्ट्रपति बनिन् । उनलाई सन् २०११ मा नोबेल शान्ति पुरस्कार दिइयो ।

लक्ष्मी सनराइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८३/०८/०७)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी तथा जमानतकर्तालाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्यौंट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई विना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानुन बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती लगायत ऋणी लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : कलैया, बारा

१. ऋणीको नाम : लाल बाबु साह तेलीको बुहारी, बद्री साह तेलीको छोरी, भिष्म पितामह प्रसाद साहको पत्नी बारा जिल्ला पथरा गा.वि.स. वडा नं. २ भई हाल बारागढी गा.पा. वडा नं. ४ बस्ने **सुमिन्त्रा देवी साह** (ना.प्र.नं. ३३३४३६/१८९२/६०४८ जि.प्र.का. बारा जारी मिति २०५८/०८/२८)

व्यक्तिगत जमानतकर्ता : गोकुल साहकोको नाती लाल बाबु साह तेलीको छोरा बारा जिल्ला पथरा गा.वि.स. वडा नं. २ भई हाल बारागढी गा.पा. वडा नं. ४ बस्ने **भिष्म पितामह प्रसाद साह** (ना.प्र.नं. २४१८/०१२१ जि.प्र.का. बारा जारी मिति २०४५/२/७)

धितो सुरक्षणको विवरण : जग्गाधनी सुमिन्त्रा देवी साहको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला पथरा गा.वि.स/न.पा वडा नं. १ क स्थित कित्ता नं. २८३ र ३७३ को क्षेत्रफल ०-११-१७ र ०-५-९ (बिगाहा) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. ऋणीको विवरण : प्राइभेट फर्म रेजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग/कार्यालय घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा दर्ता नं. ८८७३/०७६/७७ मिति २०७६/१०/२० मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय सिमरा, पान नं. ६१२९७३०९१ भएको बारा जिल्ला बारागढी गा.पा. वडा नं. ४, स्थित **पवन विकाश इन्टरप्राइजेज ।**

प्रोप्राइटर, व्यक्तिगत तथा धितो जमानतकर्ताको विवरण: लाल बाबु साह तेलीको बुहारी, बद्री साह तेलीको छोरी, भिष्म पितामह प्रसाद साहको पत्नी बारा जिल्ला पथरा गा.वि.स. वडा नं. २ भई हाल बारागढी गा.पा. वडा नं. ४ बस्ने **सुमिन्त्रा देवी साह** (ना.प्र.नं. ३३३४३६/१८९२/६०४८ जि.प्र.का. बारा जारी मिति २०५८/०८/२८)

व्यक्तिगत जमानतकर्ता : गोकुल साहकोको नाती लाल बाबु साह तेलीको छोरा बारा जिल्ला पथरा गा.वि.स. वडा नं. २ भई हाल बारागढी गा.पा. वडा नं. ४ बस्ने **भिष्म पितामह प्रसाद साह** (ना.प्र.नं. २४१८/०१२१ जि.प्र.का. बारा जारी मिति २०४५/२/७) ।

धितो सुरक्षणको विवरण :

१. **जग्गाधनी सुमिन्त्रा देवी साह**को नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला पथरा गा.वि.स/न.पा वडा नं. १ क स्थित कित्ता नं. २८३ र ३७३ को क्षेत्रफल ०-११-१७ र ०-५-९ (बिगाह) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तंगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

शाखा कार्यालय : धराण, सुनसरी

१. ऋणीको नाम : प्राईभेट फर्म रजिष्ट्रेशन ऐन/अध्यादेश, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं.१, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फा.र.नं. ७७७५/०७६/०७७, स्थानीय व्यापार, अन्तर्गत मिति २०७६/०६/१२ मा दर्ता भई आन्तरिक राजस्व कार्यालय धरान पान नं. ११०२९९५३० रजिष्टर्ड/दर्ता भएको सुनसरी जिल्ला, धरान न.पा., वडा नं. ०८ स्थित **सेवा ट्रेड एण्ड सर्भिस लिंक ।**

प्रोप्राइटर, धितो तथा व्यक्तिगत जमानतकर्ता : गोपाल प्रसाद श्रेष्ठको बुहारी, नन्द कुमार राईको छोरी, महेश कुमार श्रेष्ठको पत्नि सुनसरी जिल्ला, धरान गा.वि.स., वडा नं. ०८ बस्ने **सेवा राई** (ना.प्र.नं. १८७६/१४४३१/०४४, जि.प्र.का. सुनसरी जारी मिति २०५२/०१/०४) ।

व्यक्तिगत जमानतकर्ता : तुलसी दास श्रेष्ठको नाती, गोपाल प्रसाद श्रेष्ठको छोरा, सुनसरी जिल्ला धरान उ.म.न.पा वडा नं. १० बस्ने **महेश कुमार श्रेष्ठ** (ना.प्र.नं.१७६५४/१९६५४ जि.प्र.का. सुनसरी, मिति २०५०/०४/१५) ।

धितो सुरक्षणको विवरण :

१. **धितो जमानतकर्ता सेवा राई**को नाममा मालपोत कार्यालय सुनसरी, धरानको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला धरान न.पा./गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७क स्थित कित्ता नं. ९७९९ को क्षेत्रफल ०-०-१०-० विगाहा र सुनसरी जिल्ला बाभंगरा न.पा./गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३ग स्थित कित्ता नं. ११२१ को क्षेत्रफल ०-०-१०-० विगाहा भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

शाखा कार्यालय: कोहलपुर, बाँके

१. ऋणीको नाम : गंगा कुमार श्रेष्ठको नाती प्रकाश कुमार श्रेष्ठको छोरा बाँके जिल्ला बागेश्वरी गा.वि.स. वडा नं. २ भई हाल बैजनाथ गा.पा. वडा नं. ५ बस्ने **प्रमात कुमार श्रेष्ठ** (ना.प्र.नं. ६६३०४०/९१४ जि.प्र.का. बाँके जारी मिति २०६३/११/०३) ।

व्यक्तिगत जमानतकर्ताहरु :

क) प्रकाश कुमार श्रेष्ठको बुहारी प्रमात कुमार श्रेष्ठको पत्नी कालिकोट जिल्ला सुकाटिया गा.वि.स. वडा नं. २ भई हाल कोहलपुर न.पा./गा.पा. वडा नं. ५ बस्ने **लक्ष्मीकुमारी हमाल** (ना.प्र.नं. १८२/२२५० जि.प्र.का. कालिकोट जारी मिति २०५७/११/२३) ।

ख) गंगा कुमार श्रेष्ठको बुहारी प्रकाश कुमार श्रेष्ठको पत्नी म्याग्दी जिल्ला भगवती गा.वि.स. वडा नं. ४ भई हाल बैजनाथ गा.पा. वडा नं. ५ बस्ने **महालक्ष्मी श्रेष्ठ** (ना.प्र.नं. ३२/१५८/१०० जि.प्र.का. म्याग्दी जारी मिति २०४५/०६/१७) ।

धितो सुरक्षणको विवरण : प्रमात कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला बनकटवा गा.वि.स वडा नं. ७ नक्सा सिट नं. ०३५०९३० स्थित कित्ता नं. ४६० को क्षेत्रफल १७०.०० ब.मी. भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : इलाम

१. ऋणीको नाम : टंकनाथ घिमिरेको नाति, दिवाकर घिमिरेको छोरा, इलाम जिल्ला बरबोटे गा.वि.स. वडा नं. १ भई हाल इलाम न.पा. वडा नं. ५ बस्ने **भोगेन्द्र घिमिरे** (ना.प्र.नं. ७०४/१५१ जि.प्र.का. इलाम जारी मिति २०४३/११/०९) ।

व्यक्तिगत जमानतकर्ता : दिवाकर घिमिरेको बुहारी, भोगेन्द्र घिमिरेको पत्नि, झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. १ भई हाल इलाम जिल्ला इलाम न.पा. वडा नं. ५ बस्ने **रेखा देवी नेपाल** (ना.प्र.नं. ९१५२/१७५ जि.प्र.का. झापा जारी मिति २०४६/११/०९)

धितो सुरक्षणको विवरण : ऋणी भोगेन्द्र घिमिरेको नाममा मालपोत कार्यालय इलामको लगतमा दर्ता श्रेष्ता कायम रहेको इलाम जिल्ला बरबोटे गा.वि.स. वडा नं १ क स्थित कित्ता नं. ४९६ को क्षेत्रफल ५-०-०-० (रो-आ-पै-दा) भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय : तीनपैनी, विराटनगर

१. ऋणीको नाम : प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बिराटनगर, मोरङमा मिति २०७२/०७/२९ मा दर्ता नं. १२३१४/०७२/०७३ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय बिराटनगरमा पान नं. ३००७५१७५४ भएको मोरङ जिल्ला बिराटनगर वडा नं १८ स्थित **बिराट कृषि फर्म ।**

संचालक, धितो तथा व्यक्तिगत जमानतकर्ता : बुनी दास यादवको नाती, सत्तन यादवको छोरा मोरङ जिल्ला बिराटनगर न.पा./गा.पा. वडा नं. १८ भई हाल बिराटनगर म.न.पा. वडा नं. १४ बस्ने **सियाराम यादव** (ना.प्र.नं.२५४४९, जि.प्र.का. मोरङ, जारी मिति २०५२/१२/०२) ।

व्यक्तिगत जमानतकर्ताहरु :

क. सत्तन यादवको बुहारी, होमेश्वर प्रसाद यादवको छोरी, सियाराम यादवको पत्नी सप्तरी जिल्ला बथनाहा न.पा./गा.पा. वडा नं. १ भई हाल मोरङ जिल्ला बिराटनगर म.न.पा. वडा नं. १४ बस्ने **कल्पना कुमारी** (ना.प्र.नं.१९७५, जि.प्र.का. सप्तरी, जारी मिति २०५३/०३/२३) ।

ख. सत्तन यादवको नाती, सियाराम यादवको छोरा मोरङ जिल्ला बिराटनगर न.पा./गा.पा. वडा नं. १४ भई हाल बिराटनगर म.न.पा. वडा नं. १४ बस्ने **युवराज यादव** (ना.प्र.नं.०५-०१-७७-०६४८१, जि.प्र.का. मोरङ, जारी मिति २०७७/१०/२२) ।

धितो सुरक्षणको विवरण :

१) **धितो जमानतकर्ता सियाराम यादव**को नाममा मालपोत कार्यालय बिराटनगर, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला ज.क. न.पा./गा.पा. वडा नं. १ ग स्थित कित्ता नं. १८५६ को क्षेत्रफल ०-६-१०-० बिगाहा जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२) बैंकको नाममा हाईपोथिकेशन अन्तंगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

२. ऋणीको नाम : टुन्कु चौधरी थारुको नाती, प्रल्हाद चौधरीको छोरा मोरङ जिल्ला कटहरी गा.पा. वडा नं. ३ बस्ने **सुरज चौधरी** (ना.प्र.नं.०५-०१-७४-१०५७३, जि.प्र.का. मोरङ, जारी मिति २०७४/०९/११) ।

व्यक्तिगत जमानतकर्ता : कोथाई चौधरीको नाती, टुन्कु चौधरी थारुको छोरा मोरङ जिल्ला बिराटनगर न.पा./गा.पा. वडा नं. ५ भई हाल कटहरी गा.पा. वडा नं. ३ बस्ने **प्रल्हाद चौधरी** (ना.प्र.नं. ३७१६५, जि.प्र.का. मोरङ, जारी मिति २०५५/०५/०९) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता सुरज चौधरीको नाममा मालपोत कार्यालय बिराटनगर, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला कटहरी गा.वि.स/न.पा./गा.पा. वडा नं. ६ नक्सा सिट नं. १७८०७०७ स्थित कित्ता नं. ४५६ को क्षेत्रफल १७० ब.मी जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय: बिर्तामोड, झापा

१. ऋणीको नाम : अवि चन्द्र उप्रेतीको नाती राम प्रसाद उप्रेतीको छोरा झापा जिल्ला बुधबारे गा.वि.स. वडा नं. ५ भई हाल बुद्धशान्ति न.पा./गा.पा. वडा नं. २ बस्ने **रोसन उप्रेती** (ना.प्र.नं. ०४१००८/८०२ जि.प्र.का. झापा जारी मिति २०६६/०३/१८)

व्यक्तिगत तथा धितो जमानतकर्ता : भगिरथ उप्रेतीको नाती अवि चन्द्र उप्रेतीको छोरा ताप्लेजुङ्ग जिल्ला सिकैचा गा.वि.स. वडा नं. ९ भई हाल बुद्धशान्ति न.पा./गा.पा. वडा नं. २ बस्ने **राम प्रसाद उप्रेती** (ना.प्र.नं. १३०९/१६७८५ जि.प्र.का. ताप्लेजुङ्ग जारी मिति २०४१/०६/०४)

व्यक्तिगत जमानतकर्ताहरु :

क) राम प्रसाद उप्रेतीको बुहारी रोसन उप्रेतीको पत्नी झापा जिल्ला चकचकी गा.वि.स. वडा नं. ८ भई हाल बुद्धशान्ति न.पा./गा.पा. वडा नं. २ बस्ने **देवीका कार्की** (ना.प्र.नं. ०४१०२१/४७७ जि.प्र.का. झापा जारी मिति २०६७/०४/३०)

ख) भगिरथ उप्रेतीको बुहारी राम प्रसाद उप्रेतीको पत्नी ताप्लेजुङ्ग जिल्ला सिकैचा गा.वि.स. वडा नं. ९ भई हाल बुद्धशान्ति न.पा./गा.पा. वडा नं. २ बस्ने **नरमाया उप्रेती** (ना.प्र.नं. ५३९/५३९/८ जि.प्र.का. ताप्लेजुङ्ग जारी मिति २०४६/१०/०५)

धितो सुरक्षणको विवरण : राम प्रसाद उप्रेतीको नाममा मालपोत कार्यालय भद्रपुर को लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला बुधबारे गा.वि.स/न.पा वडा नं. ५ क स्थित कित्ता नं. २५१ को क्षेत्रफल ०-५-११ (बिगाहा) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणी तथा जमानतकर्ताको विवरण

२. ऋणीको नाम : राम बहादुर बोहोराको बुहारी टंक नाथ श्रेष्ठको छोरी प्रकाश बोहोराको पत्नी झापा जिल्ला अर्जुनधारा न.पा./गा.पा. वडा नं. ३ भई हाल बिर्तामोड न.पा. वडा नं. ५ बस्ने **निर्मला श्रेष्ठ** (ना.प्र.नं. ०४१०११/१५२८ जि.प्र.का. झापा जारी मिति २०६६/११/१८) ।

व्यक्तिगत जमानतकर्ता : चन्द्र बहादुर श्रेष्ठको नाती, टंक नाथ श्रेष्ठको छोरा झापा जिल्ला अर्जुनधारा न.पा./गा.पा. वडा नं. ०३ भई हाल बिर्तामोड न.पा. वडा नं. ५ बस्ने **गिरी राज श्रेष्ठ** (ना.प्र.नं. ०४३०११/७१ जि.प्र.का. झापा जारी मिति २०७०/०१/२६) ।

धितो सुरक्षणको विवरण : जग्गाधनी निर्मला श्रेष्ठको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला अनारमनी गा.वि.स/न.पा वडा नं. ३ नक्सा सिट नं.१७९००४० स्थित कित्ता नं. १०४२ को क्षेत्रफल १४४ ब.मी जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय : नारायणगढ, चितवन

१. ऋणीको नाम : जितमान पाखिनको नातिनी नेराम पाखिनको छोरी चित्र बहादुर तमाङको पत्नी चितवन जिल्ला शारदानगर न.पा./गा.पा. वडा नं. ०९ भई हाल भरतपुर म.न.पा. वडा नं. २० बस्ने **बसन्ती पाखिन** (ना.प्र.नं. २४०३ जि.प्र.का. चितवन जारी मिति २०५०/०८/२९)

व्यक्तिगत जमानतकर्ताहरु :

क) मान बहादुर तमाङको नाति चित्र बहादुर तमाङको छोरा चितवन जिल्ला शारदानगर न.पा./गा.पा. वडा नं. ०९ भई हाल भरतपुर म.न.पा. वडा नं. २० बस्ने **अजय लामा** (ना.प्र.नं. २५३०।०६२ जि.प्र.का. चितवन जारी मिति २०६२।०३।२१)

ख) चित्र बहादुर तमाङको बुहारी अजय लामाको पत्नी धादिङ्ग जिल्ला मार्पाक न.पा./गा.पा. वडा नं. ०४ भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २० बस्ने **मुना गुरुङ्ग** (ना.प्र.नं. २६-०१-७३-०८३३९ जि.प्र.का. धादिङ्ग जारी मिति २०७३।०७।२९) ।

धितो सुरक्षणको विवरण : जग्गाधनी बसन्ती पाखिनको नाममा मालपोत कार्यालय चनौलीको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला शारदानगर गा.वि.स/न.पा वडा नं. ४ख स्थित कित्ता नं. १५४५ को क्षेत्रफल १०१५.८९ वर्ग मि.भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय : उदयपुर

१. ऋणीको नाम : बम प्रसाद दाहालको नाती हृदयराज दाहालको छोरा उदयपुर जिल्ला देउरी न.पा/गा.वि.स. वडा नं. ८ भई हाल त्रियुगा न.पा./गा.पा. वडा नं. ४ बस्ने **ऋषिराम दाहाल** (ना.प्र.नं. ७६०६/१०९४ जि.प्र.का. उदयपुर जारी मिति २०४०/०१/२९)

व्यक्तिगत जमानतकर्ता : हृदयराज दाहालको बुहारी ऋषिराम दाहालको पत्नी दोलखा जिल्ला सुनखानी न.पा/गा.वि.स. वडा नं. ६ भई हाल उदयपुर जिल्ला त्रियुगा न.पा./गा.पा. वडा नं. ४ बस्ने **यसोदा सिवाकोटी** (ना.प्र.नं. २२९०१७/१११ जि.प्र.का. दोलखा जारी मिति २०६४/१०/१३)

धितो सुरक्षणको विवरण : जग्गाधनी ऋषिराम दाहालको नाममा मालपोत कार्यालय उदयपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको उदयपुर जिल्ला देउरी गा.वि.स/न.पा वडा नं. ८ क स्थित कित्ता नं. ८८६ को क्षेत्रफल ०-१-१२ (बिगाहा) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय : देउराली, कास्की

१. ऋणीको नाम : कमान सिंह तामाङकी बुहारी, नेपाल जित तामाङकी पत्नि, काभ्रे जिल्ला कोशिदेखा न.पा/गा.वि.स वडा न ८ भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा न ३३ बस्ने **लक्ष्मी तामाङ** (ना.प्र.नं. ३०-०१-०६८-०११२०) जि.प्र.का. काभ्रेपलान्चोक, जारी मिती २०६८/१२/२६)

व्यक्तिगत जमानतकर्ता : औतार सिंह तामाङको नाती कमान सिंह तामाङको छोरा काभ्रे जिल्ला कोशिदेखा न.पा/ गा.वि.स वडा न ८ भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा न ३३ बस्ने **नेपाल जित तामाङ** (ना.प्र.नं. ३०१०१२/१६५२२४) जि.प्र.का. काभ्रेपलान्चोक, जारी मिती २०६४/०९/११)

धितो सुरक्षणको विवरण : ऋणी लक्ष्मी तामाङको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला भोटेपोखरी गाविस वडा न ९ भई हाल पोखरा म.न.पा वडा न ३३ स्थित कित्ता न ९२७८ को क्षेत्रफल ०-४-०-० रोपनी भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय : भैसेपाटी, ललितपुर

१. ऋणीको नाम : कम्पनी ऐन/अध्यादेश, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २१४५३४/७५/०७६ मिति २०७६/०१/२४ मा रजिष्टड भएको आन्तरिक राजश्व कार्यालय ललितपुर पान नं. ६०९५२९१३५ भएको ललितपुर जिल्ला ललितपुर मन.पा. वडा नं २१, खोकना स्थित **खोकना पार्क भ्यु रिसोर्ट प्रा.लि. ।**

सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ता:

क) बल बहादुर डंगोलको नाती सन्त महर्जनको छोरा ललितपुर खोकना गा.वि.स. वडा नं. ६ भई हाल ललितपुर म.न.पा. वडा नं. २१ बस्ने **धर्म राज डंगोल** (ना.प्र.नं. १००४७ जि.प्र.का. ललितपुर जारी मिति २०५९/०२/०८) ।

ख) बेखालाल डंगोलको नाती नन्द डंगोलको छोरा ललितपुर जिल्ला खोकना गा.वि.स. वडा नं. ३ भई हाल ललितपुर न.पा./गा.पा. वडा नं. १० बस्ने **ज्ञान भक्त डंगोल** (ना.प्र.नं. ४८०३४ जि.प्र.का. ललितपुर जारी मिति २०६३/९/३)

धितो जमानतकर्ता : बेखा सी ज्यापुकाको नाति श्री बेखालाल डंगोलको छोरा ललितपुर जिल्ला खोकना गा.वि.स. वडा नं. ३ भई हाल ललितपुर म.न.पा. वडा नं. २१ बस्ने **नन्द डंगोल** (ना.प्र.नं. ५६०३ जि.प्र.का. ललितपुर जारी मिति २०४१/१०/१८)

धितो सुरक्षणको विवरण :

१. नन्द डंगोलको नाममा मालपोत कार्यालय ललितपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला सैबु गा.वि.स वडा नं. १ क स्थित कित्ता नं. ९९२ को क्षेत्रफल १-१-२-० (रो-आ-पै-दा) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तंगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

नोट: ऋणी बाहेकका व्यक्तिहरुको नाम निजहरुलाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो । जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९००६८४, ४२७००००
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ७ मंसिर ०८३

तातोपानी नाका खुल्ने-नखुल्ने अझै अनिश्चित

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

चीनबाट सामान आयात गर्ने प्रमुख नाका तातोपानी लामो समयदेखि बन्द हुँदा नेपाली व्यापारी समस्यामा परेका छन् । रसुवा नाका क्षतिग्रस्त भएको र तातोपानी पनि नखुल्दा मुस्ताङको कोरोला नाकाबाट आयात गर्नुपर्ने बाध्यता छ । धेरै टाढा, हिउँको चिसो र महँगो ढुवानीका कारण व्यवसायीलाई सो नाका सहज नभएपछि तातोपानी नाका सञ्चालन गर्न सरकारी, राजनीतिक र व्यावसायिक तहबाट चौतर्फी पहल भइरहेको छ । चिनियाँ पक्षले तातोपानी नाका खुलाउने विषयमा सकारात्मक संकेत दिए पनि अहिलेसम्म निश्चित भएको छैन ।

१२ वैशाख ०७२ को भूकम्पपछि चार वर्ष बन्द भएको यो नाका खुलाउन पनि राजनीतिक तहबाटै लामो प्रयास भएको थियो । त्यतिवेला सिन्धुपाल्चोकका सांसद रहेका अग्निप्रसाद सापकोटाले चिनियाँ पक्षसँग पटक-पटक छलफल गरेका थिए । चीनसँग निकट सम्बन्ध भएका नेताका रूपमा चिनिने सापकोटाको पहलपछि ०७६ जेठमा



तातोपानी नाका पुनः सञ्चालनमा आएको थियो । त्यसयता पनि कहिले कोरोना महामारी, कहिले भौगोलिक कठिनाइ त कहिले बाढीपहिरोका कारण नाका नियमित सञ्चालन हुन सकेको छैन । नाका नियमित सञ्चालन गर्न सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ, नेपाल हिमालय सीमापार वाणिज्य संघ र नेपाल ट्रक कन्टेनर ढुवानी सेवा लिमिटेडले विभिन्न सरकारी निकायमा पटक-पटक ज्ञापनपत्र बुझाउँदै आएका छन् ।

दसैँलगत्तै ९ कात्तिकमा नेपाली कम्युनिस्ट पार्टीका उपाध्यक्ष अग्निप्रसाद सापकोटासहितको टोली चीनको ग्वान्झाउ पुगेका थिए । टोलीले चिनियाँ कम्युनिस्ट पार्टीका उच्च नेतृत्वसँग तातोपानीका विषयमा तीन दिनसम्म चरण-चरणमा छलफल गरेको थियो । 'तातोपानी नाका पुनः सञ्चालन गर्ने विषयमा हामीले चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय नेतृत्वसँग छलफल र अनुरोध गरेका छौं,' पूर्वसांसद माधव सापकोटाले भने । चीनबाट फर्केलगत्तै उनले हिमालय सीमापार वाणिज्य संघको कार्यालयमा व्यापारी तथा व्यवसायीसँग छलफल गरेका थिए । त्यसपछि सिन्धुपाल्चोकका सांसद भरतप्रसाद पराजुलीले पनि काठमाडौंमा व्यवसायीसँग छलफल गरेका थिए । बढ्दो दबाबपछि परराष्ट्रमन्त्री शिशिर खनालले नेपालस्थित चिनियाँ राजदूत झाङ माओमिङसँग तातोपानी नाका सञ्चालन गर्ने विषयमा छलफल गरेका छन् ।

चीनतर्फको खासा क्षेत्रमा अहिले सडक तथा पुल निर्माण भइरहेको छ । निर्माणकार्य जारी रहेकै अवस्थामा पनि सवारीसाधनको आवतजावत भने भइरहेको छ । चीनको केन्द्रीय सरकारले तातोपानी नाका सञ्चालन गर्न निर्देशन दिए पनि स्वशासित क्षेत्र सिजाङ (तिब्बत)अन्तर्गतको प्रशासनले झाङ्मु पोर्ट (खासा) नाका खुलाउने तयारी गरेको देखिँदैन । खासामा रहेका चिनियाँ भन्सार, अध्यागमन, भन्सार क्लियरिङ एजेन्ट र ट्रान्सपोर्ट कम्पनीले अहिलेसम्म नाका खुलाउने विषयमा कुनै निर्देशन नपाएको उनीहरूले बताएका छन् ।

तातोपानी नाका सञ्चालनका लागि चीनतर्फको तयारीसँगै नेपाली भूभागमा सडकको अवस्था पनि सुधार हुँदै छ । बाह्रबिसेदेखि लिपिडसम्मको करिब २६ किलोमिटर सडकमा अहिले ४० फिटे मालवाहक कन्टेनरसमेत आवतजावत गर्न सक्ने अवस्था छ । सडक डिभिजन कार्यालयले पहिरो पन्छाएर र अवरुद्ध स्थान खुलाएर सडक सञ्चालनयोग्य बनाएको छ । कोदारीको इको क्षेत्रमा बारम्बार सडक भासिने र पहिरो जाने समस्या भने दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने चुनौती छ । उक्त स्थानको समस्या समाधानका लागि चीनले करिब एक महिनादेखि निर्माणकार्य जारी राखेको छ । चिनियाँ पक्षले १५ भदौदेखि औपचारिक रूपमा तातोपानी नाका बन्द भएको जानकारी तातोपानी भन्सार कार्यालयलाई गराएको थियो । तर, दसैँका लागि ल्याइएका फलफूल कुहिने अवस्था आएपछि बिचमा तीन दिन नाका खुला गरिएको थियो । त्यसपछि पुनः बन्द भएको नाका कहिले सञ्चालन हुन्छ भन्ने स्पष्ट जानकारी प्राप्त नभएको तातोपानी भन्सारका अधिकृत रमेशबहादुर शाहले बताए ।

कोरोला नाका कठिन र महँगो

रसुवागढी र तातोपानी नाका बन्द भएपछि चीनबाट सामान आयात गर्ने विकल्पका रूपमा मुस्ताङको कोरोला नाका सञ्चालनमा छ । तर, यो नाका राजधानी काठमाडौंबाट करिब चार सय ७० किलोमिटर टाढा छ । चिनियाँ भन्सार रहेको लिजे भन्ने ठाउँ चार हजार सात सय ८० मिटर उचाइमा छ । तातोपानीबाट काठमाडौंसम्म सामान ल्याउँदा प्रतिकन्टेनर ५० हजार भाडा लाग्छ । तर, कोरोलाबाट सामान ल्याउँदा प्रतिकन्टेनर चार लाख रुपैयाँ खर्च हुन्छ ।

प्रधानमन्त्रीको भारत भ्रमण

६६९ मेगावाटको तल्लो अरुणाको दिल्लीबाटै आज शिलान्यास हुँदै

९२ अर्ब ६७ करोड ७९ लाख लागत अनुमानको आयोजना प्रधानमन्त्री शाह र भारतीय समकक्षी नरेन्द्र मोदीले नयाँदिल्लीबाट स्विच थिचेर शिलान्यास गर्ने



मिलन विश्वकर्मा/नयाँ पत्रिका

प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणको अवसरमा सोमबार संखुवासभा र भोजपुरमा निर्माण हुने ६ सय ६९ मेगावाटको तल्लो अरुण जलविद्युत् आयोजना निर्माणको शिलान्यास हुने भएको छ । आइतबारदेखि प्रधानमन्त्री शाह भारत भ्रमणमा रहेका अवसरमा नयाँदिल्लीबाट प्रधानमन्त्री शाह र भारतीय समकक्षी नरेन्द्र मोदीले स्विच थिचेर परियोजना निर्माणको शिलान्यास गर्नेछन् ।

तल्लो अरुण भारतीय सरकारी कम्पनी सतलज जलविद्युत् निगम (एसजेभिएन)ले निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) मोडेलमा निर्माण गर्दै छ । कम्पनीले नोभेम्बरदेखि नै निर्माण सुरु गर्ने तयारी गरेको थियो । तर, यहीवेला प्रधानमन्त्री शाहको भारत भ्रमण हुने तय भएपछि सोही अवसरमा शिलान्यास गर्न लागिएको हो । लगानी बोर्डका सूचना अधिकारी मनोज रेग्मीले प्रधानमन्त्रीको भारत भ्रमणका अवसरमा तल्लो अरुण जलविद्युत्को शिलान्यास हुन लागेको बताए । 'तल्लो अरुण जलविद्युत्को शिलान्यास हुन लागेको छ । तर, आधिकारिक पत्र आएको छैन,' उनले भने ।

एसजेभिएनले अहिले संखुवासभामा नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । हाल ७५ प्रतिशत भौतिक प्रगति भएको उक्त आयोजना फेब्रुअरी ०२८ मा सञ्चालनमा ल्याउने तयारी छ । सोही परियोजनाको तल्लो क्षेत्रमा यो क्यास्केड परियोजना बन्नेछ । अरुण तेस्रोको जलविद्युत्बाट निस्कने पानीलाई तल्लो अरुणको बाँध क्षेत्रमा पुऱ्याएर विद्युत् उत्पादन गरिनेछ ।

तल्लो अरुण जलविद्युत् पनि १६ माघ ०७७ मा एसजेभिएनलाई दिइएको थियो । तत्कालीन प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा बसेको लगानी बोर्डको बैठकले एसजेभिएनलाई परियोजना दिने निर्णय गरेको थियो । परियोजना सञ्चालनमा आएको २५ वर्षपछि नेपाललाई निःशुल्क हस्तान्तरण गर्नुपर्ने सर्त छ ।

यो परियोजना बनाउन एसजेभिएन र लगानी बोर्डबिच २७ असार ०७८ मा समझदारी भएको थियो । त्यसपछि १७ चैत ०७८ मा डिपिआर स्वीकृति भएपछि बोर्डले १८ जेठ ०८० मा कम्पनीसँग परियोजना विकास सम्झौता (पिडिए) गरेको थियो । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणको अवसरमा उक्त सम्झौता भएको थियो ।

त्यसपछि १८ साउन ०८१ मा बोर्डले परियोजनाको लगानी स्वीकृति गरेको थियो । निर्माणपूर्वका अधिकांश काम सम्पन्न भइसकेका छन् । भारतीय कम्पनीले नोभेम्बरदेखि नै निर्माण सुरु गर्ने तयारी गरेको थियो । अहिले प्रधानमन्त्री शाहको भारत भ्रमणको अवसरमा औपचारिक रूपमा परियोजनाको निर्माण सुरु गर्न लागिएको हो । निर्माण सुरु गरेको पाँच वर्षमा परियोजना सञ्चालनमा ल्याउने लक्ष्य छ ।

परियोजनाको विद्युत् खरिद-बिक्री सम्झौता र लगानी व्यवस्थापन हुन बाँकी छ । तर, सरकारी कम्पनी भएका कारण पिपिए र लगानी व्यवस्थापनमा समस्या नहुने देखिन्छ । लगानी व्यवस्थापन नभएसम्मका लागि कम्पनीले निर्माणमा आफ्नै वा सरकारकै रकम परिचालन गर्नेछ । परियोजनाको अनुमानित लागत ५७ अर्ब ९२ करोड ३७ लाख भारु रहेको छ । त्यसमा सिभिल निर्माणमा ३६ अर्ब ३४ करोड भारु, इलोक्ट्रोमेकानिकलमा १२ अर्ब ३७ करोड भारु, ब्याजमा आठ अर्ब ९९ करोड भारु र वित्तीय शुल्कमा २० करोड भारु खर्च हुनेछ । नेपाली रुपैयाँमा कुल ९२ अर्ब ६७ करोड ७९ लाख लागत अनुमान गरिएको छ ।

पाँच वर्षमा निर्माण सक्ने

निर्माण सुरु गरेको पाँच वर्षमा परियोजना सञ्चालनमा ल्याउने लक्ष्य छ । परियोजना सञ्चालनमा आएको २५ वर्षपछि निःशुल्क रूपमा नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ । परियोजनाको विद्युत् भने भारतमै निर्यात गरिनेछ ।

आयोजना प्रभावितलाई मासिक ३० युनिट

सम्झौताअनुसार परियोजना सञ्चालन अवधिमा नेपालले २१ प्रतिशत निःशुल्क बिजुली पाउनेछ । यसैगरी, आयोजन प्रभावितलाई मासिक ३० युनिट विद्युत् पनि निःशुल्क दिने सम्झौता छ । यो नेपालले पाउने २१ प्रतिशत विद्युत्भन्दा अतिरिक्त हो । यसैगरी, कम्पनीले स्थानीयलाई १० प्रतिशत र १५.१ प्रतिशत सर्वसाधारणलाई सेयर पनि बिक्री गर्नेछ । कम्पनीले स्थानीय विकासका लागि आयोजनाको कुल लागतको ०.५ प्रतिशत रकम खर्च गर्ने सहमति पनि छ ।

यसैगरी, कम्पनीले सञ्चालनको पहिलो १५ वर्ष प्रतियुनिट वार्षिक चार सय रुपैयाँ क्षमता रोयल्टी तिर्नुपर्नेछ । त्यसपछि वार्षिक १८ सय क्षमता रोयल्टी तिर्नुपर्ने सम्झौता छ ।

यस्तै, पहिलो १५ वर्ष बिक्रीयोग्य विद्युत्को ७.५ प्रतिशत ऊर्जा रोयल्टी तिर्नुपर्नेछ । त्यसपछि समयमा भने १२ प्रतिशतको दरमा ऊर्जा रोयल्टी तिर्नुपर्ने सम्झौता छ । कम्पनीले सञ्चालन अवधिमा बोर्डलगायतका सरकारी निकायलाई तोकिएअनुसारको शुल्क पनि तिर्नेछ । यसैगरी आम्दानीअनुसार कर पनि तिर्नेछ ।

अरुण तेस्रोको प्रगति ७५ प्रतिशत

एसजेभिएनले निर्माण गरिरहेको नौ सय मेगावाटको अरुण तेस्रोको प्रगति ७५ प्रतिशत पुगेको छ । सरकारले कम्पनीलाई फेब्रुअरी ०२८ सम्म परियोजनाको काम सन्पन्न गर्न म्याद दिएको छ । त्यही अवधिभित्र परियोजना सञ्चालन गर्ने लक्ष्य छ । परियोजना सञ्चालनमा आएको २५ वर्षपछि नेपाल सरकारलाई निःशुल्क हस्तान्तरण हुनेछ । सञ्चालन अवधिमा कम्पनीले नेपाललाई २१.९ प्रतिशत निःशुल्क विद्युत् दिनेछ । कम्पनीले फागुन ०६४ मा यो परियोजना हात पारेको थियो ।

Invitation for Bids

Dhangadhi Sub-Metropolitan City
Office of the Municipal Executive
Dhangadhi, Kailali

INVITATION FOR THE BIDS

Date of publication: 23rd November 2026 (2083/08/07 B.S.)

1. Dhangadhi Sub Metropolitan City invites sealed bids or electronic bids from Nepalese eligible bidders for the work mentioned below under National Competitive Bidding procedures. The estimated amount for the works is mentioned below.

S. N.	Contract Identification Number	Description of Work	Estimated without VAT & PS	Bid Security (NRs)	Bid Document Fee (NRs)
1	08/NCB/DSMC/2083/084	Supply and Delivery of Sanitary Pad (Goods)	-	1,45,000/-	3,000/-
2	09/NCB/DSMC/2083/084	Upgrading of Road with Side Drain Works (N D Path Galli No 3) at Ward No. 04 DSMC	29,00,593.11	73,000/-	3,000/-
3	10/NCB/DSMC/2083/084	Construction of Blacktop Road Works (N D Path Six Lane Road to Hotel Indreni) at Ward No. 04 DSMC	98,43,223.54	2,47,000/-	3,000/-
4	11/NCB/DSMC/2083/084	Construction of PCC Road Works (Remaining Part of Bhagawati, Bandevi and Shiv Tole) at Ward No. 09 DSMC	18,75,751.29	47,000/-	3,000/-
5	12/NCB/DSMC/2083/084	Construction of Truss Structure of Gaushala at Ward No. 13 DSMC	20,88,331.00	53,000/-	3,000/-

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Dhangadhi Sub-Metropolitan City Office Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. 091-525506. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the **Dhangadhi Sub Metropolitan City Dhangadhi, Kailali** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee mentioned above or paid voucher generated through the electronic payment system via the Revenue Portal (sutrarevenue.fcgo.gov.np) under revenue head No. 14229 – other administrative service charges, deposited into the internal revenue account No. 4170100301010002 maintained in the name of this office at Rastriya Banijya Bank, Dhangadhi Branch till 14th December 2026 (2083/08/28 B.S.) during office hours in the account as specified below.

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank : Rastriya Banijya Bank, Dhangadhi, Kailali
Name of Office : Dhangadhi Sub-Metropolitan City, Kailali
Office Account no. : 4170100301010002 (Municipality Internal Revenue Account);
Office Code : 80777301300; Revenew Code: 14229
Or

Bidders who choose to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp at no cost.

4. Pre-bid Meeting shall be held at Dhangadhi Sub Metropolitan City, Dhangadhi Kailali at 12:00 Noon on 4th December 2026 (2083/08/18 B.S.).
5. Sealed or Electronic bids must be submitted to the Dhangadhi Sub Metropolitan City Dhangadhi Kailali by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 15th December 2026 (2083/08/29 B.S.). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 15th December 2026 (2083/08/29 B.S.) at the Dhangadhi Sub Metropolitan City Dhangadhi Kailali. Bids must be valid for a period of 90 Days from the bid submission deadline and must be accompanied by a bid security, amounting mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days from date of bid Opening)
7. If the last date of purchasing and /or submission falls on a public holiday applicable to purchaser, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Divisional Engineer

कात्तिकमा साढे तीन अर्ब लगानी प्रतिबद्धता

काठमाडौं/ चालू आर्थिक वर्ष ०८३/८४ को कात्तिक महिनामा तीन अर्ब ४२ करोड ४३ लाख रुपैयाँबराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ । उद्योग विभागले सार्वजनिक गरेको कात्तिक महिनाको तथ्यांकअनुसार ८५ वटा परियोजनामा यस्तो प्रतिबद्धता आएको हो । गत आवको कात्तिकमा भने ७१ परियोजनामा एक अर्ब ५४ करोड ३९ लाख लगानी प्रतिबद्धता आएको थियो ।

चालू आवको पहिलो चार महिनामा चार सय ९७ परियोजनामा १९ अर्ब ५५ करोड २९ लाख लगानी प्रतिबद्धता आएको छ । गत आवको चार महिनामा तीन सय ८६ परियोजनामा ३६ अर्ब ६८ करोड १६ लाख रुपैयाँ प्रतिबद्धता आएको थियो ।

चार महिनामा चार सय ९१ साना, दुई मझौला र चार ठुला परियोजनामा लगानी प्रस्ताव आएको छ । त्यसमा ६ हजार दुई सय एकजनालाई रोजगारी प्राप्त हुने बताइएको छ । तथ्यांकअनुसार चार महिनामा उत्पादनमूलकका २९ परियोजनामा एक अर्ब ७५ करोड २५ लाख, ऊर्जाका तीन परियोजनामा चार अर्ब पाँच करोड, कृषिका तीन परियोजनामा १५ करोड र पर्यटनका एक सय ४६ परियोजनामा आठ अर्ब ६६ कराड ७८ लाख रुपैयाँ प्रतिबद्धता आएको छ । यस्तै, सेवाका ४४ परियोजनामा तीन अर्ब ९५ करोड २९ लाख र सूचना प्रविधिका दुई सय ७२ परियोजनामा ९७ करोड ९६ लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको छ ।

चार महिनामा नेपालबाट तीन अर्ब ८४ करोड ६७ लाख ८१ हजार रुपैयाँ लाभांश बाहिरिएको छ । त्यसमा कात्तिकमा मात्रै तीन अर्ब ६५ करोड तीन लाख बाहिरिएको तथ्यांक छ । गत आवको चार महिनामा भने दुई अर्ब ९० करोड ७७ लाख बाहिरिएको थियो ।

लुम्बिनीमा कमजोर पुँजीगत खर्च

नयाँ पत्रिका

लुम्बिनी प्रदेश सरकारको बजेट खर्च चालू आर्थिक वर्षको चार महिनामा कमजोर देखिएको छ । प्रदेश सरकारको पुँजीगततर्फको खर्च कात्तिकसम्म ९ दशमलव ६५ प्रतिशतमा सीमित रहेको छ । चारवटा मन्त्रालयले पुँजीगततर्फको बजेट ५ प्रतिशत पनि खर्च गर्न सकेका छैनन् ।

प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीका अनुसार आर्थिक वर्ष ०८३/८४ को कात्तिक मसान्तसम्म पुँजीगततर्फ दुई अर्ब १९ करोड १३ लाख ९७ हजार खर्च भएको छ । प्रदेश सरकारले पुँजीगततर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार बजेट छुट्याएको छ । मन्त्रालयगत खर्चको प्रारम्भिक विवरणअनुसार पुँजीगततर्फ सबैभन्दा बढी बजेट खर्च गर्ने स्वास्थ्य मन्त्रालयको ४५ दशमलव ३८ प्रतिशत रहेको छ । सबैभन्दा कम खर्च गर्नेमा वन, वातावरण तथा पर्यटन मन्त्रालय रहेको छ । यस मन्त्रालयले पुँजीगत बजेटको १ दशमलव ९२ प्रतिशत मात्रै खर्च गरेको छ ।

स्वास्थ्य मन्त्रालयले चालू आवका लागि पाँच अर्ब ६५ करोड ७२ लाख ९४ हजार रुपैयाँ बजेट पाएकोमा कात्तिक मसान्तसम्म एक अर्ब ६५ करोड ९० लाख खर्च गरको छ । यो कुल बजेटको २९ दशमलव ३३ प्रतिशत हो । मन्त्रालयको चालू खर्च १७ दशमलव ७८ प्रतिशत र पुँजीगत खर्च ४५ दशमलव ३८ प्रतिशत पुगेको छ ।

त्यसको विपरीत सहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको खर्च सबैभन्दा कम ४ दशमलव ५७ प्रतिशत छ । मन्त्रालयले ६ अर्ब ९४ करोड ३१ लाख ६८ हजार रुपैयाँ बजेटमध्ये ३१ करोड ७४ लाख ४१ हजार रुपैयाँ मात्रै खर्च गरेको छ । मन्त्रालयको चालू खर्च १९ दशमलव ५० प्रतिशत रहे पनि पुँजीगत खर्च ३ दशमलव ०९ प्रतिशतमा सीमित छ ।

प्रदेशमा सबैभन्दा ठुलो बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि १० अर्ब १८ करोड ४५ लाख ५९ हजार रुपैयाँ विनियोजन भएको छ । तर, कात्तिक मसान्तसम्म ७८ करोड २९ लाख ८३ हजार रुपैयाँ मात्रै खर्च भएको छ ।



चार मन्त्रालयको पुँजीगत खर्च ५ प्रतिशतभन्दा कम

कात्तिक मसान्तसम्म पुँजीगततर्फ सबैभन्दा कम खर्च गर्नेमा वन, वातावरण तथा पर्यटन मन्त्रालय रहेको छ । यस मन्त्रालयले एक अर्ब ५६ करोड ३६ लाख ४३ हजार रुपैयाँ पुँजीगत बजेटमध्ये (१.९२ प्रतिशत) दुई करोड ९९ लाख ५३ हजार रुपैयाँ मात्रै खर्च गरेको छ । त्यस्तै, सहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको पुँजीगत खर्च ३ दशमलव ०९ प्रतिशत मात्रै छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पुँजीगततर्फ ३ दशमलव ४४ प्रतिशत र आर्थिक मामिला तथा योजना मन्त्रालयले ४ दशमलव ६० प्रतिशत मात्रै खर्च गरेका छन् । प्रदेश योजना आयोगले पुँजीगततर्फको बजेट खर्च शून्य देखिएको छ ।

सामाजिक विकास मन्त्रालयले चालू तथा पुँजीगत गरी तीन अर्ब ४० करोड ३१ लाख ५४ हजार रुपैयाँ बजेटमध्ये ३१ करोड १२ लाख २६ हजार रुपैयाँ खर्च गरेको छ । यो कुल बजेटको ९ दशमलव १५ प्रतिशत हो । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले एक अर्ब ७८ करोड सात लाख रुपैयाँ बजेटमध्ये १७ करोड ३९ लाख २५ हजार रुपैयाँ खर्च गरेको छ । मन्त्रालयको कुल खर्च ९ दशमलव ७७ प्रतिशत रहेको छ । यस मन्त्रालयको चालू खर्च ९ दशमलव ४२ प्रतिशत र पुँजीगत खर्च १५ दशमलव २२ प्रतिशत पुगेको छ ।

वन, वातावरण तथा पर्यटन मन्त्रालयले दुई अर्ब ९० करोड ३६ लाख ८७ हजार रुपैयाँ बजेटमध्ये ३१ करोड ७६ लाख ६५ हजार रुपैयाँ खर्च गरेको छ । मन्त्रालयको कुल खर्च १० दशमलव ९४ प्रतिशत छ । तर, पुँजीगत खर्च भने १ दशमलव ९२ प्रतिशतमा सीमित छ ।

२६ मंसिरमा पोखरामा माछापुच्छ्रे दौड प्रतियोगिता



काठमाडौं/ माछापुच्छ्रे बैंक लिमिटेडको मुख्य प्रायोजनमा 'माछापुच्छ्रे दौड २०२६' आयोजना हुने भएको छ। प्रतियोगिता २६ मंसिरमा पोखरामा हुने बताइएको छ। बैंकले नेपालको प्राकृतिक सौन्दर्य, साहसिक खेलकुद तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले हुन लागेको प्रतियोगितामा पाँच किमि, १२ किमि (कर्पोरेट विधा), २१ किमि र ४२ किमि गरी चार विधामा प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताले स्वस्थ जीवनशैलीको प्रवर्द्धन तथा पोखराको साहसिक पर्यटनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन सहयोग पुग्ने अपेक्षा बैंकले गरेको छ। बढ्दो व्यस्त जीवनशैली र शारीरिक निष्क्रियताबिच नियमित व्यायाम तथा खेलकुदको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्दै स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले बैंकले हिमालयन ट्रेल रनिङसँग सहकार्य गरेको हो।

लक्ष्मी सन्राइज बैंक गल्फ प्रतियोगिताको उपाधि कार्कीलाई



काठमाडौं/ लक्ष्मी सन्राइज बैंक इन्भिटेसनल गल्फ प्रतियोगिताको उपाधि दीपककुमार कार्कीले जितेका छन्। शनिबार गोकर्ण गल्फ क्लबमा सम्पन्न १४ ह्यान्डिक्यापमा खेलेका कार्कीले ४१ स्टेबलफोर्ड अंक जोड्दै उपाधि हात पारेका हुन्।

दुई ह्यान्डिक्यापमा खेलेका टासी डोङ प्रतियोगितामा उपविजेता बने। नर्बुछिरिङ शेर्पाले ३७ ग्रस अंकसहित बेस्ट ग्रसको उपाधि जिते। त्यस्तै, महिलातर्फ अञ्जिला योञ्जनले ३४ अंकसहित उपाधि जितिन् भने विपना श्रेष्ठ ३३ अंकसहित उपविजेता भइन्। ६० वर्षमाथिका सिनियरतर्फ प्रकाश एसजेबी राणाले ३४ अंकसहित उपाधि जिते। पूर्णमान शाक्य ३३ अंकसहित दोस्रो भए।

विजय श्रेष्ठ इनहाउसले लंगेस्ट ड्राइभ, रोबिन राणाले क्लोजेस्ट टु द पिन तथा टासी डोङले ६ बर्डीसहित मोस्ट बर्डिजको पुरस्कार जिते। लक्ष्मी सन्राइज बैंकको रङ भल्किने पहिरन लगाएका विजयबहादुर श्रेष्ठ र आत्माराम सिम्खडाले एलिगेन्ट गल्फरको पुरस्कार प्राप्त गरेका छन्।

यस बैंकको प्रायोजनमा आयोजित प्रतियोगिता तीनचौथाइ ह्यान्डिक्यापमा स्टेबलफोर्ड फर्म्याटमा खेलाइएको थियो। प्रतियोगितामा ११ महिला खेलाडीसहित कुल एक सय १२ गल्फरको सहभागिता थियो। प्रतियोगिताका विजेतालाई बैंकका अध्यक्ष रमण नेपाल, प्रमुख कार्यकारी अधिकृत सुमेध भट्टराई तथा गोकर्ण गल्फ क्लबका क्याप्टेन जोसेफ नाथनले पुरस्कार वितरण गरेका थिए।

२५ मंसिरदेखि चितवनमा बिल्ड नेपाल एक्स्पो

आर्थिक चुनौतीका कारण सुस्ताएको घरजग्गा तथा निर्माण क्षेत्रलाई गति दिन एक्स्पो आयोजना

नयाँ पत्रिका



सुस्ताउँदै गएको घरजग्गा तथा निर्माण क्षेत्रलाई पुनः चलायमान बनाउने, सुरक्षित तथा गुणस्तरीय आवास निर्माणलाई प्रोत्साहन गर्ने र स्वदेशमै लगानीका नयाँ अवसर सिर्जना गर्ने उद्देश्यले 'बिल्ड नेपाल एक्स्पो-२०२६' आयोजना हुने भएको छ। नारायणी जग्गा तथा आवास व्यवसायी संघ, भी ग्रुप र एसवन होम्सको संयुक्त आयोजनामा एक्स्पोको दोस्रो संस्करण २५ देखि २७ मंसिरसम्म चितवनको भरतपुरस्थित चितवन उद्योग संघको एक्स्पो सेन्टरमा सञ्चालन हुनेछ।

घरजग्गा तथा निर्माण क्षेत्र पछिल्लो समय विभिन्न आर्थिक तथा व्यावसायिक चुनौतीका कारण सुस्ताएको अवस्थामा यस क्षेत्रलाई नयाँ गति दिन एक्स्पो आयोजना गर्न लागिएको एक्स्पोका संयोजक सुरज न्यौपानेले जानकारी दिए। उनले घर निर्माण गर्न चाहने उपभोक्ता, निर्माण व्यवसायी, इन्जिनियर, आर्किटेक्ट, निर्माण सामग्री उत्पादक तथा विक्रेतालाई एउटै प्लाटफर्ममा जोड्दै लगानी र व्यावसायिक सम्भावनाको खोजी गर्नु एक्स्पोको मुख्य उद्देश्य रहेको बताए।

पछिल्ला वर्षमा आर्थिक मन्दी, लगानीको अभाव, वैदेशिक रोजगारीप्रतिको बढ्दो आकर्षण तथा व्यावसायिक वातावरणमा देखिएका चुनौतीले घरजग्गा र निर्माण क्षेत्र प्रभावित भएको छ। यस्तो अवस्थामा नयाँ प्रविधि, आधुनिक निर्माण सामग्री र सुरक्षित आवाससम्बन्धी जानकारी उपभोक्तासम्म पुऱ्याउँदै यस क्षेत्रका सम्भावना उजागर गर्ने लक्ष्य आयोजकले राखेको छ।

एक्स्पोमा आधुनिक घर तथा आवास निर्माण सामग्री, प्रविधि, घरजग्गा तथा आवास परियोजना, निर्माण सेवा र विभिन्न सम्बन्धित उत्पादन तथा सेवाको प्रदर्शनी गरिनेछ। साथै, भवन संहिता, सरकारी मापदण्ड, निर्माणको गुणस्तर र सुरक्षासम्बन्धी जानकारीसमेत प्रदान गरिने आयोजकले जनाएको छ।

नेपालको महत्त्वपूर्ण आवास तथा निर्माण बजारका रूपमा विकास हुँदै गएको चितवनलाई केन्द्रमा राखेर आयोजना गर्न लागिएको एक्स्पोले चितवनसहित देशका विभिन्न सम्भावनायुक्त जिल्लामा लगानी प्रवर्द्धन गर्ने आयोजकको विश्वास छ।

तीन दिनसम्म सञ्चालन हुने एक्स्पोमा देशभरका घरजग्गा व्यवसायी, निर्माण कम्पनी तथा निर्माण सामग्री उत्पादक र विक्रेतासहित विभिन्न क्षेत्रका ६० भन्दा बढी प्रदर्शनी स्टल रहनेछन्। आयोजकले करिब २५ हजार अवलोकनकर्ता सहभागी हुने अपेक्षा गरेको छ। इच्छुक प्रदर्शकका लागि स्टल बुकिङ खुला गरिएको छ।

३९ करोड पुग्यो चाइना ट्रेड सहकारीको कर्जा लगानी

काठमाडौं/ चाइना ट्रेड सहकारीको कर्जा लगानी ३९ करोड रुपैयाँ पुगेको छ। आर्थिक वर्ष ०८२/८३ सम्म संस्थाको कुल निक्षेप ७५ करोडभन्दा बढी पुगेको १९औँ वार्षिक साधारणसभामा जानकारी गराइएको छ। १९ सय ७५ सेयर सदस्य रहेको संस्थाको कुल सेयर पुँजी करिब आठ करोड पुगेको छ। २९ जना संस्थापक सेयर सदस्यबाट सुरु भएको संस्थाको अहिले न्युरोड खिचापोखरीमा आफ्नै सुविधासम्पन्न भवन रहेको छ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष लक्ष्मीप्रसाद उप्रेतीले वर्तमान चुनौतीपूर्ण आर्थिक परिवेशमा पनि चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्थाले सदस्य संख्या, सेयर र बचत रकममा गुणात्मक वृद्धि गर्न सफल भएको, प्रभावकारी रूपमा सामाजिक उत्तरदायित्व पूरा गरेको बताए। त्यस्तै, काठमाडौं महानगर- २२ का वडाध्यक्ष चिनकाजी महर्जनले सहकारी संस्था मात्र नभई स्थानीय विकास साझेदार, उद्यमशीलताको प्रवर्तक र समृद्धिको सहयात्रीका रूपमा सदस्यको विश्वास जित्न सफल नमुना सहकारी संस्था रहेको बताए।

सभामा वरिष्ठ सहकारीविज्ञ कुबेर निरौलाले सफल सहकारीका लागि सदस्यको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए। सभामा प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार श्रेष्ठले आगामी दिनमा अझ परिष्कृत डिजिटल सेवा र सदस्यकेन्द्रित कार्यक्रममार्फत उपस्थिति बलियो बनाउने बताए।

रोयल इन्फिल्डको 'हन्टरहुड' १२ डिसेम्बरमा



काठमाडौं/ भारतका विभिन्न सहरमा आयोजना हुँदै आएको रोयल इन्फिल्डको सडक संस्कृति महोत्सव 'हन्टरहुड' पहिलोपटक नेपालमा आयोजना हुने भएको छ। रोयल इन्फिल्डले आगामी १२ डिसेम्बर (२६ मंसिर)मा काठमाडौंको भृकुटीमण्डपमा 'हन्टरहुड काठमाडौं' आयोजना गर्न लागेको हो।

संगीत, कला, फेसन, सडक खेलकुद र सिर्जनात्मक गतिविधिलाई एउटै मञ्चमा जोड्ने उद्देश्यले आयोजना हुन लागेको महोत्सवमा नेपाल र भारतका कलाकार तथा सिर्जनात्मक समुदायको सहभागिता रहने बताइएको छ। कार्यक्रममा भारतीय च्यापर डिभाइन मुख्य आकर्षणका रूपमा रहनेछन्। भारतीय हिपहप संगीतलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन महत्त्वपूर्ण भूमिका खेलेका डिभाइनसँगै नेपाली च्यापर साकारले पनि प्रस्तुति दिनेछन्। त्यस्तै, लोकप्रिय नेपाली ब्यान्ड कुमार सागर एन्ड द ख्वापा, गाउँले भाइ, इस्ट्रिज र रातो रानीले पनि सांगीतिक प्रस्तुति दिनेछन्। नेपाल हिपहप फाउन्डेसनको सहभागितामा नेपाली हिपहप संस्कृतिलाई समेत कार्यक्रममा विशेष स्थान दिइने आयोजकले जनाएको छ।

रोयल इन्फिल्ड हन्टर तीन सय ५० मोटरसाइकलको सहरी जीवनशैली र व्यक्तिगत अभिव्यक्तिसँग जोडिएको अवधारणाबाट सुरु गरिएको हो। हन्टरहुडलाई संगीतमा रुचि राख्ने युवा, कलाकार, स्केटर तथा सिर्जनात्मक समुदायलाई एकै ठाउँमा जोड्ने उत्सवका रूपमा विकास गरिएको कम्पनीले जनाएको छ। काठमाडौंको मौलिक कला, संगीत र बढ्दो सहरी संस्कृतिलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने उद्देश्यले यसपटक नेपाललाई आयोजनास्थलका रूपमा छनोट गरिएको हो। टिकटको मूल्य तीन सय ५० रुपैयाँदेखि सुरु हुने आयोजकले जनाएको छ।

महोत्सवमा संगीतबाहेक स्केटबोर्डिङ, बिएमएक्स, फ्रिस्टाइल फुटबल, बास्केटबललगायतका गतिविधि पनि सञ्चालन हुनेछन्।

दुधको मूल्य बढाउन माग गर्दै धनकुटाका किसानले दिए अल्टिमेटम



धनकुटा/ यहाँका दुग्ध उत्पादक किसानले दुधको मूल्य प्रतिलिटर ८० रुपैयाँ कायम गर्न माग गर्दै सरकारलाई नौदिने अल्टिमेटम दिएका छन्। आइतबार पत्रकार सम्मेलन गर्दै किसानले दुधको उचित मूल्य निर्धारण गर्न तथा किसानका विभिन्न समस्या समाधानका लागि पटक-पटक सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराएका थिए। तर, माग सुनुवाइ नभएपछि पुनः आन्दोलनमा उत्रिने तयारीमा जुटेको उनीहरूले बताएका हुन्।

जिल्ला दुग्ध उत्पादक सहकारी संघ धनकुटाका अध्यक्ष नारद कटुवालले किसानका मागप्रति सरकारले बेवास्ता गरे आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिएका छन्। उनका अनुसार पशु आहार, दाना, औषधि तथा श्रमको लागत निरन्तर बढ्दै गए पनि किसानले उत्पादन गरेको दुधको उचित मूल्य र बजारको सुनिश्चितता हुन सकेको छैन। यही कारण दुग्ध व्यवसायमा संलग्न किसान आर्थिक समस्यामा पर्दै गएका छन्।

सरकारले नौ दिन अर्थात् मंसिर १५ गतेभित्र माग सम्बोधन नगरे चरणबद्ध आन्दोलन गर्ने पनि किसानले चेतावनी दिएका छन्। आन्दोलनका क्रममा उत्पादित दुध उपभोक्तालाई बिक्री नगर्ने, गाईभैंसी सडकमा छाड्ने, सडकमा दुध पोख्ने तथा गोबरले सडक पुर्नेलगायतका विरोधका कार्यक्रम गर्न सक्ने उनीहरूले बताए। धनकुटामा हाल दैनिक २५ हजार लिटर दुध उत्पादन हुँदै आएको छ। यहाँ उत्पादित दुधमध्ये करिब ५५ प्रतिशत धरान, विराटनगरलगायतका सहरमा बिक्रीका लागि पठाउने गरिएको छ। बाँकी दुध स्थानीय बजार तथा आसपासका क्षेत्रमा खपत हुँदै आएको छ। दुग्ध उत्पादन ग्रामीण क्षेत्रका किसानको आम्दानीको महत्त्वपूर्ण स्रोत भए पनि उत्पादन लागतअनुसार मूल्य नपाउँदा किसान यस व्यवसायबाट पलायन हुने जोखिम बढ्दै गएको छ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मितिः २०८३।०८।०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरतापेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रक्रिया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः

१. ऋणीको नामः नमस्ते ईटा उद्योग **कर्जा शिर्षकः** सवारी साधन कर्जा

(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान सिरहामा दर्ता रहेको) दर्ता नं.: ६२११/०७२/७३, दर्ता मितिः २०७२/०५/१७, स्थायी लेखा नं.: ६०३७७७६९५, ठेगानाः सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.वि.स., वडा नं. ८ क भई हाल परिवर्तित सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. ४।

प्रोप्राईटरः

राम कुमार साहः ना.प्र.प.नं (जारी मिति/स्थानः ५७२४६/४४५ (२०६१/०१/२९/सिराहा), बाजेको नामः हनुमान, बाबुको नामः धनिक लाल साहु, ठेगानाः सिरहा जिल्ला, असनपुर गा.वि.स., वडा नं. ५ भई हाल परिवर्तित सिरहा जिल्ला, गोलबजार न.पा., वडा नं. ४।

व्यक्तिगत जमानतकर्ताहरुः

क. धनिकलाल साहुः ना.प्र.प.नं (जारी मिति/स्थानः ०२५९३३८३(२०४३/११/५/सिरहा), बाबुको नामः हनुमान, ठेगानाः सिरहा जिल्ला, असनपुर गा.वि.स., वडा नं. ६ भई हाल परिवर्तित सिरहा जिल्ला, गोलबजार न.पा., वडा नं. ४।

ख. संगिता कुमारी साहः ना.प्र.प.नं (जारी मिति/स्थानः १५१०४७/३७४(२०६६/०८/२१/सिराहा), बाबुको नामः हृदय नारायण साह, ससुराको नामः धनिक लाल साहु, पतिको नामः राम कुमार साह, ठेगानाः सिरहा जिल्ला, असनपुर गा.वि.स., वडा नं. ५ भई हाल परिवर्तित सिरहा जिल्ला, गोलबजार न.पा., वडा नं. ४।

धितो लेखिदिएको चल सम्पत्तिको विवरणः

धनी एनएमबि बैक लि./ऋणी **नमस्ते ईटा उद्योग**को नाममा प्रदेश नं. २ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

सवारीसाधनको विवरणः

कम्पनीः टाटा मोटर्स भारत , मोडलः TATA NEXON XZ+S, सवारी दर्ता नं.: प्रदेश - २ -०१ - ००१ च - ०४४९, बनेको सालः २०२१, च्यासिस नं.: MAT627231MLC18037, इन्जिन नं.: REVTRN11CYXK25545

२. ऋणीको नामः स्वामी केदार ट्रेडर्स एण्ड सप्लायर्स **कर्जा शिर्षकः** क्यास केडिट

(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, भीमदत्त, कञ्चनपुरमा दर्ता रहेको) दर्ता नं.: ०६/२०६६/२०६७, दर्ता मितिः २०६६/०४/०८, स्थायी लेखा नं.:३०३४९८४७४, ठेगानाः कञ्चनपुर जिल्ला, भीमदत्त न.पा., वडा नं. १८।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः

डम्बर दत्त पाण्डेयः ना.प्र.प.नं (जारी मिति/स्थानः ५७७९३२८(२०४७/०८/१०/कञ्चनपुर), बाजेको नामः दामोदर पाण्डेय, बाबुको नामः भान देव पाण्डेय, ठेगानाः कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा., वडा नं. १५ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा., वडा नं. १५।

व्यक्तिगत जमानतकर्ताहरुः

क. अनुज पाण्डेयः ना.प्र.प.नं (जारी मिति/स्थानः ७५-०१-७८-०३८७७(२०७८/०५/३०/कञ्चनपुर), बाजेको नामः भान देव पाण्डेय, बाबुको नामः डम्बर दत्त पाण्डेय, ठेगानाः कञ्चनपुर जिल्ला, भीमदत्त न.पा., वडा नं. १५।

ख. निर्मला पाण्डेयः ना.प्र.प.नं (जारी मिति/स्थानः ५७८००४५५(२०६०/०८/१७/कञ्चनपुर), बाबुको नामः कृपाल दत्त भट्ट, ससुराको नामः भान देव पाण्डेय, पतिको नामः डम्बर दत्त पाण्डेय, ठेगानाः कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा., वडा नं. १५ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा., वडा नं. १५।

धितो लेखिदिएको सम्पत्तिको विवरणः

दामोदर पाण्डेयको नाति, भान देव पाण्डेयको छोरा, कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा., वडा नं. १५ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा., वडा नं. १५ बस्ने **डम्बर दत्त पाण्डेय**को नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ठा कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर नगरपालिका, वडा नं. १५, नक्सा सीट नं. ०२०१४९७४ स्थित कि.न. ८४६७ को क्षेत्रफल १५०४.५५ व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

३. ऋणीको नामः श्री श्रेष्ठ कृषि फार्म **कर्जा शिर्षकः** क्यास केडिट, आवधिक कर्जा र सवारी साधन कर्जा

(प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति धादिङ, बागमती प्रदेश धादिङबेसी, धादिङमा दर्ता रहेको) दर्ता नं.: ७०६५/५८७/०७६/०७७, दर्ता मितिः २०७६/११/२३, स्थायी लेखा नं.: ६१२३१४८५०, ठेगानाः धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. ४।

प्रोपाईटरः

सानुमाया श्रेष्ठः ना.प्र.प.नं (जारी मिति/स्थानः २४६२२(२०५५/०१/०८/धादिङ), बाबुको नामः पुर्णमान श्रेष्ठ, ससुराको नामः चतुरमान श्रेष्ठ, पतिको नामः नन्दलाल श्रेष्ठ, ठेगानाः धादिङ जिल्ला, बैरेनी गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. ४।

व्यक्तिगत जमानतकर्ताः

नन्दलाल श्रेष्ठः ना.प्र.प.नं (जारी मिति/स्थानः २४३०३(२०५४/१२/२६/धादिङ), बाजेको नामः श्रीमान श्रेष्ठ, बाबुको नामः चतुरमान श्रेष्ठ, ठेगानाः धादिङ जिल्ला, बैरेनी गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. ४।

धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

अ. श्रीमान श्रेष्ठको नाति, चतुरमान श्रेष्ठको छोरा, धादिङ जिल्ला, बैरेनी गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. ४ बस्ने **नन्दलाल श्रेष्ठ**को नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता श्रेष्ठा कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरुः

क. धादिङ जिल्ला, बैरेनी गा.वि.स./न.पा., वडा नं. ७, नक्सा सीट नं. ७ज स्थित कि.न. ५३७ र ५३९ को क्षेत्रफल क्रमशः ०-२-०-० र २-३-०-२ रोपनीको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

ख. धादिङ जिल्ला, बैरेनी गा.वि.स./न.पा., वडा नं. ७, नक्सा सीट नं. ७क स्थित कि.न. २६४ को क्षेत्रफल ३-१२-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

आ. धनी एनएमबि बैक लि./ऋणी **श्री श्रेष्ठ कृषि फार्म**को नाममा बागमती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

सवारीसाधनको विवरणः

कम्पनीः टाटा मोटर्स लि., मोडलः XENON YODHA, सवारी दर्ता नं.: बागमती प्रदेश-०१ ०२५ च ७८६३, बनेको सालः २०२१, च्यासिस नं.: MAT464602MSR07611, इन्जिन नं.: 4SPCR10EYX618358

४. ऋणीको नामः चन्द्र बहादुर तामाङ **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थानः २६१/४२७२६(२०६७/१२/२०/धादिङ), बाजेको नामः मानविर तामाङ, बाबुको नामः साईलो तामाङ, ठेगानाः धादिङ जिल्ला, भुमेस्थान गा.वि.स., वडा नं. ६ परिवर्तित धादिङ जिल्ला, थाके गा.पा., वडा नं. २।

व्यक्तिगत जमानतकर्ताः

निर माया तामाङः ना.प्र.प.नं (जारी मिति/स्थानः २६-०१-७३-०१४६३(२०७३/०२/०९/धादिङ), बाबुको नामः राम बहादुर तामाङ, ससुराको नामः साईलो तामाङ, पतिको नामः चन्द्र बहादुर तामाङ, ठेगानाः धादिङ जिल्ला, भुमेस्थान गा.वि.स., वडा नं. ६ परिवर्तित धादिङ जिल्ला, थाके गा.पा., वडा नं. २।

धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

मानविर तामाङको नाति, साईलो तामाङको छोरा, धादिङ जिल्ला, भुमेस्थान गा.वि.स., वडा नं. ६ परिवर्तित धादिङ जिल्ला, थाके गा.पा., वडा नं. २ बस्ने **चन्द्र बहादुर तामाङ**को नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता श्रेष्ठा कायम रहेको धादिङ जिल्ला, भुमेस्थान गा.वि.स./न.पा., वडा नं. ६, नक्सा सीट नं. ६ख स्थित कि.न. ३९३ र ५६७ को क्षेत्रफल क्रमशः ६६९.६८ र ४२७.१९ व.मि.को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले चिनबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार र प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	Morbidelli-C252V	Bike	Morbidelli	C-252V	249.1CC	China	1	10,79,900.00	10,79,900.00
2	Morbidelli-T250X	Bike	Morbidelli	T250X	249CC	China	1	674,000.00	674,000.00
3	Morbidelli-T352X	Bike	Morbidelli	T352X	349.2CC	China	1	1,099,900.00	1,099,900.00
4	Morbidelli-T502X	Bike	Morbidelli	T502X	486CC	China	1	14,99,900.00	14,99,900.00

Global Automobiles Pvt. Ltd
Paropakar-20, Bhimsenthan, Kathmandu, Nepal.
Pan: 603583333
Contact Number: 015913058/59

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्मकम्पनीले जापानबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाइ	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	**Morbidelli-T1002VX**	MOTORCYCLE	MORBIDELLI	T1002VX	997	CHINA	1	4,499,900.00	4,499,900.00

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.
आनन्दनगर, धुम्वाराही, काठमाडौं
एकजीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

PROCUREMENT NOTICE
Request for Quotation (RFQ)

FOOD FOR LIFE NEPAL

Procurement Form (PF) Number	FFLN-SCM-NO-2026-02 for the Supply of Braising Pans
Issuance Date:	November 23, 2026
Quotation/Proposal Submission Deadline:	December 13, 2026 by 5:00 p.m. Nepal Standard Time
Quotation Submission Method:	Quote must be submitted in Sealed Quotation. The quotation must be submitted on company letterhead with date and stamp by an authorized individual and delivered to Food For life Nepal office in a sealed envelope. The subject line of the envelope should be clearly marked: "Quotation for FFLN-SCM-NO-2026-02 for the Supply of Braising Pans". Interested vendors are required to register the quotation and drop it at Food for Life Nepal office at Budhanilkantha 5, Kathmandu. Please refer to RFQ for FFLN-SCM-NO-2026-02 posted on Jobsnepal.com (https://www.jobsnepal.com/145063) for additional details and requirements.
Background:	Food for Life Nepal (FFLN) is a non-governmental, non-profit organization working for the welfare of children in Nepal. Food for Life Nepal (FFLN) implements the Mid-Day Meal Program for approximately 20,000+ students and various humanitarian community development, and social welfare initiatives that require the procurement of goods, works, and services and effective management of organizational assets. Food For Life Nepal (FFLN) invites qualified and eligible suppliers to submit bids for supply and delivery of Braising Pans, as outlined in the annexes to this Invitation to Bid (ITB).
Implemented By:	Food For Life Nepal

Food For Life Nepal reserves the right to reject any or all quotations received without explanation.

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६१/०७०

नयाँ पत्रिका

एनपिएलमा नचलेका घरेलु खेलाडी

रमेश सुवेदी/नयाँ पत्रिका

सुदूरपश्चिम रोयल्स पहिलोपटक च्याम्पियन बनेसँगै तेस्रो सिजनको एनपिएल सकिएको छ। स्वदेशी खेलाडीले एक महिनासम्म टेस्ट राष्ट्रका ब्याट्सम्यान र बलरसँगै ड्रेसिङ रुम सेयर गर्ने अवसर पाए। प्रतियोगिताले केही नयाँ खेलाडी पनि जन्मायो। राष्ट्रिय टोलीबाट खेलिरहेका र अक्सनमा सर्वाधिक मूल्य पाएका केही खेलाडी भने यसपटक चल्न सकेनन्।

आसिफ शेख (लुम्बिनी लायन्स)

आठ इनिङ्स, रन ११२



जनकपुर बोल्ट्सले रिटेन नगरेपछि मिनी अक्सनमा आसिफलाई सर्वाधिक १५ लाख मूल्यमा लुम्बिनीले भित्र्यायो। उनी गोलाप्रथाबाट लुम्बिनी पुगेका थिए। ओपनिङ ब्याट्सम्यानबाट धेरै रन बन्ने आशा गरिएको थियो। ईश्वर जिसी मालिक रहेको लुम्बिनीले पनि भाग्यमानी भएको भान गऱ्यो। तर, मैदानमा राष्ट्रिय टोलीका ओपनरसमेत रहेका शेखले सोचेजस्तो रन बनाउन सकेनन्। २५ वर्षीय शेखले आठ इनिङ्समा ११२ रन बनाए। उनले विराटनगरविरुद्ध सर्वाधिक ४५ रन बनाए। सुदूरपश्चिमविरुद्ध ३२, जनकपुरविरुद्ध २१ रनबाहेक अन्य फ्रेन्चाइज टोलीविरुद्ध दोहोरो अंकमा रन बनाउन सकेनन्।

सन्दीप लामिछाने (विराटनगर किंग्स)

खेल सात, विकेट ७



विराटनगरले वेस्ट इन्डिजका आन्द्रे रसेलसहित श्रीलंकाका स्टार खेलाडी भित्र्याउँदै उपाधि जित्ने लक्ष्य राखेको थियो। विराटनगरले कप्तानीको जिम्मेवारीमा सन्दीपलाई नै निरन्तरता दियो। तर, टोलीले योजनाअनुसार नतिजा दिन सकेन। विराटनगर प्लेअफमा पुग्न सकेन। सन्दीप पनि प्रतियोगितामा चल्न सकेनन्। उनले सात खेलमा सात विकेट लिए। २६ वर्षीय सन्दीप चार खेलमा विकेटविहीन भए। प्रतियोगिताको दोस्रो खेलमा कर्णालीविरुद्ध एक विकेट लिएपछि एकैपटक उनले छैटौँ खेलमा पोखरा एभेन्जर्सविरुद्ध विकेट लिए। यस खेलमा उनले ह्याट्रिकसहित ६ विकेट लिएका हुन्। उनी लुम्बिनीविरुद्धको निर्णायक खेलमा विकेटविहीन भए।

आदिल आलम (काठमाडौं गोर्खाज)

खेल पाँच, रन ३८, विकेट ०



दोस्रो एनपिएलको अक्सनमा सर्वाधिक १५ लाखसहित गोलाप्रथाबाट आदिल आलमलाई पाउँदा काठमाडौं गोर्खाजको टेबुल हर्षले भरिएको थियो। अलराउन्डर आदिल तेस्रो सिजनमा असफल भए। उनी यसपटक बारम्बार ट्रोलको सिकार भए। काठमाडौंले यसपटक उनीबाट आशा गरेको थियो। यसमा आदिल शतप्रतिशत उत्रन सकेनन्। उनले केवल पाँच खेल मात्रै खेल्न पाए। दुई खेलमा बेन्चमै रहे। २३ वर्षीय अलराउन्डर आदिलले मात्र ३८ रन बनाए। लगातार खराब प्रदर्शनपछि बलिङसमेत गर्न पाएनन्।

तेस्रो सिजनको एनपिएलमा सहभागी सबै टोलीले नाम चलेका स्वदेशी खेलाडी भित्र्याए, केही खेलाडी चम्किए भने केहीले क्षमताअनुसार प्रदर्शन गर्न सकेनन्

अनिलकुमार साह (जनकपुर बोल्ट्स)

पाँच इनिङ्स, रन २३



पहिलो सिजनमा अनिलको कप्तानीमा जनकपुरले उपाधि जितेको थियो। त्यसयता अनिलको फर्म त्यति राम्रो छैन। यद्यपि, तेस्रो एनपिएलमा अनिलको ब्याटबाट रनको वर्षा हुने र लयमा फर्किने जनकपुरको आशा थियो। २८ वर्षीय अनिलले ओपनिङमा जनकपुरलाई अगाडि बढाउने विश्वास थियो। लगातार दुई सिजन प्रदर्शन उस्तै रहेको छ। तेस्रो सिजनमा ६ खेल मध्ये पाँच इनिङ्स ब्याटिङ गर्दा उनले २३ रन बनाए। पहिलो खेलमा कर्णालीविरुद्ध ११ रन बनाउनु नै उनको व्यक्तिगत ठुलो स्कोर रह्यो।

गुल्सन झा (कर्णाली याक्स)

सात खेल, रन ९६, विकेट ०



मिनी अक्सनमा सर्वाधिक १५ लाखसहित गोलाप्रथाबाट गुल्सनलाई पाउँदा कर्णाली दंग परेको थियो। तेस्रो सिजनसम्म आउँदा गुल्सनको प्रदर्शन भनेजस्तो छैन। यसपटक राष्ट्रिय टोलीका गुल्सनसँगै नन्दन यादव र सोमपाल कामीसँगै दक्षिण अफ्रिकी डेभिड मिलर हुँदा कर्णालीलाई उपाधि दाबेदार मानियो। यी चारै खेलाडी चल्न नसक्दा कर्णाली प्लेअफमा पुग्न सकेन। २० वर्षीय गुल्सनले सात खेलमा ९६ रन बनाए। अस्वाभाविक रूपमा उनी विकेटविहीन भए।

ललित राजवंशी (जनकपुर बोल्ट्स)

सात खेल, विकेट ६



आसिफ शेखको बहिर्गमनसँगै मार्की बनेका राजवंशीको प्रदर्शन पनि सोचेअनुरूप रहेन। राजवंशीले सात खेलमा मात्र ६ विकेट लिए। पछिल्लो संस्करण सानदार प्रदर्शन गरेका ललितले यसपटक बिर्सनलायक प्रदर्शन गरेका छन्। २७ वर्षीय बायाँहाते स्पिनरले चितवनविरुद्ध सर्वाधिक दुई विकेट लिए। उनी विराटनगर र सुदूरपश्चिमविरुद्ध विकेटविहीन भए। उनले सात खेलमा १० रन जोडे। पहिलो संस्करणमा उनी सर्वाधिक विकेट लिने बलर बनेका थिए। त्यसबेला उनले १७ विकेट हात पारेका थिए।

नन्दन यादव (कर्णाली याक्स)

सात खेल, विकेट ५



तेस्रो संस्करणमा नन्दनबाट कर्णालीले राम्रो प्रदर्शनको आशा गरेको थियो। टी-२० फर्म्याटमा उनलाई राम्रो बलरका रूपमा लिइन्छ। तर, नन्दनले तेस्रो सिजनको एनपिएलमा सोचेजस्तो विकेट लिन सकेनन्। प्रतियोगितामा उनले पाँच विकेट लिए। ब्याटिङका क्रममा उनले ९ रन जोडेका थिए। २६ वर्षीय नन्दनले पहिलो खेलमा जनकपुरविरुद्ध दुई विकेट लिनु नै सर्वाधिक बन्यो। महत्त्वपूर्ण मानिएको पोखरा, लुम्बिनी र चितवनविरुद्ध उनी विकेटविहीन भए।

कुशल मल्ल (चितवन राइनोज)

६ खेल, रन ५८, विकेट २



कुशल तेस्रो एनपिएलसँगै लयमा फर्किने विश्वास गरिएको थियो। यसपटक कुशल फर्ममा देखिएनन्। उनले ६ खेलमा मात्र दुई विकेट हात पारे। ब्याटिङका क्रममा उनले ६ खेलमा ५८ रन बनाएका थिए। चितवन राइनोजले एनपिएलमा तेस्रो स्थान रक्षा गर्दा २२ वर्षीय खेलाडी कुशल आफ्नो भूमिकामा असफल देखिए। पहिलो दुई खेलमा उनी बेन्चमा रहे। कर्णालीविरुद्ध अन्तिम खेलमा १८ रन बनाउनु नै तेस्रो एनपिएलमा उनको उत्कृष्ट प्रदर्शन रह्यो।

भीम सार्की (काठमाडौं गोर्खाज)

सात इनिङ्स, रन ७६



एकदिवसीय फर्म्याटमा भीम राम्रा ब्याट्सम्यान हुन्। यसै अनुभवका कारण काठमाडौंले उनलाई अनुबन्ध गरेको थियो। क्रिजमा लगातार विकेट गएको अवस्थामा भीम सम्हालिएर खेल्न सक्छन्। एक किसिमले उनको यो विशेष क्षमता हो। टोलीकै अनुभवी ब्याट्सम्यान मानिने भीमले तेस्रो सिजनको एनपिएलमा आठ खेलमा ७६ रन बनाए। उनले पहिलो खेलमा जनकपुरसँग ३३ तथा अन्तिम खेलमा दसौं क्रममा आएर चितवनविरुद्ध अविजित ३० रन बनाएका थिए। उनी तीन खेलमा डकआउट भए।

सन्दीप जोरा (लुम्बिनी लायन्स)

६ इनिङ्स, रन ९५



लुम्बिनीले लगातार दोस्रोपटक फाइनलमा स्थान बनाए पनि मध्यक्रमका ब्याट्सम्यान सन्दीपको प्रदर्शन औसत रह्यो। उनले आठमध्ये ६ इनिङ्समा ब्याटिङ गरी ९५ रन बनाए। सुदूरपश्चिमविरुद्धको फाइनलजस्तो महत्त्वपूर्ण खेलमा उनी चार रनमा आउट भए। उनले पहिलो क्वालिफायरमा सुदूरपश्चिमविरुद्धद्ध आठ रन बनाए। यसपटक काठमाडौंविरुद्ध उनले सर्वाधिक ४५ तथा विराटनगरविरुद्ध अविजित २५ रन बनाएका थिए।

नेपालको सय एकदिवसीय खेल पूरा

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीको सय एकदिवसीय खेलमा युएई ६ विकेटले पराजित



नयाँ पत्रिका

नेपालले आफ्नो सय अन्तर्राष्ट्रिय एकदिवसीय खेल पूरा गरेको छ। कतारको दोहामा चलिरहेको एसिया कप राइजिङ स्टार्सअन्तर्गत आइतबार युएईसँगको प्रतिस्पर्धामा नेपालले सो सफलता चुमेको हो। १ अगस्ट २०१८ मा नेपालले आफ्नो पहिलो एकदिवसीय खेल नेदरल्यान्ड्ससँग खेलेको थियो। पहिलो एकदिवसीय प्रतिस्पर्धामा नेपाल ५५ रनले पराजित भएको थियो।

आठ वर्षको यात्राका क्रममा नेपालले ५० जित र ४७ हारको सामना गरेको छ। यसक्रममा दुई खेल नो रिजल्ट र एक खेल टाई भएको थियो। नेपालले चालू सिजनमा १९ एकदिवसीय खेल खेल्यो। जसमध्ये १२ मा जित र सात खेलमा हारको नतिजा निकालेको छ। नेपालले चारपटक एकदिवसीय विश्वकप क्वालिफायर खेलेको छ। छनोट खेलमा नेपालले सन् २०१८ र ०२३ मा उत्कृष्ट रूपमा आठौँ स्थान हात पारेको थियो।

भुर्तेलको अलराउन्ड प्रदर्शन

एसिया कप राइजिङ स्टार्समा नेपाल पहिलो खेलमा भारतको 'ए' टोलीसँग ३०६ रनको फराकिलो अन्तरले पराजित भएको थियो। समूह 'ए'बाट सेमिफाइनल आशा जीवितै बनाउन नेपालले युएईसँगको खेल जित्नुपर्ने थियो। पहिलो ब्याटिङ गरेको युएई ३९.५ ओभरमा १२१ रनमा समेटियो। प्रत्युत्तरमा नेपालका लागि कुशल भुर्तेलले ५७ रनको अर्धशतकीय इनिङ्स खेले। उनले ५६ बलमा ६ चौका र एक छक्का प्रहार गरेका थिए। ओपनर अर्जुन कुमाल ५ रनमा आउट भए।

सो ब्याटिङ इनिङ्समा डेब्यु गरेका मयंक यादवले २८ बलमा २७ रन बनाउन चार चौका र एक छक्का प्रहार गरे। यसैगरी बसिर अहमदले ३१ बलमा १८ रन बनाए। नेपालले २२ ओभरमा चार विकेट गुमाएर १२३ रन बनायो। बलिङका क्रममा भुर्तेलले पाँच ओभरमा दुई मेडन राखी १५ रन खर्चेर तीन विकेट लिए।

कप्तान लामिछानेको कसिलो बलिङ

पहिलो ब्याटिङ गरेको युएईले नेपालको कसिलो बलिङ सामना गर्न सकेन। इनिङ्सको कुनै पनि समयमा युएईका ब्याट्सम्यानले खुलेर खेल्न सकेनन्। नेपालका कप्तान सन्दीप लामिछानेले आफ्नो १० ओभरको स्पेलमा घातक बलिङ गरे। उनले तीन मेडनसहित ११ रन दिएर सर्वाधिक तीन विकेट लिए। उनको इकोनोमी १.१० रहेको थियो। यसैगरी नन्दन यादव, रसिद खान र ललित राजवंशीले समान एक विकेट हात पारे। युएईको ब्याटिङमा हर्षित सिंहले ४८ बलमा चार चौकाको सहयोगमा ३२ रन बनाए। यसैगरी मुहम्द सहदादले ७० बल खेलेर ४० रन जोडे। उनले आफ्नो ब्याटिङमा पाँच चौका प्रहार गरेका थिए।

खेल संक्षेप

ज्ञानोदयको सहज जित

काठमाडौं/ ज्ञानोदय बाल वाटिकाले १२औँ रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा दोहोरो जित निकालेको छ। ज्ञानोदयले आइतबार सिनियर पुरुषमा दुई प्रतिस्पर्धीलाई हराएको हो। स्युचाटारस्थित आयोजक रेडियन्ट पब्लिकको कोर्टमा पुरुषतर्फ ज्ञानोदयले होली भिजनलाई ३५-२९ ले पराजित गऱ्यो। ज्ञानोदयको जितमा साइमन क्षेत्रीले १३ स्कोर गरे। अर्को खेलमा ज्ञानोदयले केभिएस रानीवनलाई ११-९ ले हरायो। सिनियर पुरुषतर्फ अन्य प्रतिस्पर्धामा निसर्ग वाटिकाले मोक्षदालाई ४६-२८ ले हरायो। केभिएस रानीवनले कश्यपलाई ३८-१८ र राइजिङ स्टारले विस्डमलाई ४३-१८ ले पाखा लगाए। सिनियर महिलामा निसर्ग वाटिकाले केभिएस स्युचाटारलाई ३४-४ ले पराजित गऱ्यो। निसर्गकी आश्रा भण्डारीले १८ स्कोर गरेकी थिइन्। जुनियर पुरुषमा केभिएस स्युचाटारले ओएसिसलाई १९-८ तथा ह्वाइटफिल्डले कश्यपलाई १६-६ ले पाखा लगाए। केभिएसका राजीव अधिकारीले १० तथा ह्वाइटफिल्डका मसिक तामाङले चार स्कोर गरे।



टिआइए र मार्बलस विजयी

काठमाडौं/ आयोजक ठुङरम इन्टरनेसनल एकेडेमी (टिआइए) 'ए' र मार्बलसले १८औँ टिआइए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा आइतबार जित निकालेका छन्। टिआइए 'ए'ले हिमालयलाई ३१-६ ले पराजित गऱ्यो। मार्बलसले बिएमसीएलाई ३०-१७ ले हरायो। सिनियर पुरुषमा त्रिज्योतिले युनाइटेडलाई ५९-१३ ले पाखा लगायो। भ्याली पब्लिकले विल्सन एकेडेमीलाई ५९-४६ र निम्सले गण्डकीलाई ४६-३३ ले हराए। मातृभूमिले ग्रिनल्यान्डमाथि ४६-१५ को जित निकाल्यो।

लालीगुराँसको साँघुरो जित

काठमाडौं/ इडेन ब्रिज एकेडेमी (इबिए) र लालीगुराँस नेसनल एकेडेमीले २०औँ भ्याली पब्लिक कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा आइतबार जित हात पारेका छन्। इबिएले फेरिल्यान्डलाई २०-१५ ले पाखा लगायो। लालीगुराँसले हिमालयलाई २१-१६ ले निराश बनायो। ह्वाइटफिल्डले हेरालडलाई २१-१७ ले पराजित गऱ्यो। सेबले फ्युजन एकेडेमीलाई १४-१० र न्युटनले डाफोडिललाई ३०-२५ ले हराए।

बास्तोलाले प्लेअफ खेल्ने

काठमाडौं/ नेपालका टेनिस खेलाडी अभिषेक बास्तोलाले अस्ट्रेलियन ओपनको वाइल्ड कार्ड प्लेअफ खेल्न भएका छन्। एसिया-प्यासिफिक वाइल्ड कार्ड प्लेअफ खेल्न उनी चीनको छेङ्दु पुगेका छन्। यो प्रतियोगिताको छनोट चरणमा वाइल्ड कार्ड पाउने उनी पहिलो नेपाली खेलाडी हुन्। २३ देखि २८ नोभेम्बरसम्म सिचुआन इन्टरनेसनल टेनिस सेन्टरमा हुने प्रतियोगितामा उनले पुरुष एकलतर्फ प्रतिस्पर्धा गर्नेछन्। छनोट चरणमा आठ खेलाडी छन्। तीमध्ये चारजनाले वरीयताका आधारमा स्थान पाएका हुन्। बास्तोलासहित चारजनाले वाइल्ड कार्ड पाएका छन्। छनोटबाट चार खेलाडी १६ जना सम्मिलित मुख्य प्लेअफमा पुग्नेछन्। त्यसको विजेताले आगामी जनवरीमा अस्ट्रेलियाको मेलबर्नमा हुने अस्ट्रेलियन ओपनको पुरुष एकल मुख्य 'ड्रा'मा स्थान पाउनेछ। बास्तोलाका लागि यो पहिलोपटक ग्रान्डस्लामको मुख्य प्रतिस्पर्धामा पुग्ने अवसर हो। बास्तोलाले लगातार चार एसियन खेलकुद प्रतियोगितामा सहभागिता जनाएका छन्। यो सफलता प्राप्त गर्ने उनी पहिलो नेपाली टेनिस खेलाडी हुन्।

गृहजिल्ला मकवानपुरमा रिजनको भव्य स्वागत

मकवानपुर/ तेस्रो सिजनको नेपाल प्रिमियर लिग (एनपिएल)मा चितवन राइनोजबाट उत्कृष्ट प्रदर्शन गरेका क्रिकेटर रिजन ढकाललाई गृहजिल्ला मकवानपुरमा आइतबार भव्य स्वागत गरिएको छ। चितवनबाट प्रतिस्पर्धा गरेका ढकालले नौ खेलमा सर्वाधिक १७ विकेट लिएका थिए। उनी तेस्रो एनपिएलकै धेरै विकेट बलर बने। उनले प्रतियोगितामा दुई महत्त्वपूर्ण व्यक्तिगत पुरस्कार हात पारे।

उनले उत्कृष्ट नेपाली खेलाडी घोषित हुँदै ओमोडा एन्ड जेइको कार र उत्कृष्ट बलर बनेर पल्सर मोटरसाइकल जिते। प्रतियोगिताभर निरन्तर प्रभावशाली बलिङ गरेका उनले आफ्नो प्रदर्शनमार्फत मकवानपुरको क्रिकेटलाई राष्ट्रियस्तरमा चिनाएका छन्। मकवानपुर जिल्ला क्रिकेट संघ, हेटौंडा उपमहानगरपालिका-२ का जनप्रतिनिधि तथा स्थानीयले आइतबार उनको स्वागत गरेका हुन्। स्थानीयले ढकाललाई फूलमाला तथा खादा लगाएर स्वागत गरे। क्रिकेटमा उनले हासिल गरेको उपलब्धिले हेटौंडा र मकवानपुरको गौरव बढाएको भन्दै स्थानीयले खुसी व्यक्त गरेका छन्।



न्युजिल्यान्ड २३३ रनले पछाडि

एजेन्सी/ भारतविरुद्धको पहिलो टेस्टमा घरेलु टोली न्युजिल्यान्ड २३३ रनले पछाडि छ। वेलिङटन मैदानमा भारतले पहिलो ब्याटिङ गरी ७२०/९ को अवस्थामा इनिङ्स समाप्ति गरेको थियो। प्रत्युत्तरमा न्युजिल्यान्ड आफ्नो पहिलो इनिङ्समा ३६८ रनमा समेटियो। भारतले न्युजिल्यान्डलाई फलो अनमा पठायो।

त्यसपछि न्युजिल्यान्डले आफ्नो दोस्रो इनिङ्सको ब्याटिङमा चोथो दिन आइतबारको खेल सकिँदासम्म दुई विकेट गुमाएर ११९ रन बनायो। भारतलाई फेरि ब्याटिङ गराउन न्युजिल्यान्डलाई २३३ रन बनाउनुपर्छ। क्रिजमा रचिन रबिन्द्रले ७२ बलमा २७ र डेभन कोन्वेले १३७ बलमा ५९ रन बनाएका छन्। उनीहरूले तेस्रो विकेटका लागि २२.५ ओभरमा ५९ रन जोडेका छन्।

यसअघि भारतको पहिलो ब्याटिङ इनिङ्समा लोकेश राहुलले १३६ रनको शतकीय इनिङ्स खेलेका थिए। उनले २९० बलमा नौ चौका र दुई छक्का प्रहार गरे। यसैगरी ऋषभ पन्तले १५३ बलमा १२८ रन बनाए। उनले १० चौका र ६ छक्का प्रहार गरे। कप्तान शुभमन गिल ९८ रनमा आउट भए।



■ झापा महिला गोल्डकप

आर्मीको जितमा चन्द्रा र हेमाको ह्याट्रिक

झापामा **चिरञ्जीवी घिमिरे**

चन्द्रा भण्डारी र हेमा चौधरीको ह्याट्रिकको सहयोगमा आइतबार त्रिभुवन आर्मी क्लबले भारतीय टोली गयेसपुर वुमन्स फुटबल एकेडेमीलाई १०-० ले पराजित गरेको छ। दुधे रंगशालामा भएको पहिलो खेलमै हार सामना गरेको गयेसपुर प्रतियोगिताबाट बाहिरिएको छ। जितसँगै आर्मीले सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ। आर्मीका लागि सुक्रिया मियाँले दुई गोल गरिन्। जेनिफर रानामगर र दीपा शाहीले समान एक गोल गरे।

गयेसपुर टोलीमाथि खेल अवधिभर आर्मी हाबी रह्यो। आर्मीले पाहुना टोलीको कमजोर डिफेन्समा गोलको वर्षा गऱ्यो। आयोजकले खेललाई प्रतिस्पर्धात्मक बनाउन विदेशीसहित उत्कृष्ट नेपाली टोली ल्याउने प्रतिबद्धता जनाएको थियो। तर, आयोजक आफ्नै प्रतिबद्धतामा चुक्न पुग्यो। पहिलो संस्करणमा दर्शकको राम्रो साथ पाएको प्रतियोगितामा विगतको तुलनामा दुई खेलमा दर्शकको उपस्थिति कम रहन पुग्यो। पहिलो र दोस्रो खेलमा भने पराजित हुने टोलीले प्रतिस्पर्धा गर्न सकेनन्। पहिलो खेलमा आयोजकसँग प्रतिस्पर्धा गर्ने आरएस पोखराको टिम पनि कमजोर देखिन्थ्यो। गयेसपुरले आर्मीको पोस्टमा कुनै खतरनाक पोस्टचार्ज गर्न सकेन।

पहिलो हाफमा सात गोल

खेलको पाँचौँ मिनेटमा आर्मीकी चन्द्राले अग्रता गोल गरिन्। आर्मीकी विमला चौधरीको प्रहार पोस्टमा ठोक्किँदै फर्किएपछि डिबक्समा अनमार्कमा रहेकी भण्डारीले सहजै गोल गरिन्। खेलको १६औँ मिनेटमा चन्द्राले आर्मीको अग्रतालाई दोब्बर बनाइन्। डिबक्सबाहिरबाट मिडफिल्डर दीपा शाहीले दिएको सट पासमा चन्द्राले भली प्रहारमार्फत गोल गरिन्। खेलको १८औँ मिनेटमा हेमाले आर्मीलाई ३-० को अग्रता दिलाइन्।

डिबक्सबाट दीपा शाहीको सट पासलाई हेमाले सहजै गोल गरिन्। खेलको ३३औँ मिनेटमा सुक्रिया मियाँले टोलीलाई ४-० को अवस्थामा पुऱ्याइन्। पीपीकाे पासमा डिबक्समा अनमार्क रहेकी सुक्रियाले सुन्दर फिनिसिङ गर्दै गोल गरिन्। खेलको ४३औँ मिनेटमा चन्द्राले ह्याट्रिक पूरा गरिन्। कप्तान दीपा राईले डिबक्समा दिएको पासमा उनले ह्याट्रिक पूरा गरेकी हुन्।



बलका लागि संघर्ष गर्दै आर्मी र गयेसपुरका खेलाडी।

खेलको ४४औँ मिनेटमा हेमाले आर्मीलाई ६-० को अग्रता दिलाइन्। विमला चौधरीले डिबक्सबाहिरबाट दिएको पासमा हेमाले हेडिङ गोल गरेकी हुन्। पहिलो हाफको अतिरिक्त समयमा सुक्रियाले ७-० को अग्रता दिलाइन्।

दोस्रो हाफमा चौधरीले गरिन् ह्याट्रिक

आर्मीले पहिलो हाफमा भारतीय टोलीमाथि दबाब राखेको थियो। गयेसपुरका खेलाडीले पहिलो हाफमा आर्मीविरुद्ध कमजोर डिफेन्स देखाए। मध्यान्तरपछि गयेसपुरले केही सुधारिएको प्रदर्शन गऱ्यो। डिफेन्समा सुधार हुँदा उसले दोस्रो हाफमा तीन गोल मात्र व्यहोरेको थियो। खेलको ४६औँ मिनेटमा हेमाले ह्याट्रिक पूरा गरिन्। विमला चौधरीले दिएको लङ पासमा डिबक्समा रहेकी हेमाले वान टचमै गोल गारिन्। खेलको ७९औँ मिनेटमा आर्मीका लागि जेनिफरले ९-० को अग्रता दिलाइन्। खेलको अन्तिम मिनेटमा दीपाले आर्मीको जित १०-० ले पक्का गरिन्। उनले पोस्टभन्दा ३० यार्डबाट चार डिफेन्डरलाई बिट गरेर उत्कृष्ट फिनिसिङ गरिन्। आर्मीकी चन्द्रा भण्डारीले म्यान अफ दी म्याच हुँदै १५ हजार रुपैयाँ पुरस्कार पाइन्। त्यस्तै, कतारमा रहेका तेक्वान्दोका पूर्वराष्ट्रिय खेलाडी ज्याकी चानले प्रोत्साहनस्वरूप नगद १५ हजार रुपैयाँ प्रदान गरे।

सेमिफाइनलका लागि तयार छौँ

● **राजु तामाङ**, प्रशिक्षक, आर्मी



यो खेलको नतिजा राम्रो भयो। जुन उद्देश्य लिएर प्रतियोगिता खेल्न आएका थियौँ पहिलो खुड्किलोमा नतिजा सकारात्मक आएको छ। विपक्षीका खेलाडी एकेडेमीका रहेछन्। उनीहरूले आफ्नो सक्दो खेल खेलेका हुन्। अब सेमिफाइनल खेलमा विभागीय डर्बी हुने सम्भावना छ। हामी खेल्न तयार छौँ। भर्खरै धरानमा विभागीय डर्बीमा एपिएफसँग सेमिफाइनलमा पराजित भएर आयौँ। योजनाअनुसार खेलाडीले खेल्न नसक्दा हार्न पुगेका थियौँ।

सकारात्मक अनुभव लिएर जाँदै छौँ

● **अमृता दास**, प्रशिक्षक, गयेसपुर



पहिलोपटक नेपालमा खेल्न आएका हौँ। हाम्रा लागि यो अवसर थियो। खेलमा हार र जित हुन्छ। यो हाम्रो पहिलो अनुभव रह्यो। विपक्षीले राम्रो खेल्यो। हाम्रा खेलाडीले पनि कोसिस गरे। यहाँबाट सकारात्मक अनुभव लिएर जाँदै छौँ। यो राम्रो प्रतियोगिता हो। हामीले दुई दिनको समयमा यो टिम तयार पारेका हौँ।

भारतीय महिला लिग चल्दै छ। हाम्रा राम्रा खेलाडी त्यहाँ खेलिरहेका छन्। हाम्रा धेरै खेलाडी यू-१७ का थिए। सिनियर खेलाडीसँग खेल्दा तालमेल हुन सकेन। अर्कोपटक राम्रो गर्ने कोसिस गर्छौँ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com